पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

**'सृजामाता'** लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) द्वारा रचिएको एक खण्डकाव्य हो । लगभग तीन दर्जन जति खण्डकाव्य लेख्न सफल देवकोटाका अन्य खण्डकाव्यहरूमा मुनामदन (१९९२), राजकुमार प्रभाकर (१९९२), लुनी (२००१), सीताहरण (२००३), मैना (२००४) आदि रहेका छन् ।

सृजामाता खण्डकाव्यमा प्रकृतिका अनेक पक्षलाई बिम्ब-विधानमा ढालेर प्रस्तुत गर्ने क्रममा स्वर्ग, पृथ्वी र पातलसँग जोडिएका समग्र ग्रिसेली पुराकथात्मक तथा वर्तमान प्रकृतिका अनेक पक्षलाई मानवीकरण गरिएको छ । यसमा पाँचवटा खण्डमा विभाजित १६ अक्षरको एक हरफ हुने झ्याउरे लोकलयको प्रयोग भएको छ र जसमा ३३७ वटा श्लोकहरू रहेका छन् ।

प्रस्तुत शोध सृजामाता खण्डकाव्यमा रसविधानको स्वरूप निरूपण गर्ने दिशातर्फ परिलक्षित छ । यसमा पूर्वीय साहित्यशास्त्रको महत्त्वपूर्ण काव्यतत्त्वको रूपमा मानिएको रसको सैद्धान्तिक पर्याधारमा केन्द्रित रही प्रयुक्त रसहरूको अध्ययन-विश्लेषण गरिने छ । पूर्वीय साहित्यशास्त्रका आचार्य भरतमुनिद्वारा इ.पू. प्रथम शताब्दीमा लेखिएको नाट्यशास्त्रकै स्पष्ट र प्रामाणिक व्याख्याबाट प्रारम्भ भएको रस सिद्धान्तमा आधारित विभाव, अनुभाव, व्यभिचारी भाव तथा स्थायी भाव जस्ता रससामग्रीका आधारमा सृजातामा प्रयुक्त रसहरूको निरूपण गरिएको छ ।

## १.२. शोध समस्या

लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित सृजामाता खण्डकाव्यमा रस परिपाक रहेको देखिन्छ । रस साहित्यको महत्त्वपूर्ण सिद्धान्त हो, जसलाई साहित्यको भावगत सौन्दर्यका रूपमा पनि लिन सकिन्छ । साहित्यको यसै सिद्धान्तमा आधारित रही यस कृतिको विश्लेषण गर्नु अध्ययनीय विषय हुन आउँछ । अतः यस खण्डकाव्यमा कुन रसको कुन अवस्थामा के-कसरी प्रयोग गरिएको छ भन्ने विषयलाई ध्यानमा राख्दै अन्वेषण गर्ने प्रयत्न गरिएको छ । 'सृजामाता' खण्डकाव्यमा रसविधान भन्ने मूल शीर्षकमा आबद्ध रही निम्नानुसारका उपसमस्याहरू रहेका छन् -

(क) सृजामाता खण्डकाव्यमा अङ्गी रसको प्रयोग के कसरी भएको छ ?

(ख) सृजामाता खण्डकाव्यमा के-कस्ता अङ्ग रसहरूको प्रयोग भएको पाइन्छ ?

## १.३ शोधको उद्देश्य

उपर्युक्त शोध समस्यामा केन्द्रित रहेर 'सृजामाता' खण्डकाव्यमा रसविधानको स्थिति पत्ता लगाउनु नै शोधको मूलभूत उद्देश्य रहेको छ । जसमा निम्नानुसारका उद्देश्यहरू रहेका छन् :-

(क) सृजामाता खण्डकाव्यमा प्रयुक्त अङ्गी रसको निरूपण गर्नु,

(ख) सृजामाता खण्डकाव्यमा प्रयुक्त अङ्ग रसहरूको निरूपण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

साहित्य क्षेत्रमा 'मुनामदन' खण्डकाव्य लिएर देखा परेका देवकोटाका कृतिहरूमा स्वच्छन्दतावादी भावधारा प्रवाहित भएको देखिन्छ । साहित्यका विविध फाँटमा कलम चलाएर चर्चित बन्न पुगेका देवकोटा एवम् उनका कृतिहरूका सन्दर्भमा समय-समयमा विभिन्न चर्चा-परिचर्चा भएको देखिन्छ । उनले अँगालेका लय, छन्द, आख्यानात्मक संरचना, गुणस्तर आदि विषयलाई लिएर उनका कृतिहरूको चर्चा गर्ने क्रममा निम्नानुसारका चर्चा गरिएका पाइन्छन् :

वासुदेव त्रिपाठी र ठाकुरप्रसाद पराजुलीले **'मैना' (सम्पा. २०३९)** मा यस खण्डकाव्यलाई गुणस्तरका दृष्टिबाट हेर्दा उच्च स्तरमा रहेको छ भनेका छन् । यस खण्डकाव्य सङ्ग्रहमा सृजामाता खण्डकाव्यको मूल पाठ अघिको सम्पादकीयमा द्वय वासुदेव त्रिपाठी र ठाकुरपसाद पराजुलीले सृजामाता खण्डकाव्य महाकवि देवकोटाले बनारस प्रवासकाल (२००४-२००६) मैं रचना गरेको खण्डकाव्य मानेका छन् । यस कृतिको बारेमा सम्पादक द्वयले आफ्ना विचारहरू निम्नानुसार राखेका छन् :

यसको मूल पाण्डुलिपिका सिरानमा 'सृजामाता' का साथै 'सुन्दरी प्रसर्पिणी' भन्ने वैकल्पिक नाम लेखिएका छन् । आमा 'सिरिजसँग' 'सृजामाता' र छोरी 'प्रोजर्पिना' सँग 'सुन्दरी प्रसर्पिणी' नाम सम्बन्धित देखिन्छन् । कविले प्रस्तुत काव्यमा प्रयोग गरेको सामग्रीको भित्री मर्म हेर्दाचाहिँ 'सृजामाता' नाम नै बढी सार्थक देखिन्छ । यस कव्यमा काव्यकारले नेपाली लोकछन्दकै प्रयोग गरेका छन् । यस काव्यमा ठाउँठाउँमा 'मुनामदन' कै जस्तो मार्मिकता प्रकट हुन्छ र यसलाई देवकोटाका खण्डकाव्यहरूमध्ये एक उत्कृष्ट खण्डकाव्यका रूपमा लिन सकिन्छ । प्राचीन ग्रिसको पुराकथामा टेकेर पनि नेपाली लोकलयमा आधारित मार्मिक काव्य विधानले गर्दा प्रस्तुत काव्य साह्रै नै मार्मिक प्रतीत हुन्छ । यसको 'अन्त्य खण्ड' चाहिँ काव्यात्मकभन्दा बढी वैचारिक व्याख्या जस्तो हुन आएको छ । सुकुमार लोकलयमा बहँदो कमलो काव्यका अन्त्यमा यतिको वैचारिक पुट दिने मोहबाट काव्यकार बन्न नसके पनि सुरुदेखि चतुर्थ खण्डसम्म चाहिँ यो खण्डकाव्य निकै प्रभावकारी पाइन्छ ।'

त्यसैगरी सम्पादक द्वयले मैना खण्डकाव्य सङ्ग्रहमा संकलित यस खण्डकाव्यको आख्यानात्मक, सूक्ष्माख्यानात्मक र आख्याननिरपेक्ष ढाँचामाथि टिप्पणी गर्ने क्रममा यो काव्य आख्यानमा आधारित छ भनेका छन् । त्यसैगरी प्रस्तुत सृजामाता नेपाली लोकलयमा आधारित छ भनेका छन् । साथै यसमा वात्सल्य र शृङ्गार रसको प्रतिस्पर्धा रहेको र करुण सञ्चारले त्यस प्रतिस्पर्धामा अझ पाइन चढाएको छ भन्ने अभिव्यक्ति पनि दिएका छन् । यसरी सम्पादक द्वयले सृजामाता खण्डकाव्यलाई आख्यान एवम् लोकलयमा आधारित, चतुर्थ खण्डसम्म ज्यादै प्रभावकारी रहेको एक उत्कृष्ट खण्डकाव्यको रूपमा लिएका छन् ।

कुमार बहादुर जोशीले **महाकवि देवकोटा र उनका महाकाव्य** (२०५४) को परिशिष्ट भागमा देवकोटाका प्रकाशित, अप्रकाशित खण्डकाव्यहरूको सूची प्रस्तुत गरेका छन् । यहाँ जोशीले सृजामाता खण्डकाव्य पाण्डुलिपिको रूपमा रहेको र पछि वासुदेव त्रिपाठी र ठाकुरप्रसाद पराजुलीले नेपाल प्रज्ञा प्रतिष्ठानबाट २०३९ मा यसको प्रकाशन गरेको कुराको सूचना मात्र दिएका छन् ।

कृष्ण गौतमले **देवकोटाका प्रबन्ध काव्य** (२०५६) मा सृजामाता खण्डकाव्यको विश्लेषण गर्ने क्रममा देवकोटाका काव्यमा संघर्ष नभई आँसु र विलाप हुने बताएका छन् । यसै सन्दर्भमा सृजामातामा पनि संघर्ष छैन, आँसु छ, अलिकति बिग्रन्छ र कुरो फेरि सजिलैसँग मिल्न आउँछ, प्रोजर्पिना केवल फूलजस्ती मात्र छन्, उनको आफ्नो दृढ व्यक्तित्त्व छैन । सृजामाता चाहिँदोभन्दा बढी रून्छिन्, देवी भएर पनि यमपुर जाने बाटो थाहा छैन भन्ने अभिव्यक्ति दिएका छन् । तरूनी छोरीले प्लुटोजस्तो व्यक्तिलाई पाउँदा उनी किन रिसाएकी ? मर्करीलाई हप्काउनु कुनै कारण देखिँदैन, अन्यत्र व्यक्त भएका विचार यहाँ पनि थुप्रिएका छन् । कतिपय विचार त अस्पष्ट तथा विरोधाभासीसमेत छन् भनेका छन् । काव्य लम्ब्याउनका लागि मात्र कविले उपदेश वर्णमा आफूलाई भुलाएका छन् भन्ने कुरालाई पनि यहाँ व्यक्त गरेका छन् । यहाँ उनले मुनामदन पहिलो राम्रो कृति, मायाविनी सर्सी दोस्रो राम्रो कृति र सृजामाता तेस्रो राम्रो कृति हो भन्ने मत व्यक्त गरेका छन् । आमाले अलिकति साहस देखाउनु यस काव्यको एउटा उपलब्धि नै मानिएला । छोरीमा भने न मुनाको जस्तो कुनै सिद्धान्त प्रकटीकृत भएको छ न त कुञ्जिनीको जस्तो दृढता नै । पिना एक राम्री, अल्लारे केटी हुन् जो लोग्नेसित मुग्ध भएर बस्न योग्य मात्र छन् भन्ने भनाइहरू पनि यहाँ व्यक्त भएका छन् ।

यसरी गौतमले प्रस्तुत खण्डकाव्यको सामान्य चर्चा गर्दै यहाँ कतिपय विचारहरू अस्पष्ट र विरोधाभासी रहेको, उपदेश वर्णन आवश्यक नरहेको र यस खण्डकाव्यलाई देवकोटाको तेस्रो राम्रो कृतिका रूपमा लिएका छन् ।

महादेव अवस्थी, **देवकोटाको खण्डकाव्यकारिता (विद्यावारिधि शोधप्रबन्ध) २०५६)**: मा तेस्रो चरणका खण्डकाव्यमा नौवटै रसलाई अङ्गी रसको रूपमा प्रयोग गरे पनि उनले सृजामाता खण्डकाव्यमा शृङ्गार रस नै अङ्गी रसको रूपमा प्रयोग गरेकाले अभिव्यक्तिमा ज्यादै सफलता प्राप्त गरेका छन् भनी भनेका छन् । देवकोटाले यस चरण (तेस्रो चरणमा) मा मायाविनी सर्सी जस्तो उच्तर श्रेणीको र मैना, सृजामाता एवम् झम्झावर्णनजस्ता उच्च श्रेणीका खण्डकाव्य रची आफ्नो खण्डकाव्य यात्रालाई अझ उर्ध्वमुखी गतिशीलता दिएको कुरालाई पनि अवस्थीले यस शोधप्रबन्धमा उल्लेख गरेका छन् । त्यसैगरी उनले देवकोटाका उपलब्ध जम्मा ३३ वटा खण्डकाव्यहरूमध्ये उच्चतर श्रेणीका दुईवटा (मुनामदन र मायाविनी सर्सी) उच्च श्रेणीका सातवटा (लुनी, कुञ्जिनी, सीताहरण मैना, सृजामाता, झञ्झावर्णन र नासमझको गाँठो), उच्च मध्यम श्रेणीका ६ वटा (राजकुमार प्रभाकर, रावणजटायुद्ध, वसन्ती एक, वसन्ती दुई, भ्यागुर नारान र घोडचढी) गरी जम्मा १५ वटा खण्डकाव्यहरू उत्कृष्ट देखिएबाट नेपाली खण्डकाव्य परम्परामा उनले दिएको गुणस्तरीय योगदानको परिधि पनि उच्च किसिमको रहेको देखापरेको छ भनी भनेका छन् ।

यहाँ अवस्थीले सृजामाता खण्डकाव्यलाई उच्च श्रेणीका सातवटा खण्डकाव्यहरूमध्येको एक खण्डकाव्यको रूपमा लिएका छन् साथै उच्चतर, उच्च र उच्च मध्यममा १५ वटा खण्डकाव्यलाई समाहित गरी देवकोटाले खण्डकाव्यको क्षेत्रमा दिएको योगदान महत्त्वपूर्ण रहेको कुराको अभिव्यक्ति दिएका छन् ।

महादेव अवस्थीले नै **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता** (२०६१) मा सृजामाताका सम्बन्धमा विश्लेषण गर्ने क्रममा यसलाई खण्डकाव्यका श्रेणीमापन सम्बन्धी आधारमा हेरी लमाइ र गहिराइको आयामको पुष्टता र लय, भाव, बिम्बालङ्कार व्यञ्जनादिका समष्टिमा आधारित कवित्त्वशक्ति प्रभावकारी रहेको स्थिति बताएका छन् । त्यसैगरी यसको आख्यानात्मक कविता संरचना प्रभावकारी नै रहेको अनि अन्त्यमा केही अनियन्त्रित बन्न पुगेको छ भनेका छन् । यिनै आधारमा उनले यो काव्यलाई उच्च श्रेणीको खण्डकाव्य मानेका छन् ।

विषयवस्तु र शीर्षकका बीचमा सामञ्जस्य रहेको भाषाशैलीमा सरलता-सघनता, भावव्यञ्जकता, आख्यानात्मक वर्णनात्मक अप्रत्यक्षय कथनात्मकता जस्ता विशेषता रहेको र यिनै विशेषताले गर्दा यसको भाषाशैली रोचक एवम् प्रभावकारी भएको छ भन्ने कुरा उनले बताएका छन् ।

यसरी प्रस्तुत ग्रन्थमा महादेव अवस्थीले सृजामातामा सरल भाषाशैली, आयाममा पुष्टता रहँदारहँदै पनि अन्त्य भागमा केही अनियन्त्रित रहेको देखिनेजस्ता कुरा बताउँदै संरचना पक्षमा जोड दिएका छन् ।

महादेव अवस्थी, **'खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटा र सृजामाता खण्डकाव्य'** (२०६५) मा महादेव अवस्थीले नै यस खण्डकाव्यको निम्नानुसार चर्चा गरेका छन् :- देवकोटाका खण्डकाव्यात्मक प्रवृत्ति, योगदान र स्थानका बारेमा चर्चा गर्दै सृजामाता खण्डकाव्यको पनि विश्लेषण गरेका छन् । यहाँ खण्डकाव्यको शीर्षकविधान, आख्यानात्मक संरचना (आरम्भ भाग, विकास भाग, चरमोत्कर्ष भाग, प्रतिचरमोत्कर्ष भाग र उपसंहार भाग) पात्रविधान, परिवेशविधान, भावविधान, विचार, लयविधान आदिका बारेमा चर्चा गरेका छन् । त्यस्तै उनले यस खण्डकाव्यमा वात्सल्य, शृङ्गार, करुण, भय, क्रोध, रहस्य, हास्यव्यङ्ग्यजस्ता विविध रसभावलाई मूल आख्यानसँग समन्वित गरी मिश्रित रूपमा व्यक्त गरेका छन् र वात्सल्यगर्भित शृङ्गार रसलाई अङ्गी रस बनाएका छन् भनी रससम्बन्धी विस्तृत विश्लेषण नगरे पनि रससम्बन्धी थोरै प्रसङ्ग भने ल्याएका छन् ।

यसरी 'सृजामाता' खण्डकाव्य सम्बन्धमा भएका पूर्वकार्यहरूलाई हेर्दा यसको सामान्य जानकारी दिने, खण्डकाव्यका आधारमा देवकोटाको खण्डकाव्यहरूको विभाजन गर्ने क्रममा सृजामाताको स्तर निर्धारण गर्ने, सृजामाताको मूल पाण्डुलिपिको बारेमा चर्चा- परिचर्चा गर्ने जस्ता टीका-टिप्पणी मात्र भएका देखिए पनि रस सिद्धान्तको आधारमा प्रस्तुत कृतिको अध्ययन विश्लेषण भएको देखिँदैन । अतः प्रस्तुत खण्डकाव्यको सम्बन्धमा भएका पूर्वकार्यहरूका पाटाहरूलाई अझ गहन र परिपुष्ट बनाई सृजामाता खण्डकाव्यको अध्ययन विश्लेषणमा नवीनता थप्नका लागि रस सिद्धान्तको आधारमा प्रस्तुत कृतिको अध्ययन विश्लेषण गर्नु महत्त्वपूर्ण हुन आउँछ ।

## १.५ शोधको महत्त्व तथा औचित्य

देवकोटाद्वारा रचित 'सृजामाता' खण्डकाव्यलाई विभिन्न आधारमा अध्ययन-विश्लेषण गरिएको पाइन्छ तर रस सिद्धान्तको आधारमा भने व्याख्या-विश्लेषण गरिएको पाइँदैन । अतः रसविधानका दृष्टिले प्रस्तुत खण्डकाव्यको अध्ययन, विश्लेषण गर्नु यस शोधको प्राज्ञिक महत्त्व रहेको देखिन्छ र यस शोधकार्यबाट नेपाली काव्य अध्ययनको क्षेत्रमा देखिएका सैद्धान्तिक तथा व्यावहारिक समस्यालाई पूर्ति हुने हुँदा यस शोधको महत्त्व तथा औचित्य रहेको छ । त्यसैगरी यसबाट नेपाली साहित्यका पाठकहरू, अनुसन्धाता, शिक्षक र अन्य सम्बद्ध प्राज्ञिक व्यक्तिहरू पनि लाभान्वित हुने देखिन्छ ।

## १.६ शोधविधि

प्रस्तुत शोधकार्यमा निम्नानुसारका विधिहरूको प्रयोग गरिएका छन्:

### १.६.१ सामग्री सङ्कलन विधि

'सृजामाता खण्डकाव्यमा रसविधान' मा आधारित शोधकार्यलाई अगाडि बढाउने क्रममा धेरैजसो पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत देवकोटाद्वारा रचित 'सृजामाता' खण्डकाव्यलाई मुख्य विश्लेष्य सामग्रीका रूपमा लिइएको छ र सैद्धान्तिक अध्ययनका निम्ति भरतमुनिको नाट्यशास्त्र, विश्वनाथको 'साहित्यदर्पण' जस्ता रससम्बन्धी सिद्धान्तको व्याख्या विश्लेषण गरिएका ग्रन्थहरूलाई आधार लिइएको छ। यसका साथै द्वितीयक स्रोतअन्तर्गत पूर्वकार्यमा सङ्कलित सृजामाताको व्याख्या-विश्लेषण गरिएका कृतिहरूलाई पनि आधार बनाइएको छ।

### १.६.२ विश्लेषणको ढाँचा

संस्कृत साहित्यका विभिन्न सिद्धान्तमध्ये रस पनि एक महत्त्वपूर्ण सिद्धान्त हो । अतः प्रस्तुत शोधकार्यमा रससिद्धान्तको मान्यतालाई आधार बनाएर सृजामातामा प्रयुक्त रसविधानको स्थितिको विवेचना गरिएको छ । परिच्छेद तीनमा अङ्गी एवम् परिच्छेद चारमा अङ्ग रसको विश्लेषण गर्ने क्रममा यहाँ निम्नानुसारका रस सामग्रीका आधारहरू अँगालिएको छ :

#### १.६.२.१ विभाव

साहित्यिक कृति वा नाटकबाट दर्शक वा पाठकका मनमा प्रेम, शोक, उत्साह, विस्मय, हाँसो, भय, क्रोध, निर्वेद आदि भावहरूको आस्वादनलाई उमार्ने वा उजागर गर्ने तत्त्व विभाव हो जसलाई भाव सम्प्रेषणको माध्यम पनि भनिन्छ। आलम्बन र उद्दीपन गरी विभाव दुई किसिमका हुन्छन्। आलम्बन विभावअन्तर्गत नरनारी आदि वर्णनीय विषय पर्दछन् भने उद्दीपनअन्तर्गत रस र भावलाई उजागर गराउने आलम्बनका चेष्टा र देशकाल, परिवेश पर्दछन् । जस्तैः बाजाका ध्वनि, ताल, वाणी, गीत, विपरीत चरित्रका नर्तकका द्वन्द्व आदि ।

#### १.६.२.२ अनुभाव

आलम्बन र उद्दीपनका कारण शरीरका विभिन्न अङ्ग र चेष्टाका माध्यमबाट प्रस्तुत गर्ने भाव नै अनुभाव हो। यो आङ्गिक, सात्त्विक, मानसिक र आहार्यका रूपमा साहित्यमा देखापर्दछ। विभिन्न मुद्रा एवम् उपाङ्गका चेष्टाबाट निस्कने भाव आङ्गिक अनुभाव, डर, शोक र उत्साहबाट शरीरमा आउने विकृति सात्त्विक अनुभाव, आवाज, कम्पन र स्वरभङ्गका रूपमा देखापर्ने भाव

मानसिक अनुभाव र नर्तकका पोसाक, आभूषण, शस्त्रास्त्रबाट निस्कने भाव आहार्य अनुभाव हुन् । अनुभावको संख्याको सन्दर्भमा मतक्यैता नपाइए पनि समग्रमा यसलाई चार प्रकारमा विभाजन गरिएको छ जसमा आङ्गिक, सात्त्विक, आहार्य र मानसिक पर्दछन् ।

### १.६.२.३ व्यभिचारी/सञ्चारी भाव

स्थायी भावलाई उकास्न सहयोगीका रूपमा आउने अस्थायी भाव व्यभिचारी भाव हुन् जुन क्षणिक रूपमा देखापर्ने र हराउने खालका हुन्छन् । जस्तैः निर्वेद, आवेग, दैन्य आदि ।

### १.६.२.४ स्थायी भाव

सुरुदेखि अन्त्यसम्म स्थायी रूपमा रहिरहने चित्तवृत्तिलाई स्थायी भाव भनिन्छ । स्थायी भाव रति, उत्साह, शोक, विस्मय, क्रोध, हाँसो, घृणा, भय र शम गरी नौवटा हुन्छन् र यिनै भावको उपस्थितिले रस निर्धारणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

माथि प्रस्तुत गरिएका यिनै रससामग्रीका आधारमा साहित्यमा वर्णित पात्रहरूमा रस निष्पत्ति भई पाठक वा श्रोतामा पनि साधारणीकरण मार्फत रस निष्पत्ति हुन्छ । अतः प्रस्तुत खण्डकाव्यमा पनि माथि उल्लिखित रससामग्रीको आधारमा कसरी, कुन अवस्थामा कुन रसको प्रयोग भएको छ भनी अध्ययन विश्लेषण गरिएको छ । त्यसैगरी विविधि स्रोतबाट प्राप्त सामग्रीहरूको अवलोकन, विश्लेषण तथा सत्यापनका लागि आवश्यकतानुसार निगमनात्मक विधिको प्रयोग गरिएको छ र व्याख्या विश्लेषणका क्रममा वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

### १.६.२.५ साधारणीकरण

भरतको रससूत्रको व्याख्या गर्ने क्रममा साधारणीकरण सिद्धान्त आएको हो । यस क्रममा भट्टनायक, अभिनव गुप्त आदि देखापरेका छन् । भट्टनायकले अभिधा, भावकत्त्व र भोजकत्त्व व्यापारका माध्यमबाट साधारणीकरण भई रसको आस्वादन हुन्छ भनेका छन् । भट्टनायककै अभिव्यक्तिलाई स्वीकार्दै थप व्याख्या क्रममा अभिनव गुप्तले सर्वप्रथम अभिधा व्यापारले काव्यमा सामान्य अर्थको बोध गराउँछ, त्यसपछि व्यञ्जनावृत्तिका माध्यमबाट विभावन भई साधारणीकरण हुन्छ । विभावन भनेको रति आदि विभावलाई आस्वादन योग्य रूप प्रदान गर्नु हो । यस अन्तर्गत अनुभावन र व्यभिचरण पनि पर्दछन् ।

भावको साधारणीकरण भई व्यक्तिविशेषको सम्बन्ध अलग्याएर स्व र परको विभेद हट्दै जाँदा साधारणीकरण हुन्छ अर्थात् विशेष नायक-नायिकाको स्थिति सामान्य पाठकको स्थितिसँग समान हुन्छ र साधा हुन्छ (शर्मा, लुइटेल, २०६१: ५२) ।

### १.७ सीमाङ्कन

प्रस्तुत शोधकार्यका निमित्त देवकोटाद्वारा रचित खण्डकाव्यहरूमध्ये 'सृजामाता' खण्डकाव्यलाई मात्र अध्ययनको क्षेत्र भित्र राखिएको छ । यसका साथै यहाँ यस खण्डकाव्यलाई रस सामग्री अन्तर्गत रहेका विभाव अनुभाव, व्यभिचारी भाव र स्थायी भावका साथै साधारणीकरणका आधारमा प्रयुक्त रसहरूको अध्ययन-विश्लेषण गरिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

१. पहिलो परिच्छेद : शोधपरिचय

२. दोस्रो परिच्छेद : रस सिद्धान्तको परिचय

३. तेस्रो परिच्छेद : सृजामातामा प्रयुक्त अङ्गी रस

४. चौथो परिच्छेद : सृजामातामा प्रयुक्त अङ्ग रसहरू

५. पाँचौं परिच्छेद : उपसंहार

# दोस्रो परिच्छेद
# रस सिद्धान्तको परिचय

## २.१ रसको संक्षिप्त परिचय

संस्कृत समालोचना सिद्धान्तका विभिन्न वाद तथा सिद्धान्तहरूमध्ये रससिद्धान्त पनि एक सिद्धान्तका रूपमा देखापर्दछ । 'रस' शब्दलाई अर्थ्याउने कार्य वैदिक कालदेखि नै भएको पाइन्छ । संस्कृतको 'रस' धातुबाट निर्मित रस शब्दको अर्थ 'रसस्यते आस्वाद्यते इति रसः' हुन्छ । अर्थात् जुन वस्तुको आस्वादन गर्न सकिन्छ त्यसलाई नै रस भनिन्छ । यस शब्दले भिन्न-भिन्न सन्दर्भमा भिन्न-भिन्न अर्थ दिए पनि साहित्य क्षेत्रमा यसलाई रचना विशेषबाट पाइने आनन्दको रूपमा लिइन्छ ।

रस शब्दलाई निम्नानुसार अर्थ्याउने गरिन्छ -

(क) पदार्थको वा षड्रसको रूपमा जस्तैः- अमिलो, तीतो, पीरो, नुनिलो, गुलियो र टर्रो ।

(ख) आयुर्वेदको औषधरसायनका रूपमा जस्तै : शक्ति प्रदान गर्ने विभिन्न जडीबुटी औषधीहरू

(ग) साहित्यिक रस जस्तै शृङ्गार, करुण, हास्य आदि ।

यसरी 'रस' शब्दलाई विभिन्न अर्थको रूपमा बुझिए पनि साहित्यिक क्षेत्रमा यसले दिने अर्थ माथिको नम्बर 'ग' सँग सम्बन्धित छ जुन मानवहृदयसँग सम्बन्धित छ । चलनचल्तीमा यसको अर्थ झोल वा तरल पदार्थ बुझिए पनि साहित्यमा भने काव्यबाट पाठक वा दर्शकको मनमा/हृदयमा उत्पन्न हुने एक किसिमको आनन्दानुभूति हुन्छ ।

पूर्वीय साहित्यशास्त्रको आधारशिला मानिएको रससिद्धान्त सबैभन्दा प्राचीन, उर्वर एवम् प्रमुख सम्प्रदायका रूपमा स्थापित रहेको छ । इसापूर्व पहिलो शताब्दीमा संस्कृत साहित्यका आचार्य भरतमुनिबाट यसको प्रवर्तन भएको हो । यिनीभन्दा अगाडि नै रस सिद्धान्तका बारेमा विभिन्न चर्चा-परिचर्चाहरू भए पनि यसलाई व्यवस्थित र प्रामाणिक रूपमा स्थापित गर्ने कार्य भने भरतले आफ्नो 'नाट्यशास्त्र' बाट गरेका हुन् । नाट्य विधाकै सन्दर्भमा रसको उत्पत्ति प्रक्रियालाई उनले यसरी सूत्रबद्ध गरेका छन् -

"विभावानुभावव्यभिचारीसंयोगाद्रसनिष्पत्ति ।" (भरत, २५४: १०८)

उनको यस सूत्रानुसार विभाव, अनुभाव, व्यभिचारीभावको संयोगबाट रसको उत्पत्ति हुन्छ । उनको यही सूत्र नै पूर्वीय काव्यचिन्तनको परम्परामा उद्‌भव तथा रसवादको मूल बीजको रूपमा रहेको देखिन्छ ।

वास्तवमा रसले साहित्यिक रचनाविशेषबाट प्राप्त हुने आनन्दलाई बुझाउँछ । काव्य पढ्दा वा नाटक/नृत्य हेर्दा पाठक एवम् दर्शकका हृदयमा पर्ने स्थायी प्रभाव नै रस हो जसलाई भावगत सौन्दर्यका रूपमा लिइन्छ र रसले पाठक वा दर्शकका मनमा मानसिक प्रभाव पार्दछ ।

## २.२ रसको परिभाषा

संस्कृत साहित्यको प्राणतत्त्वका रूपमा रहेको रससिद्धान्तको उद्भव भरतको नाट्यविधाको सन्दर्भबाट भए पनि साहित्यको जुनसुकै विधामा पनि यो सिद्धान्तको प्रयोग रहेकै देखिन्छ । रस धातुमा कर्मवाच्य (रस+अ=अच् प्रत्यय) को प्रयोगबाट बनेको रस शब्दको अर्थ आस्वादनको विषय वा पदार्थ हुन्छ । संस्कृत साहित्यमा महत्त्वपूर्ण रूपमा स्वीकारिएको यस सिद्धान्तलाई रसवादी आचार्यहरूले विभिन्न किसिमले परिभाषित गरेका छन् -

“विभाव, अनुभाव, व्यभिचारी भाव, स्थायी भाव सबैको सामूहिक सामेल भएकाले प्रत्येकको अनुभूतिभन्दा विलक्षण जो अपूर्व आनन्दमय विशिष्टानुभूति हुन्छ, त्यही रस हो” (सिग्द्याल, २०२८: १) ।

“शब्द अर्थद्वारा विभावादिको संयोगबाट अभिव्यक्त भएर आस्वादनको विषय बन्ने व्यङ्ग्यार्थमय आल्हाद विशेष नै रस हो” (उपाध्याय, २०६७: २४) ।

“काव्य पढ्दा अथवा नाटक हेर्दा पाठक वा दर्शकमा एक किसिमको भाव जागृत हुन्छ र एक किसिमको आनन्दको अनुभव पनि तिनीहरूलाई हुन्छ । यही भाव रसको रूपमा परिणत भएको हुन्छ । यसैले यस्तो अवस्थाको स्थायी भाव नै रस हो” (अधिकारी, २०३१: २५) ।

विश्वनाथ - “विभावेनानुभावेन व्यक्त : संचारिणा तथा ।
रसतामेति रत्यादिः स्थायी भावः सचेतसाम् ।”

(विश्वनाथ, सन् १९७६: २३)

(सहृदयका हृदयमा वासनाका रूपमा रहेका रति आदि स्थायी भाव, कवि वर्णित विभाव, अनुभाव र व्यभिचारीभावसंचारीभावद्वारा अभिव्यक्त भएपछि प्रवाहित हुने आनन्द नै रस हो ।)

केशवप्रसाद उपाध्यायले नै पूर्वीय साहित्य सिद्धान्त भन्ने ग्रन्थमा रसलाई अझै महत्त्व दिँदै यसो भनेका छन् -

“हाम्रो मानसमा संस्कार रूपमा अवस्थित कुनै चित्तवृत्तिलाई उद्बुद्ध पारेर हामीलाई हार्दिक परितोष प्रदान गर्न सक्दैन भने त्यसले हाम्रो अन्तस्करणलाई छुन पनि सक्दैन । त्यस्तै चित्तवृत्ति वा संवेदनविशेषकै सर्वजन संवेद्य सात्त्विक र निर्मल रूप रस हो तब रसलाई काव्यको आत्मा मान्नु उचितै छ” (उपाध्याय, २०६७: २१) ।

यसरी विभिन्न विद्वान्हरूले रसलाई विभिन्न ढङ्गले परिभाषित गरेका छन् । भरतमुनिले नाटकका सन्दर्भमा रसको आवश्यकताको चर्चा गरेका छन् । उनले साहित्यको उद्देश्य नै रसनिष्पत्ति हो भनी नाटकलाई पञ्चमवेद भनेका छन् । भरतले रससूत्र प्रतिपादन गरेपछि त्यसमा विभिन्न विद्वान्हरूले खण्डन-मन्डन गर्दै साहित्यमा कुनै न कुनै रूपमा रसको आवश्यकता पर्ने कुरालाई स्वीकार गरेका छन् । भिन्न-भिन्न ढङ्गबाट रससम्बन्धी व्याख्या-विश्लेषण गरेको पाइए पनि निष्कर्षमा कुनै कृति पढेपछि वा नाटक हेरेपछि विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायी भावपश्चात् भावकको मनमा उत्पत्ति हुने आनन्दानुभूति नै रस हो, जुन भावको निर्विकार अवस्था हो र जसले भावकलाई पछिसम्म आनन्दित तुल्याउँछ ।

## २.३ रसका विधायक तत्त्व

रस निर्माण गर्नको लागि आवश्यक पर्ने तत्त्वलाई रसका विधायक तत्त्व वा रससामग्री भनिन्छ । रससामग्रीको चर्चा भरतमुनिले 'नाट्यशास्त्रमा' गरेका छन् । उनले 'विभावानुभावव्यभिचारीसंयोगाद्रसनिष्पत्ति' भनी रससामग्रीको व्याख्या गरेका छन् । 'लौकिक जीवनमा रति, शोक, क्रोध आदि चित्त वृत्तिहरूको प्रकाशनका लागि जुन माध्यमहरूको आश्रय लिइन्छ ती कारण,कार्य र सहकारी कहलाउँछन् । तिनै कार्य, कारण सहकारीलाई श्रव्य र दृष्य काव्यमा प्रस्तुत गरिँदा तिनको नाम क्रमशः विभाव, अनुभाव र सञ्चारी/व्यभिचारी भाव हुन जान्छ । तिनै विभाव आदिबाट अभिव्यक्ति हुने स्थायी भाव रस कहलाउँछ (उपाध्यायः २०६७, पृ. २६-२७) ।

भरतमुनिको नाट्यशास्त्रमा उल्लेख भएअनुसार रससामग्रीहरू निम्नानुसार छन् -

### २.३.१ विभाव

कुनै पनि व्यक्तिको हृदयमा स्थायी रूपमा रहेको वासनात्मक संस्कारहरूलाई उदीप्त गराउने तत्त्व नै विभाव हो अर्थात् दर्शक अथवा पाठकको मनमा अवस्थित रति, शोक, प्रेम, भय, क्रोध, निर्वेद आदि भावहरूको आस्वादनरूपी अङ्कुरलाई उमार्ने रस सामग्री अर्थात् तत्त्वलाई विभाव भनिन्छ । भरतले नाट्यशास्त्रमा उल्लेख गरेअनुसार विभाव भन्नाले अनेक किसिमको अभिनयद्वारा रसलाई भावित गर्ने तत्त्वलाई बुझिन्छ ।

कुनै पनि साहित्यिक कृतिमा प्रस्तुत गरिएका पात्रहरू वा प्रेमीप्रेमिका जसले सहृदयीको हृदयमा स्थायी रूपमा रहेको वासनात्मक भावना विकसित गराउने गर्दछन्, तिनीहरू विभाव अन्तर्गत पर्दछन् । विभाव दुई किसिमका छन् -

(१) आलम्बन विभाव र (२) उद्दीपन विभाव

**आलम्बन विभाव** : यस विभावअन्तर्गत नर-नारी आदि वर्णनीय विषय पर्दछन् र जहाँ रस उद्दीप्तिका लागि भावले ती वस्तु वा व्यक्तिको आश्रय लिएको हुन्छ । आलम्बन विभावका पनि दुई भेद छन् - विषयालम्बन र आश्रयालम्बन । जुन व्यक्ति वा पात्रलाई देखेर वासनात्मक स्थायी भावको अङ्कुरण हुन्छ त्यो विषयालम्बन र जसमा स्थायी भाव उत्पन्न हुन्छ, त्यो आश्रयालम्बन अन्तर्गत पर्दछ । जस्तैः नायिकाको सौन्दर्य देखेर नायकमा प्रेमभाव उत्पन्न भयो भने नायिका विषयालम्बन र नायक आश्रयालम्बन हुन्छ ।

**उद्दीपन विभाव** : 'स्थायी भावलाई उद्दीप्त पार्ने वा उकास्ने कारणलाई उद्दीपन विभाव भनिन्छ (शर्मा, लुईटेल, २०६१: ४५) । कुनै पनि परिवेश, दृश्य, स्थान, समय, एकान्त स्थल, रूप, गुण, चन्द्रमा, उपवन, भ्रमर, प्राकृतिक सुन्दरता नर्तकका द्वन्द्व,बाजाका ध्वनि, ताल, गीत आदि उद्दीपन विभावअन्तर्गत पर्दछन् । यो भिन्न-भिन्न रसमा भिन्न-भिन्न किसिमको हुन्छ । जस्तैः करुण रसमा मृतकको लास, प्रियजनको सम्झना आदि यस अन्तर्गत पर्दछन् ।

## २.३.२ अनुभाव

संस्कृत व्याकरणअनुसार अनुभाव शब्द अनु+भाव शब्द मिलेर बनेको छ । यसको व्युत्पत्तिगत अर्थ भावको अनुभाव गराउनु वा स्थायी भावलाई उद्दीप्त गरेर रसबोधमा पुऱ्याउनु हुन्छ । 'उत्पन्न भाव व्यक्त गर्ने चेष्टाहरूलाई अनुभाव भनिन्छ । जस्तै स्वेद, कम्प, रोमाञ्च, स्वरभङ्ग, विभ्रम, तपन, मौग्ध्य, विक्षेप, कुतुहल, चकित आदि अनुभाव हुन्' (शर्मा र लुइटेल, २०६१:. ४५) ।

"जसले वास्तविक जीवनमा सीता आदि र चन्द्र आदि आ-आफ्नो आलम्बन र उद्दीपनका कारणहरूद्वारा राम आदिका मनमा जागेका रति आदि स्थायीभावहरूलाई प्रकाशमा ल्याएर कार्यको संज्ञा पाउँदछन् ती नै काव्य र नाटकमा अनुभाव कहिन्छन्" (उपाध्याय, २०६७: २९) ।

आलम्बन र उद्दीपन विभावका कारणबाट उत्पन्न भएका भावहरूलाई शरीरका अङ्ग र चेष्टाका माध्यमबाट क्रियात्मक रूपमा प्रस्तुत गर्नु अनुभाव हो । यस्तो भाव विभिन्न किसिमका अभिनय, भेषभूषा, उपाङ्गको चेष्टादिबाट व्यक्त हुन्छ । यसका प्रकारका सम्बन्धमा मतैक्यता नरहे पनि भरतको नाट्यशास्त्रकै आधारमा अनुभावलाई चार किसिममा विभाजन गर्न सकिन्छ (भरत, २०५४: २१) ।

### २.३.२.१ कायिक अनुभाव

बाह्य शारीरिक क्रियाकलापको माध्यमबाट स्थायी भाव निष्पत्ति हुन्छ भने त्यो कायिक/आङ्गिक अनुभाव हुन्छ । शरीरका विभिन्न अङ्गहरू मार्फत यो अनुभाव व्यक्त हुन्छ । जस्तैः

| स्थायी भाव | कायिक अनुभाव |
|---|---|
| रति | चुम्बन गर्नु, अङ्कमाल गर्नु, सुम्सुम्याउनु आदि । |
| शोक | रुनु, अनुहार बिग्रनु, छाति पिट्नु आदि । |
| हाँसो | खित्का छोडेर हाँस्नु, लडीलडी हाँस्नु,पेट मिचेर हाँस्नु । |
| क्रोध | दाह्रा किट्नु, पाखुरा सुर्कनु, अनुहार रातोपिरो हुनु आदि । |
| उत्साह | मुठ्ठी कस्नु, अनुहार उज्यालो देखिनु आदि । |
| निर्वेद | विभिन्न आसन गर्नु, आँखा चिम्लनु आदि । |
| जुगुप्सा | नाक थुन्नु, थु-थु गर्नु आदि । |
| विस्मय | आँखा छोप्नु, जिभ्रो टोक्नु आदि । |
| भय | शरीर काँम्नु, आँखा छोप्नु आदि । |

(श्रेष्ठ, २०६२: ९३)

### २.३.२.२ सात्त्विक अनुभाव

डर, शोक, क्रोध, उत्साह, विस्मय आदि भावबाट शरीरमा आउने विकृतिहरू जस्तैः आँसु आउनु, स्वरभङ्ग हुनु आदि सात्त्विक अनुभावअन्तर्गत पर्दछ । भरतले सात्त्विक भाव आठ प्रकारका बताएका छन् (भरत, २०५४: २२) :-

(१) स्तम्भ : भय, हर्ष, रोग आदिका कारण चेष्टामा प्रतिघात हुनु वा शरीरको व्यापार रोकिनु,

(२) रोमाञ्च (शरीरका रौं ठाडा-ठाडा हुनु) : हर्ष, विष्मय, भय आदिका कारणले शरीरमा जिरिङ्ग भई रौं ठडिनु रोमाञ्च अनुभाव हो ।

(३) स्वेद (पसिना) : गर्मी, परिश्रम वा रतिप्रसङ्गका कारणबाट शरीरमा पसिना निस्कनु स्वेदभावअन्तर्गत पर्दछ ।

(४) स्वरभङ्ग (गलामा अवरोध आउनु) : हर्ष, पीडा, मद्यपान आदिका कारणबाट गला अवरूद्ध हुनु स्वरभङ्ग हो ।

(५) वेपथु (काम्नु) : ईर्ष्या, क्रोध, अनुराग आदिका कारण शरीर काम्नु वेपथु हो ।

(६) वैवर्ण्य (वर्ण विकार) : मद, रोष, विषाद आदिका कारण अनुहारमा विकार आउनु वैवर्ण्य हो ।

(७) प्रलय (वेहोस) : सुख वा दुःखमा डुबेर चेष्टाशून्य वा ज्ञानशून्य हुनु प्रलय हो ।

(८) अश्रु : हर्ष, दुःख आदिका कारणले गर्दा आँखाबाट आँसु आउनु अश्रु भाव हो ।

**२.३.२.३ आहार्य अनुभाव**

विभावको रूपमा उपस्थित वस्तु, पात्रहरूको शारीरिक बनोट, लवाइ, वस्त्र, आभूषण आदि नै आहार्य अनुभाव अन्तर्गत पर्दछ अर्थात् विविध पोशाक नै आहार्य अनुभाव हो ।

**२.३.२.४ मानसिक अनुभाव**

पात्रको मनमा विभावका कारण उत्पन्न मनोदशालाई बाह्य रूपमा प्रकट गराउने वाचिक चेष्टा नै मानसिक अनुभाव हो । यो अनुभाव स्थायी भाव अनुसार नै भिन्न भिन्न प्रकारका हुन्छन् ।

**२.३.३ व्यभिचारी/सञ्चारी भाव**

वि र अभि उपसर्ग लागि चर धातुबाट व्यभिचारी शब्दको निर्माण हुन्छ । क्षणमा देखिने र क्षणक्षणमा नै हराउने व्यभिचारी भाव विभाव र अनुभावका आधारलाई पुष्टि गर्नको लागि आउने गर्दछ । यसले भावनाको सञ्चार गर्ने कार्य गर्दछ ।

'जलतरङ्गजस्तै यो अस्थिर मनोविकार या चित्तवृत्तिका रूपमा विषय र आश्रय दुवै आलम्बनमा रहन्छ । यसले स्थायी भावलाई रसास्वदनका अवस्थामा पुऱ्याउन सहयोग गर्ने हुँदा यसलाई सहकारी कारणका रूपमा लिइन्छ" (पौडेल, २०५७: ११९) ।

'विभाव र अनुभावको तुलनामा व्यभिचारी भाव रस निकट हुने भए तापनि व्यभिचारी भाव अस्थायी जस्ता हुन्छन् । यी पानीकाफोका झैँ क्षणिक रूपमा उठ्ने र फुट्ने, दबिने हुन्छन्' ( उपाध्याय, २०६१: ३०) ।

भरतको नाट्यशास्त्रानुसार व्यभिचारी भाव ३३ किसिमका रहेका छन् (भरत, २०५४: १०७) :

(१) निर्वेद : (घृणा, अपमान, जुगुप्सा आदिबाट वितरागी हुनु) :ईर्ष्या, दुःख, आपत्ति आदिबाट आफूलाई धिक्कार्नु निर्वेद भावअन्तर्गत पर्दछ । जस्तैः चिन्ता, आँसु, निःश्वास, विवर्ण आदि ।

(२) आवेग (वैचैनी, चिन्ता, उत्तेजना): असंयमित अवस्थाबाट उत्पन्न भाव आवेग हो । जस्तैः

- वर्षज आवेग : वर्षाका कारणबाट उत्पन्न आवेग, जस्तैः अङ्ग-प्रत्यङ्गहरू लुला र संकुचित हुनु ।
- उत्पादन आवेग : उत्पादनबाट शरीरमा शिथिलता आउनु उत्पादज आवेग हो ।
- राजविद्रवज आवेग : राजा, शत्रु आदिको आक्रमणबाट उत्पन्न आवेग राजविद्रवज आवेग हो । जस्तैः शस्त्रास्त्रको तयारी ।
- राजादिजन्य आवेग : जङ्गली हिंसक जनावरबाट उत्पन्न आवेग राजादिजन्य आवेग हो । जस्तै स्तम्भ, कम्प आदि ।
- वायुज आवेग : हावाका कारणबाट उत्पन्न आवेग वायुज आवेग हो । जस्तै हावा, हुरी आदिबाट व्याकुलता आउनु ।
- इष्टज आवेग : इष्टप्राप्तिबाट उत्पन्न हुने आवेग इष्टज आवेग हो । जस्तैः हर्ष ।

(३) दैन्य (दयनीय अवस्था, दुर्दशा) : कुनै पनि चिन्ता, शोक आदिका कारण दीन, दुःखी भाव व्यक्त हुनु दैन्य भाव हो ।

(४) मद (मादकता) : मध्यपान एवम् नशालु पदार्थको सेवनबाट उत्पन्न हुने संमोह र आनन्दको अवस्था मद हो । जस्तैः क्षणमा गाउने, क्षणमा नै रूने, कराउने, हाँस्ने आदि ।

(५) श्रम : रतिप्रसङ्ग वा अन्य कुनै परिश्रमका कारण उत्पन्न हुने भाव श्रमभाव हो । जस्तैः श्वासप्रश्वास बढ्नु, निद्रां पर्नु आदि ।

(६) जड्ता : एक्कासी किंकर्तव्यविमूढको अवस्था आउनु जडता हो । जस्तैः एकोहोरो हेरिरहनु, चूप लागेर बस्नु आदि ।

(७) मोह : चित्तको विकल अवस्थालाई मोह भनिन्छ । जस्तैः मुर्च्छा पर्नु, चक्कर लाग्नु आदि ।

(८) उग्रता : अपराध, अपकार आदिबाट उत्पन्न हुने उदण्ड व्यवहारलाई उग्रता भनिन्छ । जस्तैः पसिना आउनु, धम्क्याउनु, पिट्नु, गालीगर्नु आदि ।

(९) विबोध (जागरण) : निद्रामा परेको अवस्थाबाट कुनै कारणले झसङ्ग ब्युँझदा उत्पन्न हुने भाव विबोध हो । जस्तैः बन्द आँखा खुल्नु, आँखा मिच्नु, अङ्गहरूलाई यताउता मर्काउनु, अङ्गहरू तन्काउनु आदि ।

(१०) अपस्मार (मूर्च्छा, स्मृतिको अभाव) : डरलाग्दा वस्तु, भूत-प्रेत आदिको कारणबाट उत्पन्न भाव अपस्मार भाव हो । जस्तैः मुखमा फिँज आउनु, र्‍याल चुहुनु, काम्नु, पसिना आउनु आदि ।

(११) स्वप्न : रिस, आवेग, भय, सुख, दुःख आदिका कारण निद्रामा परेको अवस्थामा कुनै पनि कुराको अनुभव गर्नु स्वप्न हो ।

(१२) मरण : शस्त्रास्त्र आदिको कारणबाट प्राणीले प्राण त्याग गर्नु मरण हो ।

(१३) गर्व : कुलीनता, विधा, ऐश्वर्य आदिको कारणबाट उत्पन्न हुने भाव गर्व हो । जस्तैः अरूलाई नगन्नु, औंला ठड्याएर गफ गर्नु आदि ।

(१४) आलस्यः श्रम, गर्भधारण आदिको कारणबाट शरीरमा शिथिलता आउनु आलस्य हो । जस्तैः हाइ आउनु, अल्छी मान्नु, थकित देखिनु, केही नगरी बसिरहनु आदि ।

(१५) निद्रा : निद्रा आउन लागेको अवस्थामा देखिने भावहरू जस्तैः हाई आउनु, आँखीभौं मिच्नु, शरीर तन्काउनु आदि भावहरू निद्राभाव अन्तर्गत पर्दछन् ।

(१६) अमर्ष : निन्दा गर्नु, अरूलाई धम्क्याउनु, अरूले ईर्ष्या एवम् अपमान गर्नु जस्ता व्यवहारबाट अमर्ष भाव सृजना हुन्छ । जस्तैः आँखा राता-राता हुनु, उत्तेजित हुनु, आँखीभौँमा उतार चढाव देखिनु आदि ।

(१७) अवहित्था : तत्काल लागेको भावलाई लुकाएर अर्कै रूपमा प्रस्तुत हुनु वा अर्को भावलाई देखाउनु अवहित्था हो । जस्तैः गरिरहेको काम त्यत्तिकै राखी अर्को कामतिर लाग्नु, अर्कोतिर हेर्नु आदि ।

(१८) लज्जा : प्रेमीप्रेमिका वा अन्य कसैलाई देख्दा लाज मानी शिर झुकाउनु, मुखको रङ उड्नु लज्जा भाव हो ।

(१९) औत्सुक्य : कुनै पनि कुराको प्राप्तिमा अति खुसी भई समय पर्खन नै गाह्रो पर्नु औत्सुक्य भाव हो ।

(२०) उन्माद : दुःख, पीडा आदिका कारणबाट चित्त व्याकुल भई रून्नु, कराउनु, चिच्याउनुजस्ता भावहरू उन्माद भावअन्तर्गत पर्दछन् ।

(२१) स्मृति : कुनै पनि पहिलेका कुरालाई सम्झनु स्मृति भाव हो । जस्तैः आँखीभौँ उचाल्नु, निधार खुम्च्याउनु आदि ।

(२२) शङ्का : अरूको नराम्रो व्यवहार, आत्मदोष आदिबाट मनमा उत्पन्न हुने अनेक किसिमका तर्क-वितर्कहरू शङ्काभाव हो । जस्तै : मुख सुक्नु, यताउति हेर्नु आदि ।

(२३) मति (बुद्धि) : नीति मार्गलाई अवलम्बन गरी वस्तु र अर्थ निर्धारण गर्नुलाई यति भनिन्छ । मुस्कुराहट, धैर्य, सन्तोष, आत्मसम्मान आदि मनोविकार र क्रियाहरूबाट मतिभावको सृजना हुन्छ ।

(२४) त्रास (डर, भय, आतङ्क) : विभिन्न किसिमका प्राकृतिक प्रकोपहरू, चट्याङ, उल्कापात आदिका कारणबाट मनमा उत्पन्न हुने भाव त्रास हो । जस्तैः काम्नु,

(२५) व्याधि : विभिन्न रोगहरूका कारण सुतिरहनु, शरीर काम्नु जस्ता भावहरू व्याधि भाव हो ।

(२६) हर्ष (आनन्द) : मनमा प्रशन्नता बढ्नु हर्ष हो । अपेक्षा गरिएको वस्तुको प्राप्तिपछि मनमा हुने आनन्दले आँसु खस्नु, स्वरमा गद्गद् हुनु आदि मनोविकारहरू प्रस्तुत भएमा हर्ष हुन्छ ।

(२७) धृति : वास्तविक ज्ञान, लाभ आदिबाट पूर्णताको इच्छा गर्नु धृति हो । उल्लास, हाँसो, तृप्तिसूचक बोली जस्ता मनोविकारबाट धृतिभावको उत्पन्न हुन्छ ।

(२८) वितर्क (युक्ति, अनुमान): सन्देहका कारण उत्पन्न विचार तर्क हो । टाउको हल्लनु, आँखीभौं टेढोमेढो हुनु, औंलाहरू चलाउनु आदि मनोविकार र चेष्टाहरू यस भावमा प्रयोग हुन्छन् ।

(२९) चपलता (चञ्चल हुनु): इर्ष्या, डाह, द्वेष, राग आदिका कारण मनमा चञ्चलता हुनु चपलता

हो । अर्काको भर्त्सना गर्नु, कठोर वचन बोल्नु, उच्छृङ्खल आचरण गर्नु आदि मनोविकारबाट चञ्चलता भाव सृजना हुन्छ ।

(३०) असूय (ईर्ष्या, डाह) : अरूको गुण, नाम, धर्म आदिलाई उद्धत स्वभावका कारण असहिष्णु भाव राख्नु असूय भाव हो । आँखीभौं टेढामेढा हुनु, दोषको उद्घोष गर्नु जस्ता मनोविकारहरूबाट असूय भाव सृजना हुन्छ ।

(३१) ग्लानि (थकावट) : रति एवम् अन्य परिश्रम, थकावट, मनको ताप, भोक, प्यास आदिबाट भएको शारीरिक दुर्वलता ग्लानि हो । यस भावमा शरीर काम्ने, काममा जाँगर नहुने जस्ता मनोविकारहरू देखा पर्दछन् ।

(३२) चिन्ता : इच्छ्याइएको वस्तुको अप्राप्तिबाट उत्पन्न भाव चिन्ता हो । शून्यता, स्वास र तापजस्ता मनोविकारहरू चिन्ताभावमा देखा पर्दछन् ।

(३३) विषाद (खिन्नता) : अनर्थको निवारण गर्ने उपायको अभाव भई सत्यको नाशबाट उत्पन्न हुने भाव विषाद हो । गहिरो एवम् लामो स्वास लिनु, सहयोगीको खोजी गर्नु, मनमा ताप हुनु जस्ता भावहरू विषादभावमा हुन्छन् ।

### २.३.४ स्थायी भाव

मानिसको अन्तस्करणमा सुषुप्त भएर रहेका वासनात्मक भावनाहरूलाई विभावादिले बिउँझाइदिएपछि रसको उत्पत्ति हुन्छ । स्थायी भाव रसयुक्त साहित्यिक कृतिमा सुरुदेखि अन्त्यसम्म निरन्तर रूपमा रहिरहन्छ अर्थात् यो सहृदयीको हृदयमा स्थिर रूपमा रहेको हुन्छ । यो कहिल्यै पनि विरोधी वा अनुकूल भावहरूद्वारा खण्डित हुँदैन, बरु यसले विरोधी भावहरूलाई पनि आफैमा समाहित गराउँछ । पाठक/दर्शक वा श्रोतामा रसको आस्वादन नहुन्जेलसम्म अन्तरचेतनामा यो सुषुप्त अवस्थामा रहिरहन्छ ।

स्थायी भावको चर्चा गर्ने क्रममा मतमतान्तरहरू रहेका देखिन्छन् । भरतले आफ्नो नाट्यशास्त्रमा आठ प्रकारका रसको उल्लेख गरी आठ प्रकारकै स्थायी भावको चर्चा गरेका छन् तर उत्तरवर्ती आचार्यहरूले भने रसका प्रकार एवम् स्थायी भावलाई नौवटामा विभाजन गरेका छन् । अतः बहुप्रचलित रसका सङ्ख्या नौवटा र स्थायी भाव पनि नौ वटालाई नै लिइएको छ । यसका साथै वत्सल र भक्ति रसलाई पनि मानिएको अवस्था देखिन्छ ।

रसहरूको सङ्ख्यानुरूप स्थायी भावहरू निम्नानुसार रहेका देखिन्छन् :

#### २.३.४.१ रति

'रति नामको स्थायी भाव प्रमोदात्मक (हर्ष स्वरूप) छ । वसन्त आदि ऋतु, माला, चन्दन, भूषण, मीठो भोजन, राम्रो घरको अनुभवको अनूकुलता आदि उद्दीपन विभावद्वारा त्यो रति उत्पन्न हुन्छ । स्मित वढन मधुर कथन, भ्रूक्षेप कटाक्ष आदि अनुभवद्वारा त्यो रतिको अभिनय गर्नु । इच्छा गरेको विषय पाएर रति स्थायी भाव उत्पन्न हुन्छ (भट्टराई, २०३९: १०२) ।

व्यक्ति वा पात्रमा प्रेम वा वासनात्मक भावनाको सृष्टि हुनु रतिभाव हो । प्रेमीप्रेमिकाको एक अर्काप्रतिको सौन्दर्य, वसन्त ऋतु, भूषण, मीठो भोजनजस्ता उद्दीपन विभावद्वारा यस्तो भाव सृजित हुन्छ । यो स्थायी भाव शृङ्गाररसमा हुन्छ ।

### २.३.४.२ शोक भाव

ईष्ट वस्तुको नष्ट वा अनिष्ट प्राप्तिका कारण उत्पन्न भाव शोक हो । 'शोक नामको स्थायी भाव प्रियजन वियोग, विभवनाश, वध, बन्ध दुःखको अनुभवबाट उत्पन्न हुन्छ (भट्टराई, २०३९ : १०३) । यो स्थायी भाव करुण रसमा पाइन्छ ।

### २.३.४.३ हास्य रस

विकृत भेषभूषा, वचन, क्रियाकलाप आदिबाट उत्पन्न हाँसो हास्यभाव हो । हास्यनामक स्थायी भाव अर्काको चेष्टाको अनुकरण कुहक काखी र गर्धनको स्पर्श वा कुहक (नर्तक) को असम्बद्ध प्रलाप, दोषदृष्टि, मूर्खतादि विभावद्वारा उत्पन्न हुन्छ (भट्टराई, २०३९ : १०२) । हाँसो विभिन्न किसिमका हुन्छन् । जस्तैः स्मित, हसित, अपहसित आदि ।

### २.३.४.४ क्रोधभाव

शत्रु, विपक्षी, निन्दक, अपराधी, द्रोही आदिलाई देखेर मनमा उत्पन्न हुने प्रतिशोधको भावना एवम् उत्तेजनायुक्त मनोविकारबाट सत्त्व र अहं सृजना हुनु क्रोध भाव हो । स्त्रीहरूको बेइज्जती गर्नु, गाली गर्नु, कलह, विवाद, प्रतिकूलता आदि विभावद्वारा क्रोधनामको स्थायी भाव उत्पन्न हुन्छ (भट्टराई, २०३९ : १०३) । यो भाव रौद्र रसमा पाइन्छ ।

### २.३.४.५ उत्साह भाव

वीरता, पराक्रम, धर्म, दान, दया आदिबाट पराक्रमी बन्ने भाव उत्साह भाव हो । यो वीर रसमा हुन्छ ।

### २.३.४.६ घृणा / जुगुप्सा

घिनलाग्दो वस्तु, फोहोर चीज, दुर्गन्धित वस्तु आदिलाई देख्दा मनमा उत्पन्न भाव घृणा हो । यो भाव बीभत्स रसमा हुन्छ ।

### २.३.४.७ भय भाव

कुनै पनि डर लाग्दो घटना, वस्तु, दृश्य आदि देखेर वा सुनेर मनमा उत्पन्न भाव भय हो । भय नामको स्थायी भाव स्त्री र नीच प्रकृतिमा रहन्छ । गुरूजन तथा राजाउपर गरेको अपराध, सिंह आदि हिंस्रक जन्तु, शून्य घर, गहन वन, पर्वत, निशाचरको शब्द सुन्नु आदि विभावद्वारा भयको उत्पत्ति हुन्छ' (भट्टराई, २०३९: १०५) ।

#### २.३.४.८ विस्मय भाव

अलौकिक, आश्चर्यजनक वा अनौठो वस्तुबाट उत्पन्न भाव विस्मयभाव हो । यो भाव अद्भुत रसमा पाइन्छ ।

#### २.३.४.९ शम भाव

सांसारिक मायामोहलाई त्यागेर चित्तलाई एकाग्र पार्ने भाव वा अन्तर्मुखी प्रवृत्ति लिएर सांसारिकतादेखि टाढा रही सांसारिक अनित्यताको बोध वा वैराग्यपूर्ण भाव नै शम भाव हो । यो स्थायी भाव शान्त रसमा हुन्छ ।

विशेष गरी नौ किसिमका रस एवम् स्थायी भावहरूको चर्चा पाइए पनि पछिल्ला समयमा वात्सल्य एवम् भक्ति रसलाई पनि स्थान दिइएको पाइन्छ -

**वात्सल्य भाव** : मातृवात्सल्यको विशेष चमत्कारबाट उत्पन्न हुने भाव वात्सल्य भाव हो । यो भाव वत्सल रसमा अभिव्यञ्जित हुन्छ ।

**भक्ति भाव** : देश, राजा र ईश्वरको ध्यान, तपस्या, त्याग आदिबाट उत्पन्न भाव भक्ति भाव हो । यो भाव भक्ति रसमा अभिव्यञ्जित हुन्छ ।

## २.४ रसका प्रकार

संस्कृत साहित्यको सबैभन्दा जेठो वादको रूपमा रहेको रसवादलाई काव्यको आत्माको रूपमा लिइएको पाइन्छ । रसको सङ्ख्यालाई विभिन्न आचार्यहरूले भिन्न-भिन्न सङ्ख्यामा निर्धारण गरेका पाइन्छन् । भरतमुनिले आफ्नो नाट्यशास्त्रमा आठ प्रकारका रसहरूको चर्चा गरेका छन् । जसमा शृङ्गार रौद्र, वीर, बीभत्स, हास्य, करुण, अद्भुत र भयानक रसहरू रहेका छन् र पछि शान्त रस थपेका छन् भरतपछि अभिनव गुप्तको समयसम्म आठ प्रकारका रसको नै उल्लेख हुँदै आएको पाइन्छ । तत्पश्चात् उद्भटले आफ्नो 'काव्यालङ्कार' ग्रन्थमा शान्त रसको र विश्वनाथ, भानुदत्त, रूपगोस्वामी आदिले वात्सल्य रसको उल्लेख गरेका पाइन्छन् । त्यसैगरी हेमचन्द्र, रामचन्द्र, गुणचन्द्र आदिले विभिन्न रसहरूको उल्लेख गर्दै भक्ति रसको पनि उल्लेख गरेका छन् । यसरी विभिन्न आचार्यहरूद्वारा रसहरूको सङ्ख्यामा फरक फरक देखाइएको भएता पनि प्रमुख रसहरूमा नवरसहरूलाई नै मान्यता दिइएको छ र यसका साथै वात्सल्य एवम् भक्ति रसलाई पनि उत्तरवर्ती आचार्यहरूले मान्यता दिएका पाइन्छन् । रससंख्यालाई निम्न तालिका अनुसार देखाउन सकिन्छ :

**तालिका नं. १**

**विभिन्न आचार्यका अनुसार रसका प्रकार**

| आचार्य | रस संख्या | रसका नाम | थप रस | खण्डन |
|---|---|---|---|---|
| भरतमुनि | आठ (थपसँग नौ) | शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्‌भुत | शान्त | |
| दण्डी | आठ | शान्त बाहेकका अन्य भरतमुनिले मानेकै रसहरू | | |
| उद्‌भट | नवरस | स्थापित नवरस | | |
| रुद्रट | ९ (पछि थप १ गरी १०) | शृङ्गार, वीर, करुण, बीभत्स, भयानक, अद्‌भुत, हास्य, रौद्र, शान्त, प्रेयानिति | प्रेय | |
| रुद्रभट्ट | ९ | स्थापित नवरसहरू | | |
| आनन्दवर्धन | ९ | स्थापित नवरसहरू. | | |
| धनञ्जय | ८ | शृङ्गार, वीर, करुण, बीभत्स, भयानक अद्‌भुत, रौद्र | | |
| अभिनवगुप्त | ९ | स्थापित नवरसहरू | | स्नेह रस, लौल्य (स्नेह रस र भक्ति रसको खण्डन |
| भोज | ९ | स्थापित नवरसहरू | | |
| हेमचन्द्र | ९ | स्थापित नवरसहरू | | स्नेह, लौल्य र भक्ति रसको खण्डन |
| रामचन्द्र गुणचन्द्र | ९ | स्थापित नवरस | | |
| विश्वनाथ | ९ | स्थापित नवरस | वात्सल्य | |
| भानुदत्त | २ | लौकिक र अलौकिक<br>(६ वटा) (३ वटा) | वात्सल्य, लौल्य, भक्ति कार्पण्य | |
| रूपगोस्वामी | मुख्य रस र गौण | शान्त भक्तिरस, प्रीत भक्ति रस, प्रेयन भक्ति रस, वत्सल भक्ति रस, | | |

| | | | | |
|---|---|---|---|---|
| | रस | मधुर भक्ति रस<br>गौण रस - हास्य भक्ति रस,<br>अद्‌भुत भक्ति रस, वीर भक्ति रस,<br>करुण भक्ति रस, रौद्र भक्ति रस,<br>भयानक भक्ति रस, बीभत्स भक्ति<br>रस, | | |
| जगन्नाथ | ९ | स्थापित ९ वटा रस । | | |

(स्रोतः नगेन्द्र, १९७४: २३७-२४३ ।)

### २.४.१ शृङ्गार रस

पूर्वीय साहित्यमा शृङ्गार रसलाई 'रसराजको' रूपमा लिइएको पाइन्छ । शृङ्गार शब्दको व्युत्पत्ति शृङ्ग ऋच्छति इति शृङ्गारः हुन्छ जसमा शृङ्गको अर्थ कामुक जोडी हुन्छ । त्यस्तै शृङ्गारको अर्थ कामौत्सुक्य हुन्छ । यस रसमा नायक - नायिकाको एक अर्का प्रतिको आशक्ति, शारीरिक वा आत्मिक प्रेमाकर्षण, नैसर्गिक कामेच्छा र अनुरागका भावहरू देखाइएको हुन्छ ।

शृङ्गार रसको स्थायी भाव रति हो । प्रेमीप्रेमिका वा पात्रहरू यस रसका आलम्बन विभाव हुन भने एकान्त स्थान, बगैंचा, बसन्त, जलविहार, कोइलीको आवाज, सुमधुर संगीत आदि उद्दीपन विभाव हुन् । कटाक्ष, स्वेद, परिश्रम, अश्रु, स्वरभङ्ग आलिङ्गन, चुम्बन आदि यसका अनुभाव हुन् र उग्रता, आलस्य, मरण र जुगुप्साबाहेक व्रीडा, मोह, मद, हर्ष, उन्माद, गर्व, आवेग, स्वप्न जस्ता सञ्चारी भावमा पर्ने सबै भावहरू यसमा रहेका हुन्छन् ।

शृङ्गार रसको सङ्ख्यामा पनि मतमतान्तरहरू रहेका देखिन्छन् । भरतले 'नाटयशास्त्रमा' संयोग र विप्रलम्भ गरी दुईवटा भेदको चर्चा गरेका छन् भने रूद्रटले चार प्रकारका बताएका छन् र अभिनव गुप्तले धर्मशृङ्गार, अर्थशृङ्गार र कामशृङ्गार गरी तीन प्रकारका शृङ्गार रसको चर्चा गरेका छन् । विभिन्न आचार्यहरूले यस रसका भेद-उपभेदलाई आ-आफ्नै ढङ्गले चर्चा गरे पनि मुख्य गरी संस्कृत काव्यशास्त्रमा संभोग र वियोग/विप्रलम्भ गरी दुई किसिमका शृङ्गार रसको चर्चा गरिएको छ -

**सम्भोग शृङ्गार**

संयोग/सम्भोग शृङ्गार रसमा प्रेमी र प्रेमिकाबीचको कामवासना वा आशक्ति रहेको हुन्छ । भरतको नाट्‌यशास्त्रमा उल्लेख भएअनुरूप यस रसका रससामग्रीहरू (भरत, २०५४: १११)

स्थायी भाव : रति वा प्रेम

विभाव :

आलम्बन विभाव : प्रेमी-प्रेमिका

उद्दीपन विभाव : प्रेम उद्दीप्त हुनका निम्ति अनुकूल ऋतु (वसन्त/शरद), एकान्त ठाउँ, चन्द्रमा, प्रेमिकाको हाउभाऊ आदि ।

अनुभाव : अङ्कमाल गर्नु, प्रेमपूर्ण दृष्टिले हेर्नु, चुम्बन गर्नु, स्पर्श गर्नु, लज्जा आदि ।

व्यभिचारी भाव : ग्लानि, निर्वेद, व्रीडा, हर्ष, मद, दीनता, मलीनता आदि ।

उदाहरण : मुटु नै सर्र रसाई आयो; आँखालाई भनेर,<br>नसामा चल्यो प्रेमको रस जीवनै फुलेर । १।४

**विप्रलम्भ शृङ्गार :** विप्रलमभ वि+प्र+लम्म+घञ् मिली बनेको छ जसको अर्थ धोका हुन्छ । साहित्यमा यसको अर्थ धोका, मिथ्यायुक्तिबाट गरिएको हल, असहमतिको कारण भएको वियोग, प्राकृतिक कारणले भएको वियोग आदि हुन्छ । यस रसमा नायक-नायिकाबीचको प्रेम प्रगाढ हुँदाहुँदै पनि उनीहरूको वियोग हुन्छ । विप्रलम्भ शृङ्गारलाई पूर्वराग विप्रलम्भ, मान विप्रलम्भ, प्रवास विप्रलम्भ र करुण विप्रलम्भ गरी विभाजन गरिएको छ ।

**भरतका अनुसार विप्रलम्भ शृङ्गार रसका सामग्रीहरू (भरत, २०५४: ११२):-**

स्थायी भाव : रति / प्रेम

विभाव :

आलम्बन विभाव : प्रेमी-प्रेमिका

उद्दीपन विभाव : एकान्त स्थल, स्मृति चिन्ह, पूर्वस्मृति

अनुभाव : आँसु झार्नु, एकोहोरो हुनु, छटपटाउनु आदि ।

व्यभिचारी भाव : चिन्ता, ग्लानि, वितर्क, चपलता आदि ।

### २.४.२ करुण रस

इष्टनाश वा अनिष्ट वस्तुको प्राप्तिबाट शोकभाव उत्पन्न हुँदा करुण रसको उत्पत्ति हुन्छ । यस रसले काव्यकृतिमा रहेको कारुणिकतालाई प्रस्तुत गर्दछ ।

**भरतका अनुसार करुण रसका रससामग्रीहरू** (भरत, २०५४: ११५)

स्थायी भाव : शोक

विभाव :

आलम्बन विभाव : प्रियजनको मृत्यु, धनसम्पत्तिको नाश

उद्दीपन विभाव : दहन, जलन, मृत्यु, लास, स्मृति चिन्ह, इष्टनाश, अनिष्ट, प्राप्त, पूर्वस्मृति आदि ।

व्यभिचारीभाव : ग्लानि, मोह, व्याधि, विषाद, अपस्मार, निर्वेद, जडता चिन्ता, वितर्क आदि ।

अनुभाव : रूनु, कराउनु, चिच्याउनु, छाति पिट्नु, विरह, देवनिन्दा, कपाल लुछ्नु, भुइँमा पछारिनु आदि ।

उदाहरण : पोल्टाको फूल बाटामा छरी रोएर चलिन् ती
फर्कुला भन्ने आशामा कठै निराश भुलिन् ती ।
१।५५

### २.४.३ हास्य रस

'हस' धातुमा व्यत् प्रत्यय लागेर हास्य बनेको छ जसको व्युत्पत्तिगत अर्थ हाँस्न योग्य हुन्छ र हास्य रसको अर्थ हाँसोको कारणबाट हुने आनन्द हुन्छ । अनौठो रूप, आकृति, बोली, भेषभूषा, अस्वाभाविक क्रियाकलाप, बानी व्यवहार आदिबाट विकृति उत्पन्न हुँदा हास्य रसको उत्पत्ति हुन्छ अर्थात् पात्रका आङ्गिक चेष्टा वा भाषिक विकृतिहरूबाट यस रसको उत्पत्ति हुन्छ । यसको स्थायी भाव हास्य हो । यो रस आत्मस्थ र परस्थ गरी दुई किसिमको हुन्छ । पात्र/अभिनयकर्ता आफै हाँस्छ भने त्यो आत्मस्थ र अरूलाई हसाउँछ भने त्यो परस्थ हाँसो हुन्छ । **भरतको रससूत्रानुसार हास्यरसको रससामग्रीहरू** (भरत, २०५४: ११२):

स्थायी भाव : हाँसो

विभाव : 

आलम्बन विभाव : विकृत आकृति, वाणी वा रूपरङ्ग वा अनौठो पात्र, हाँसो उत्पन्न गर्ने वस्तु आदि ।

अनुभाव : आँखा खुम्चनु, पेट मिच्नु, लुटुपुटु हुनु, मुख विगार्नु, आँसु आउनु, प्रसन्न हुनु आदि ।

व्यभिचारीभाव : रोमाञ्च, आँसु, दैन्य, श्रम, मद, स्वप्न, आलस्य, निद्रा, हर्ष, चपलता आदि ।

उदाहरण : मर्करी हाँसी खिलखिल उठे "हे बूढी आम्मा रे,
नगरी शर्त, नलिई वर्त क्या आलु तामा रे ।
४।४७

## २.४.४ वीर रस

कुनै काम गर्न उद्दत वा पौरखपूर्ण कार्य गर्ने व्यक्तिको उल्लासपूर्ण भावले उत्साहको सृजना भई वीररसको उत्पत्ति हुन्छ अर्थात् उत्साह स्थायीभाव हुने जुन योद्धा, वीर, शूर आदि व्यक्तिमा उत्पन्न हुन्छ त्यो नै वीर रस हो । प्रतिद्वन्दीलाई परास्त गरी आफ्नो वा राष्ट्रको स्वार्थ बचाउने एवम् संकटमा परेको व्यक्तिको उद्धार गर्ने क्रममा उसका / नायकका क्रियाकलापहरूबाट वीररस उत्पन्न हुन्छ । यस रसमा योद्धा आश्रय विभाव र शत्रु वा प्रतिद्वन्दी विषय विभावका रूपमा रहन्छन् । वीररसको प्रकारमा भरतले दानवीर, धर्मवीर र युद्धवीर गरी तीन प्रकार र विश्वनाथले दानवीर, धर्मवीर, युद्धवीर र दयावीर गरी चार प्रकार बताएका छन् ।

**भरतका अनुसार वीररसका रससामाग्रीहरू** (भरत, २०५४: ११७)

स्थायी भाव : उत्साह

विभाव : 

आलम्बन विभाव : शत्रु वा सेना

उद्दीपन विभाव : शत्रुको हाँक, हातहतियार, युद्धस्थल वीरता प्रदर्शन ।

अनुभाव : आक्रमण गर्नु, मुठी कस्नु, शस्त्र-अस्त्र एवम् पराक्रमको कथन, गर्वयुक्त वाणी, कठोर वचन आदि ।

व्यभिचारीभाव : गर्व, हर्ष, धृति, अमर्ष, असूया, उन्माद, आवेग, ग्लानि आदि ।

### २.४.५ भयानक रस

कुनै पनि डरलाग्दो दृश्य, घटना आदि देख्दा, सुन्दा वा त्यस्ता घटनामा आधारित काव्यकृति पढ्दा मनमा उत्पन्न हुने मनोभावलाई नै भयानक रस भनिन्छ । डरलाग्दा वस्तु आदि देख्दा मुटु काम्ने, छाती फुल्ने, मुटु ढुकढुक हुने जस्ता क्रियाकलापहरू भयबाट सृजना हुन्छ । यस रसको स्थायी भाव भय हो ।

**भरतका अनुसार भयानक रसका रससामाग्रीहरू** (भरत, २०५४: ११८)

स्थायी भाव : भय

विभाव :

आलम्बन विभाव : भयानक जन्तु, डरलाग्दा वस्तु, भय उत्पन्न गराउने वस्तु आदि ।

उद्दीपन विभाव : भयानक वस्तुका भयप्रद चेष्टा, वस्तुको विचित्रता, डरलाग्दा स्थल, मसानघाट आदि ।

अनुभाव : पसिना काढ्नु, चिच्याउनु, कहालिनु, काम्नु, अनुहार बिगार्नु, रोमाञ्च, कम्पन आदि ।

व्यभिचारीभाव : त्रास, मोह, आवेग, दैन्य, जडता, अपस्मार, चिन्ता, शंका, सन्त्रास आदि ।

१।३४

### २.४.६ बीभत्स रस

दुर्गन्धित वस्तु, फोहोर, व्याधी, अप्रिय, दृश्य आदिबाट घृणा उत्पन्न भई बीभत्स रसको सृजना हुन्छ । भरतले आफ्नो नाट्यशास्त्रमा निलो वर्ण हुने, महाकाल देवता हुने, बीभत्स रसमा आँखाको छेउ खुम्चेको, नानी चञ्चल, परेला जोडिएर स्थिर हुने तथा रगतबाट उत्पन्न हुने शुद्ध र विष्टाबाट उत्पन्न हुने अशुद्ध गरी दुई किसिमका बीभत्सरस हुने कुरा बताएका छन् ।

**भरतका अनुसार बीभत्स रसका रससामाग्रीहरू** (भरत, २०५४: ११९)

स्थायी भाव : घृणा (जुगुप्सा)

विभाव :

आलम्बन विभाव : दुर्गन्धयुक्त मासु चर्पी वा घृणालग्दा वा पात्र

उद्दीपन विभाव : दुर्गन्ध फैलनु, घृणास्पद पात्र वा वस्तु आदिको रूपरङ्ग प्रकट हुनु, पीप, कीरा आदि

अनुभाव : थुकथुकी, नाक धुन्नु, नाक खुम्च्याउनु, मुख, बिगार्नु, आँखा चिम्लनु आदि ।

व्यभिचारीभाव : व्याधि, मोह, जडता, अपस्मार, ग्लानि, वैवर्ण्य, आवेग आदि ।

### २.४.७ अदभुतरस

अनौठो वा असाधारण व्यक्ति, वस्तु, ठाउँ, इन्द्रजाल रोमाञ्च आदिबाट मनमा उत्पन्न हुने आश्चयमय भावबाट अद्‌भुत रस उत्पन्न हुन्छ । अद्‌भुतरस दिव्य दैविक चमत्कार र आनन्दमय मनोरञ्जनबाट उत्पन्न हुन्छ । यसको स्थायी भाव आश्चर्य वा विस्मय हो । यस रसमा प्रसाद गुण, पाञ्चाली रीति तथा कोमलावृत्तिको प्रयोग हुन्छ । भरतमुनिका अनुसार :

**अद्‌भुत रसका रससामग्रीहरू** (भरत, २०५४: १२०)

स्थायी भाव : आश्चर्य वा विस्मय

विभाव :

आलम्बन विभाव : विस्मयजनक वस्तु वा अनौठो वस्तु जादु, चुट्के आदि ।

उद्दीपन विभाव : वस्तुको विचित्रता, रूप, रङ, चित्र आदि ।

अनुभाव : रोमाञ्च, आश्चर्य, जिभ्रो टोक्नु, काम्नु, औंला टोक्नु, आँखा फैलाउनु, वाल्ल पर्नु आदि ।

व्यभिचारीभाव : आवेग, हर्ष, जडता, शङ्का, वितर्क, चिन्ता, श्रम, मद, स्वप्न आदि ।

उदाहरण : समुद्र तीरमा पजिउन बूढा जल महल बनाई
भ्याउको सेजमा लेटेर सुत्थे घाममा निदाई ।

१।३३

### २.४.८ रौद्ररस

विरोधीहरूका अपमानजनक व्यवहार, बोलीवचन, अपराधपूर्ण क्रियाकलाप आदि कारणबाट मानिसको मनमा एक किसिमको क्रोधको भावना सृजना भई रौद्र रसको उत्पत्ति हुन्छ । अनुचित सङ्ग्राम, काटमार आदिले यो रस उत्पन्न गराउन सहयोग गर्दछन् । रक्तपात, काटमार,

शस्त्रको प्रहार, चिच्याउनु, पसिना काढ्नु, गाला फुलाउनु, दाँतले ओठ टोक्ने जस्ता क्रियाकलापहरू यस रसमा देखिन्छन् । भरतका अनुसार :

**रौद्ररसका रससामग्रीहरू** (भरत, २०५४: ११५)

स्थायी भाव : क्रोध

विभाव :

आलम्बन विभाव : निन्दक शत्रु

उद्दीपन विभाव : शत्रुको प्रहार, अपराध कर्ममा लागेको शत्रु, हत्या, अपमान

अनुभाव : अनुहार रातोपिरो हुनु, पाखुरा सुर्कनु, गर्जनु, नारी निमोठ्नु, ओठ चपाउनु आदि ।

व्यभिचारीभाव : आवेग, उग्रता, अमर्ष, गर्व, उन्पाद, व्याधी, असूया, अपस्मार, चपलता आदि ।

उदाहरण : लौ आइज फेरि यमराज मेरो पृथ्वीमा टेक्नलाई
मेरा छन् नाग लगाई दिउँला पाइला छेक्नलाई"
४।४५

## २.४.९ शान्त रस

सांसारिक माया, मोह आदिबाट टाढा रही चित्तलाई एकाग्र बनाएर निर्वाणको अपेक्षा गर्ने भाव अभिव्यञ्जना भएर शान्त रस सृजना हुन्छ । यस रसमा वैराग्य, तत्त्वज्ञान, मोक्षप्राप्तिको उद्देश्य, प्रकृतिमा नै विलिन हुने जस्ता भावहरू देखा पर्दछन् । त्यसैगरी सांसारिक विषय वासनाबाट टाढा रही आध्यात्मिक चिन्तनमा लिन हुँदै वैरागी बन्ने माया मोहबाट पृथक रहन खोज्नेजस्ता प्रवृत्तिहरू देखापर्दछन् । यस रसको स्थायी भाव निर्वेद हो । भरतको रससूत्रानुसार

**शान्तरसका रससामाग्रीहरू** (भरत, २०५४: १२२)

स्थायी भाव : शान्ति, सम/निर्वेद

विभाव :

आलम्बन विभाव : परमात्माको स्वरूप, सत्य-परमात्माप्रति विश्वास, वैराग्यभाव आदि ।

उद्दीपन विभाव : तीर्थस्थल, तपोवन, देवदर्शन, सत्सङ्ग, आध्यात्मिक चिन्तन, महात्माको दर्शन आदि ।

अनुभाव : सांसारिक विषयवासनाको परित्याग, चित्तस्थिर, योगाभ्यास, शास्त्रको अध्ययन, धर्मचर्चाबाट उत्पन्न ज्ञान आदि ।

व्यभिचारीभाव : निर्वेद, धृति, मति, स्मृति, हर्ष, औत्सुक्य मरण, आलस्य, जडता, निद्रा आदि ।

उदाहरण : आँसु छ गहिरो, हाँसो छ केवल अँजुली समान,
संसार त्यागी यही नै बस हाँस्नलाई नमान ।

३।४०

## २.४.१० वात्सल्य रस

वात्सल्य रसलाई धेरैजसो आचार्यहरूले चर्चा गरेका नदेखिए तापनि विश्वनाथ, भानुदत्त, रूपगोस्वामी जस्ता आचार्यहरूले चर्चा गरेका छन् । यस रसलाई आधिकारिक र प्रामाणिक रूपमा चर्चा गर्ने कार्य भने विश्वनाथले नै गरेका छन । उनले साहित्यदर्पणमा यसरी व्याख्या गरेका छन्:

स्फुटं चमत्कारितया वत्सलं च रसं विदु : ।
स्थायी वत्सलतास्नेह : पुत्राद्यालम्बनं मतम् ॥ २५१ ।
उद्दीपनानि तच्चेष्टा विद्याशौर्यदयादय : ।
आलिङ्गनाङ्गसंस्पर्शशिरचुम्बनमीक्षणम् ॥ २५२ ॥
पुलकानन्दवाष्वाद्या अनुभावाः प्रकीर्तिता : ।
संचारिणोऽनिष्टशंकाहर्षागर्वादयो मताः ॥ २५३

उनका अनुसार अन्य रसहरूमा झैं यस रसमा पनि स्पष्ट रूपमा चमत्कार सृजना हुन्छ । यसमा स्थायी भाव वात्सल्य प्रेम, आलम्वन - पुत्र, पुत्री आदि, उद्दीपन विभावमा विद्या, शूरता, दया अनुभावमा आलिङ्गन, अङ्गस्पर्श, शिरचुम्बन, रोमाञ्च, आनन्दाश्रु आदि रहन्छन् । त्यसैगरी व्यभिचारी भावमा अनिष्ट, शङ्का, हर्ष, गर्व आदि रहन्छन ।

भानुदत्तले रसतरङ्गिणीमा वात्सल्य रसको चर्चा गरेका छन् । उनका अनुसार यो रस एउटा पृथक रस हो । मिथ्या ज्ञानको वासना माया रस हो । उनका अनुसार मिथ्या ज्ञान स्थायी भाव, सांसारिक भोगबाट उत्पादत धर्म वा अधर्म विभाव, पुत्र, पुत्री, विजय, साम्राज्य, आदि अनुभाव हुन्" (शर्मा, १९८८ (सम्पा): २११) । भानुदत्तले रसको संख्या उल्लेख गर्ने क्रममा लौकिक र

अलौकिक भनी छुट्याएर त्यसका साथै वात्सल्य, लौल्य, भक्ति र कार्पण्यलाई पनि छुट्ट रस मानेका छन् (नगेन्द्र, १९७४: २३८) ।

यसरी रसहरूको संख्या उल्लेख गर्ने क्रममा विभिन्न आचार्यहरूले वात्सल्य रसलाई छुट्टै रस मानेका देखिन्छन् भने कुनै आचार्यले मानेका देखिँदैनन् । भानुदत्त, विश्वनाथ, रूपगोस्वामीजस्ता आचार्यहरूले यसमा छुट्टै किसिमको चमत्कार उत्पन्न हुने हुँदा छुट्टै रसको रूपमा स्वीकार गरेका देखिन्छन् र यो रसलाई प्रतिष्ठित र प्रामाणिक बनाउने कार्य भने विश्वनाथले गरेका हुन् । अतः यिनै आचार्यहरू अनुरूप वात्सल्य रसलाई एउटा छुट्टै रसको रूपमा लिएर प्रस्तुत काव्यको अध्ययन विश्लेषण गरिएको छ ।

### २.४.११ भक्तिरस

भरतको नाट्यशास्त्रमा भक्तिरसको चर्चा गरिएको पाइँदैन । यस रसको अलग्गै आवश्यकता नभएको कुरालाई विभिन्न आचार्यहरूले बताएका छन् तथापि उत्तरवर्ती युगमा यसको छुट्टै आवश्यकता रहेको कुराको पक्षमा पनि केही आचार्यहरू रहेका छन् । यस क्रममा भानुदत्त, रूपगोस्वामी, हेमचन्द्र आदिले यस रसलाई छुट्टै रस मानेका छन् । 'यस रसले देशभक्ति, राजभक्ति एवम् ईश्वरभक्ति जनाएको हुन्छ । यस रसको स्थायी भाव भक्ति, आलम्बन विभावमा दश, ईश्वर, महापुरुष आदि, उद्दीपन विभावमा देश, देवता, ईश्वर, महापुरुष आदिको महिमा गाउनु, अनुभावमा सेवा, ध्यान, त्याग, तपस्याको अनुभूति, गुण, कीर्तन, ध्यान आदि र व्यभिचारीभावमा हर्ष, रोमाञ्च आदि पर्दछन् (विश्वनाथ, १९७६: १२२) ।

## २.५ साधारणीकरण

रस निष्पत्तिको व्याख्या गर्ने क्रममा साधारणीकरण सिद्धान्त पनि देखापरेको छ । यसको शाब्दिक अर्थ असाधारणलाई साधारण बनाउनु वा विशेषलाई सामान्य बनाउनु हुन्छ । यस सिद्धान्तको प्रतिपादन भरतको नाट्यशास्त्रमा उल्लेख गरिएको रससूत्रको व्याख्या गर्ने क्रममा भट्टनायकले गरेका छन् । उनले अभिधा, भावकत्त्व र भोजकत्त्व व्यापारका माध्यमबाट साधारणीकरण भई रसको आस्वादन हुन्छ भन्ने मान्यता व्यक्त गरेका छन् । उनका अनुसार भावकत्त्व व्यापार नै साधारणीकरण हो । भावकत्त्व व्यापारद्वारा काव्यार्थको साधारणीकरण भएपछि भोजकत्त्व व्यापार सक्रिय हुन्छ र यस व्यापारको सहायताबाट दर्शक, पाठक, श्रोता आदिले रसको भोग गर्दछ भन्ने उनको भुक्तिवादको सिद्धान्तमा रहेको छ । उनका अनुसार विभावादिको साधारणीकरण हुँदा काव्यमा भावकत्त्व व्यापारद्वारा विभावादिका रूपमा देखापर्ने सीतादिका क्रियाकलापहरूबाट रामादिमा प्रकट हुने रतिभाव सामान्य पुरुषमा हुने रतिभावमा रूपान्तरण हुँदा

भावकले सीता राम आदिलाई सामान्य पात्रको रूपमा देख्न पुग्दछन् जसलाई नै भट्टनायकले साधारणीकरण भनेका छन् ।

भावको साधारणीकरण हुँदा व्यक्तिविशेषको सम्बन्ध अलग भई स्व र परको विभेद हराउँदै जान्छ अर्थात् विशेष नायक-नायिकाको स्थिति सामान्य पाठकको स्थितिसँग समान हुन्छ, त्यो नै साधारणीकरण हो ।

साधारणीकरणको व्याख्या गर्ने क्रममा अर्का व्याख्याता अभिनव गुप्त देखापरेका छन् । उनले भट्टनायकको साधारणीकरण सिद्धान्तलाई स्वीकार्दै परिष्कार एवम् थप व्याख्या गरेका छन् । उनले भावकत्त्व र भोजकत्त्व व्यापार शास्त्रसम्मत नभएकाले अस्वीकार गरी तिनको स्थान व्यञ्जनालाई दिएका छन् । 'सर्वप्रथम अभिधा व्यापारले काव्यका सामान्य अर्थको बोध गराउँछ । त्यसपछि व्यञ्जनावृत्तिका माध्यमबाट विभावन भई साधारणीकरण हुन्छ । विभावन भनेको रति आदि विभावलाई आस्वादनयोग्य रूप प्रदान गर्नु हो । यस अन्तर्गत अनुभावन र व्यभिचरण पनि पर्दछन् । यस प्रक्रियामा सर्वप्रथम विभावादिको विशेष सम्बन्ध हट्छ त्यसपछि सामाजिकको व्यक्ति संस्कार नष्ट हुन्छ र अन्ततः साधारणीकरण हुन्छ । उनका अनुसार साधारणीकरण स्थायी भावनाको पनि हुन्छ र विभावादिको पनि हुन्छ । साधारणीकरण भएपछि देशकालको सीमा हट्छ र व्यक्ति आफ्ना संस्कार तथा सुख दुःखका चेतनाबाट मुक्त हुन्छ" (शर्मा, लुइटेल, २०६१: ५२) ।

"साधारणीकरणको व्याख्या गर्ने अर्का व्यक्ति विश्वनाथ हुन् । यिनका अनुसार प्रमाताको आश्रयसँग अभेद स्थापित हुनु साधारणीकरण हो । साधारणीकृत स्थितिमा रत्यादि स्थायी भावको अनभव त्यही रूपमा हुन्छ र रसानुभूतिका समयमा यो मेरो हो, यो मेरो हेइन, यो अर्काको हो, यो अर्काको होइन जस्ता भेदहरू हटेर जान्छन् । यो स्थिति तादात्म्यको स्थिति हो र यो तादात्म्य साधारणीकरणको परिणामका रूपमा देखापर्दछ । तादात्म्यको यही अनुभूतिले रसको अनुभूति गराउँछ । यही तादात्म्यको कारण सामाजिकले हनुमानद्वारा गरिएको समुद्रलङ्घन तथा रामद्वारा गरिएको रावणवध आदिलाई आफूले नै गरेको ठान्दछ र साधारणीकरण हुन्छ । अभिनव गुप्तझैँ विश्वनाथले पनि विभावादि सबैको साधारणीकरण हुन्छ भनेका छन्" (शर्मा, लुइटेल, २०६१: ५२) ।

यसरी साधारणीकरणका सम्बन्धमा विभिन्न आचार्यहरूका मत रहेका देखिन्छन् । सर्वप्रथम भट्टनायकले प्रतिपादन गरेको भावकत्त्व व्यापारको सट्टा अभिनव गुप्तले व्यञ्जनावृत्तिलाई स्थापित गरे भने विश्वनाथले स्थायीभाव र विभावादिको साधारणीकरण हुने बताए । धनञ्जय, जगन्नाथजस्ता अन्य आचार्यहरूले पनि साधारणीकरणका सम्बन्धमा आ-आफ्ना मत राखेका पाइन्छन् । भट्ट नायकले प्रारम्भ गरेको रस निष्पत्तिको पूरक सिद्धान्तको रूपमा आएको साधारणीयकरण सिद्धान्तको समर्थन तथा परिष्कार गरी आफ्ना अभिव्यक्तिहरू राखेका पाइन्छन् । गुप्तपछि विभिन्न विद्वान्हरूले पनि यस सिद्धान्तका सन्दर्भमा आफ्ना मतहरू राखेका देखिन्छन् ।

यसरी समग्रमा भन्नुपर्दा साधारणीकरण सिद्धान्त भरतको रसनिष्पत्ति सम्बन्धमा व्याख्या-विश्लेषण गर्ने क्रममा आएको एक सिद्धान्त हो । कुनै पनि कृति/काव्य पढ्दा, हेर्दा वा सुन्दा, पाठक, श्रोता वा दर्शकमा काव्यमा प्रयुक्त पात्रलाई नै बिर्सी आफै एकाकार अवस्थामा पुगी तेरो-मेरो भन्ने भावना नभई चैतन्यभावको उदय हुन्छ अर्थात् परमानन्द अवस्थामा पुग्छ, त्यो नै साधारणीकरण हो । यस सिद्धान्त अनुसार सुरुमा अभिधा व्यापारद्वारा सामान्य अर्थबोध हुन्छ र भावकत्त्व व्यापारद्वारा विभावादिको साधारणीकरण भई भावकका हृदयमा रहेको स्थायी भावबाट रस सिर्जना हुन्छ र भोजकत्त्व व्यापारद्वारा ग्रहण/भोग गरिन्छ, यसलाई नै भट्टनायकले साधारणीकरण भनेका छन् ।

## २.६ निष्कर्ष

पूर्वीय साहित्य सिद्धान्तमा महत्वपूर्ण सिद्धान्तको रूपमा रसलाई लिइएको छ । यसको प्रयोग भरतको नाट्यविधाको सन्दर्भबाट भए पनि विभिन्न आचार्यहरूले पनि आफ्ना कृतिहरूमा यसको चर्चा गरिएको पाइन्छ । रसले साहित्यिक रचना विशेषताक प्राप्त हुने आनन्दलाई बुझाउँछ । भरतको नाट्यशास्त्रमा उल्लेख भए बमोजिम विभाव, अनुभाव र व्यभिचारीभावको संयोगबाट रस निष्पत्ति हुन्छ र स्रोता वा पाठकले साधारणीकरणको माध्यमबाट रसानुभूति गर्छ । अतः यसै सिद्धान्तका आधारमा प्रस्तुत काव्यमा रसहरूको प्रयोगको अवस्था हेरिएको छ ।

# परिच्छेद तीन
# सृजामाता प्रयुक्त अङ्गी रस

## ३.१ सृजामाता खण्डकाव्यको परिचय

सृजामाता खण्डकाव्य लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) द्वारा लिखित लोकलयमा आधारित एक खण्डकाव्य हो । देवकोटाद्वारा लिखित यो खण्डकाव्य पाण्डुलिपिकै रूपमा रहेको थियो र पछि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले वि.सं. २०३९ मा 'मैना' खण्डकाव्य सङ्ग्रहमा यस काव्यलाई सङ्ग्रहित गरेको हो । बनारसको प्रवासकाल (२००४-०६) मा लेखिएको यो काव्य देवकोटाको उत्तरकालको सिर्जना हो । पाश्चात्य सभ्यताको ग्रिसेली स्रोतको पौराणिक आख्यानमा आधारित यस खण्डकाव्यमा जम्मा पाँचवटा खण्डहरू रहेका छन् । यसमा ग्रिसेली पुराकथालाई देवकोटाले केही नेपाली सन्दर्भहरू समेत मिसाएर ग्रिसेली पुराकथाको नेपालीकरण गरेका छन् ।

### ३.१.१ कथावस्तु

प्रस्तुत खण्डकाव्यको शीर्षक सृजामाता बनोटका दृष्टिबाट सृजा र माता गरी दुई शब्दका बीचमा तत्पुरुष समास भई बनेको समस्त शब्द हो, जसको अर्थ सृजनाकी माता हुन्छ । यस काव्यमा पृथ्वीलाई सृजनाकी माता मानी पुराकालको ग्रिसेली कथालाई विषयवस्तु बनाइएको छ । पाँचवटा खण्डमा विभाजित यस खण्डकाव्यमा ग्रिसेली पुराकथामा वर्णित धर्तीका हरियाली र उजाडपनसँग सम्बन्धित धर्तीमाता सिरिज र छोरी प्रोजर्पिनाको कथालाई कवितात्मक ढङ्गमा प्रस्तुत गरिएको छ ।

**प्रथम खण्ड**

पाँच खण्डमा विभाजित यस खण्डकाव्यमा पहिलो खण्डमा प्राचीन कालमा ग्रिस देशमा अनेक कथाहरू प्रचलित रहेको र ती मध्येका सिरिजको कथा उनले यहाँ प्रस्तुत गरेका छन् । नेपाल जस्तै सुन्दर देश ग्रिसमा पृथ्वी माता सिरिजले आफ्नी छोरी प्रोजर्पिनालाई कतै नजानू भनी आफू ड्रागन नामको नागको रथमा चढी धानवाली हेर्न गएको अवस्थामा चुलबुले छोरी प्रोजर्पिनालाई फूलबारीमा पुगेको मौका पारेर यमले रथमा राखी अपहरण गरेर यमलोक पुऱ्याउँछन् । यमलोकमा पुगिसकेपछि प्रोजर्पिना खान, बोल्न र रमाइलो मान्न छोडी आमाको वियोगमा छट्पटाएकी हुन्छिन् । प्रोजर यसरी छटपटाएर बस्न बाध्य प्रोजर पिनालाई खुसी तुल्याइ यमप्रति आकर्षित गराउनको लागि एकान्त र विरहको वातावरण हटाउनुपर्ने प्रसङ्गहरू पनि यहाँ रहेका छन् ।

**दोस्रो खण्ड**

दोस्रो खण्डमा जब सृजामाता खेतबाट घरमा फर्किन्छिन्, त्यसपछि छोरीलाई घरमा नभेटेपछि राँको बालेर विरही झैं बनी रूँदै कराउँदै छोरीको खोजीमा भौतारिरहन्छिन् । खोजी गर्ने क्रममा उनी हेकेटी देवीकहाँ पनि पुग्छिन् र हेकेटी देवीले दिव्य दृष्टिबाट प्रोजर्पिना यमलोकमा भएको कुरा पत्ता लगाउँछिन् र यमलोकको बाटो सूर्यलाई थाहा हुने कुरा सृजामातालाई बताएपछि दोस्रो खण्ड समाप्त हुन्छ । यस भागलाई विकास भागको रूपमा लिन सकिन्छ ।

**तेस्रो खण्ड**

कात्तिकमा प्रोजर्पिना हराएपछि पृथ्वी उजाड बन्छ र पृथ्वीमा उर्वर र अनाज उब्जाउ हुने एवम् प्राणीका निम्ति अनुकूल हुने वातावरण पूरै समाप्त बनेको प्रसङ्ग यस खण्डमा रहेको देखिन्छ । आफ्नी छोरी यमलोकमा मृत्युको दोसाँधमा रहेको थाहा पाइ सृजामाता त्यहाँ जान लाग्नु, यमको आग्रह र प्रणयले दिएको फलफूल खान थाली प्रोजर्पिना केही प्रसन्न हुन थालेको प्रसङ्ग तथा उनको माइती देश हेर्ने इच्छा प्रकट गर्नु, मर्करीले छोरी भड्काएर लैजान नहुने भनेका प्रसङ्गहरू यस खण्डमा ६ महिना पृथ्वी उजाड बन्ने र ६ महिना हराभरा बन्ने प्रसङ्ग पनि यस खण्डमा रहेको छ ।

**चतुर्थ खण्ड**

यस खण्डमा यमका घरको फल चाखेपछि त्यसका प्रभावले प्रोजर्पिनाको आत्मा यमलोकमा नै बस्न बाध्य भए पनि उनमा पृथ्वीमाता सिरिजलाई भेट्ने इच्छा रहिरहनु, यमले पनि केही दिनका लागि उनी माइत जाउन् भनी भन्नु र छोरीको वियोगमा छट्पटाएकी सृजामाता आक्रोशमा आई यमराजलाई झपार्दै आफ्नी छोरी पृथ्वीमा लैजान खोज्दा हस्यौंला मर्करीले प्रोजर्पिना यमकी रानी भइसकेको वास्तविकतालाई उद्घाटित गर्नुजस्ता प्रसङ्ग यहाँ रहेका छन् । त्यस्तै प्रोजर्पिना ६ महिना यमपुर र ७ महिना पृथ्वीमा रहनुपर्ने यमको शर्त बमोजिम सिरिजले उनलाई लिएर पृथ्वीतर्फ हिँड्नु र प्रोजर्पिना ६ महिना माइत (पृथ्वी) मा बस्दा पृथ्वीमा वसन्त लाग्ने र ६ महिना यमपुरमा बस्दा पृथ्वीमा हिउँद लाग्ने कुराहरू जुन ग्रिसमा गुँथिएको पृथ्वीको कथाको रहस्यका बारेमा यस खण्डमा उल्लेख गरिएको छ ।

**अन्तिम खण्ड**

यो खण्ड चौथो खण्ड पूर्ण भइसकेपछि कविले प्रस्तुत गरेको उपदेश-दर्शनमा आधारित छ । कविको निजी वैचारिक व्याख्यानको रूपमा आएको यो खण्ड आख्यानात्मक संरचनाका दृष्टिले अनपेक्षित रहेको देखिन्छ । सृजना शक्तिको स्रोत सृजामातालाई पृथ्वीको बिम्बका रूपमा

लिई पृथ्वी एउटा जड वस्तुको रूपमा मात्र नभई भौतिक पिण्डका उत्पादित सम्पूर्ण वस्तुहरू पृथ्वीमाताले प्रदान गरेका छन् भनी यहाँ भनिएको छ । पृथ्वीको पुत्रीका रूपमा प्रोजर्पिनालाई लिएर उनको अनुपस्थितिमा ६ महिना पृथ्वीले पुत्री वियोगको असह्य वेदनाले गर्दा उर्वरा निष्क्रिय रहेको अवस्थाको प्रस्तुति यहाँ छ । त्यसैगरी पृथ्वीका समग्र सत्पक्षलाई सकारात्मक रूपमा प्रस्तुत गर्ने र अर्काको सन्तानको रक्षा गरेर बसी पृथ्वीमाताले भलो चिताएकोले गर्दा अन्त्यमा आफ्नी छोरी भेट्न सफल भएका कुराहरू पनि उल्लेख गरिएको छ ।

### ३.१.२ पात्रविधान

प्रस्तुत खण्डकाव्यमा केन्द्रीय पात्रका रूपमा सिरिज, प्रोजर्पिना र प्लुटो रहेका छन् भने अन्य पात्रहरूमा जुपिटर, मर्करी, हेकेटी, अपोलो रहेका छन् । यहाँ संकेत गरिएका अन्य पात्रहरूमा श्रीवनस्पति (वनका राजा), गोठालो, पजिउन बूढा, तारागण, पर्वत, रानी, राजकुमार, वासुदेव आदि रहेका छन् । प्रमुख पात्र सिरिजलाई यहाँ पृथ्वीमाता एवम् मातृसृजनाशक्तिको प्रतीकको रूपमा लिइएको छ । उनलाई सत्पात्र एवम् अर्धगतिशील नारी पात्रका रूपमा उभ्याइएको छ । त्यसैगरी प्रोजर्पिना सिरिजकी छोरी, सत्पात्र एवम् गतिशील पात्रकी रूपमा रहेकी छिन् । प्लुटो अर्धगतिशील, पुरुष पात्र, यमलोकका राजा, अर्धसत्पात्र आदिका रूपमा रहेका छन् । यहाँ रहेका विभिन्न पात्रहरूका माध्यमबाट विभिन्न कुराहरूको बिम्बाङ्कन गरिएको छ । यसका साथै वनस्पतिदेव, जलदेवता, तारागण, मर्करी, हेकेटी, सृजामाता, प्रोजर्पिना आदि प्राकृतिक तत्त्वहरूलाई मानवीकरण गरेर उनीहरूका प्रभावलाई क्रियाकलापमा अङ्कन गरिएको छ भने राजा, रानी, राजकुमार पजिउन बूढा, गोठालो आदि पात्रहरूलाई गौण पात्रका रूपमा उभ्याइएको छ । अतः यसल समस्त विश्व परिचालनमा मानव एवम् प्रकृतिको परस्पर सहचार्यको आवश्यकता छ भनी देखाइएको छ ।

### ३.१.३ परिवेशविधान

प्रस्तुत काव्यमा ग्रिसको पर्यावरणलाई मुख्य स्थानगत परिवेशमा लिइएको छ । ग्रीसको वस्ती, गाउँ, खेती, बेँसीदेखि लिएर त्यहाँको यमलोकको समेत चर्चा गरिएको छ । ग्रिसेली पूराकथामा आधारित रहेर लेखिएको यस काव्यमा गर्मी मौसमका ६ महिनाभर पृथ्वी हराभरा रहने र जाडो महिनामा पृथ्वी उजाड बन्ने वास्तविकता परिवेशगत अभिव्यक्ति यहाँ पाइन्छ । ग्रिसको परिवेश विधानलाई प्रस्तुत काव्यमा नेपालसँग गाँस्न खोजिएको छ । यसका लागि ग्रिसको परिवेशलाई नेपालको भौगोलिक परिवेशजस्तै रहेको भनी यहाँ उल्लेख गरिएको छ ।

यसका साथै सृजामाता बाली हेर्न गएकी खेत, प्रोजर्पिना खेल्न निस्केको स्थान, प्रोजर्पिनालाई अपहरण गरेको एकलासको ठाउँ, हेकेटीको स्टिजियन गुफा जस्ता स्थानहरू पनि यस

काव्यमा स्थानगत परिवेशका रूपमा आएका छन् । प्रस्तुत काव्यमा ग्रिसेली पुराकथामा नेपाली समाज र खानपिनसँग सम्बन्धित शब्दहरू जस्तैः माइत, लोग्ने, खुर्सानी, आलु-तामा जस्ता सन्दर्भहरूको प्रयोग गरी नेपालीपन दिन खोजिएको छ ।

### ३.१.४ सर्ग योजना तथा लयविधान

प्रस्तुत काव्यमा १६ अक्षरको हरफ योजनामा निर्माण हुने झ्याउरे लोकलयको प्रयोग भएको छ । द्विपंक्ति बराबर एक पद्य हुने गरी जम्मा ३३७ श्लोकमा आधारित यस काव्यमा एकदेखि पाँचसम्म क्रमशः ७२, ५७, ५४, ७० र ७४ वटा श्लोकहरू रहेका छन् । अन्तरअनुप्रासीयता एवम् अन्त्यानुप्रासीयताको प्रयोगले गर्दा यहाँ श्रुतिमधुर लय उत्पन्न भएको छ । पाँच खण्डमा आवद्ध प्रस्तुत काव्यमा पाँचौ खण्डबाहेक अन्य खण्डहरूमा मूल आख्यानको कवितात्मक अधिव्यक्तिद्वारा सुसङ्गठित भएको देखिन्छ ।

### ३.१.५ विम्बालङ्कारविधान

प्रस्तुत खण्डकाव्यमा स्वर्ग, पृथ्वी र पातलसँग सम्बन्धित विभिन्न प्रतीकहरूको प्रयोग भएको देखिन्छ । त्यसैगरी प्रकृतिका विविध पक्षहरूलाई बिम्ब विधानमा ढालेर प्रस्तुत गरिएको यस काव्यमा प्रकृतिका अनेक पक्षलाई मानवीकरण गरिएको छ । यहाँ शब्दालङ्कारका रूपमा श्लेष, अनुप्रास, यमक र अर्थालङ्कार अन्तर्गत उपमा, रूपक, दृष्टान्त उत्प्रेक्षादि अलङ्कारहरूको प्रयोग भएको देखिन्छ ।

### ३.१.६ भाषाशैली

प्रस्तुत खण्डकाव्यमा अनुप्रासीय एवम् अन्त्यानुप्रासीय शैलीगत माधुर्य रहेको देखिन्छ । छोटा छोटा एवम् समासरहित शब्दहरू, कर्तृवाच्यको प्रधानता, अमूर्त भाववाचक नामपद, विशेषणपद र क्रियापदको आधिक्य प्रयोग भएको पाइन्छ । त्यसैगरी अप्रत्यक्ष कथनहरूको बढी प्रयोग भएको प्रस्तुत काव्यमा संवादात्मक प्रत्यक्ष कथनहरू पनि रहेका छन् । त्यसैगरी यहाँ पाञ्चाली रीति र माधुर्य गुणको बढी प्रयोग भएको देखिन्छ । समग्रमा भाषा सरल र सहज देखिन्छ ।

## ३.२ अङ्गी रस

काव्यमा प्रयुक्त मुख्य रसलाई अङ्गी रस भनिन्छ । यस रसका सम्बन्धमा सबैभन्दा पहिला चर्चा गर्ने आचार्य आनन्दवर्धन हुन् । उनका अनुसार कुनै पनि काव्यमा अङ्गी रस अवश्य पनि रहेको हुन्छ (नगेन्द्र, १९७४: २५३) । भरतले पनि आफ्नो नाट्यशास्त्रमा अङ्गी रसको चर्चा यसरी गरेका छन् -

बहूनां समवेतानां रूपं यस्य भवेद् बहु ।
स मन्तव्यो रसः स्थायी शेषाः सञ्चारिणो मताः ॥

७।१२०

यसरी उनका अनुसार काव्यमा अधिक रूपमा रहेको रस अङ्गी रस हुन्छ ।

यसैगरी डा. नगेन्द्रले रस सिद्धान्त कृतिमा अङ्गी रसका लक्षण चर्चा गर्ने क्रममा प्रमुख लक्षणका रूपमा सर्वव्याप्तिलाई लिएका छन् । उनले काव्यको सुरुमा प्रस्तुत हुने र पटक पटक दोहोरिने रस नै अङ्गी रस हुन बताएका छन् । त्यसैगरी सहायक लक्षणमा काव्यमा रहेको मुख्य पात्र (पुरुष/महिला) को मुलवृत्ति वा प्रतिफल हुने र उसकै जीवन साधनाको प्रसार रूप हुने बताएका छन् (नगेन्द्र, १९७४: २८५) ।

यसरी हेर्दा पनि काव्यमा अङ्गी रस अनिवार्य रूपमा रहेकै हुन्छ । यो सर्वव्याप्ति हुने, यसका तुलनामा अन्य रस गौण हुने अर्थात् अन्य रसले यो रस उद्दीप्तिमा सघाउने कार्य गर्दछ । अन्य रस उद्दीप्तिमा यो रस प्रेरक/कारक तत्व बनेको हुन्छ । त्यसैगरी यो रस मुख्य पात्रसँग सम्बन्धित घटनामा आधारित रहन्छ । अतः यिनै आधारहरूको आधारमा प्रस्तुत काव्यमा अङ्गी रसको रूपमा वात्सल्य रसलाई लिन सकिन्छ र जसलाई रससामग्रीका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :-

### ३.२.१ विभाव

दर्शक वा पाठकका मनमा शोक, प्रेम, उत्साह विस्मय, हाँसो, भय, क्रोध, निर्वेद, वत्सल आदि भावहरूको उजागर गर्ने तत्त्व विभाव हो । यसले हृदयमा सुषुप्त अवस्थामा रहेका स्थायी भावहरूलाई जागृत गराउने कार्य गर्दछ । विभाव दुई किसिमका हुन्छन् । आलवम्बन विभाव र उद्दीपन विभाव ।

### ३.२.१.१ आलम्बन विभाव

(क) रस उद्दीप्तिका लागि भावले जुन वस्तु वा व्यक्तिको आश्रय लिन्छ । त्यसलाई आलम्बन विभाव भनिन्छ । विषय विभाव र आश्रय विभाव गरी आलम्बन विभाव पनि दुई किसिमका हुन्छन् -

**विषय विभावः** जसलाई लक्ष्य गरेर स्थायी भाव अङ्कुरण हुन्छ त्यो नै विषय विभाव हुन्छ अर्थात् जसका कारण स्थायी भाव सृजना भई रस निष्पत्ति हुन्छ, त्यो नै विषय विभाव हो ।

**आश्रय विभाव**ः जुन व्यक्तिमा स्थायी भाव सृजना भई रस निष्पत्ति हुन्छ त्यो नै आश्रय विभाव हुन्छ ।

प्रस्तुत काव्यमा विभिन्न सन्दर्भमा विभिन्न विभावहरू आएका छन् जसको व्याख्या-विश्लेषण पछाडि सम्बन्धित ठाउँमा नै गरिनेछन् र यहाँ भने अङ्गी रसको रूपमा आएको वात्सल्य रसको सन्दर्भलाई आधार मानी विभावलाई केलाइएको छ । यहाँ प्रोजर्पिना र सृजामाता विभावका रूपमा आएका छन् । आफ्नी छोरीलाई कसैले केही गर्छ कि, हराउँछे कि भनी सधैँ चिन्तित रहने आमा सृजामाता यहाँ आश्रयालम्बन हुन् भने उनकी छोरी प्रोजर्पिना विषयालम्बन हुन् । छोरीलाई यमले अपहरण गरेर लगिसकेपछिको अवस्थामा पनि छोरीकै कारण उनमा सृजना भएका देखिन्छन् । अतः प्रस्तुत काव्यमा अङ्गी रसका सन्दर्भलाई नियालेर हेर्दा सृजामाता र प्रोजर्पिना नै आलम्बन विभावका रूपमा रहेका देखिन्छन् ।

### ३.२.१.२ उद्दीपन विभाव

विभावको अर्को भेद उद्दीपन विभाव हो । स्थायी भावलाई उद्दीप्त पार्ने वा उकास्ने मूल तत्त्व नै उद्दीपन विभावअन्तर्गत आउँदछ अर्थात् विषय विभावको जुन कारण, अवस्थाले रस सृजना गराउँछ त्यो उद्दीपन विभाव हुन्छ । यस अन्तर्गत नायक-नायिकाको मृत्यु, विछोड एवम् अन्य परिवेश, एकान्त स्थल, नदीनाला, रूप, गुण प्राकृतिक सुन्दरता, वाणी, ताल आदि पर्दछन् ।

प्रस्तुत काव्यमा छोरीको माया/प्रेम धेरै हुनु छोरी यसबाट अपहरण हुनु, छोरी खोज्नको लागि बाटो सोध्दा सूर्यले बाटो नबताइदिनु, मर्करीले ठट्यौली गर्नु, छोरी लिन यमलोक पुगिसकेपछि ६ महिना पृथ्वी र ६ महिना यमलोक रहनुपर्ने शर्त बमोजिम केही समयका लागि मात्र पृथ्वीमा छोरी लैजान भनी यमले भन्नु आदि सन्दर्भहरू उद्दीपन विभावको रूपमा आएका छन् ।

छोरी यमबाट अपहरण भएको सन्दर्भले नै सृजामाता धेरै भौँतारिएकी छिन् । छोरीको खोजीमा विभिन्न व्यक्तिहरूलाई हारगुहार गर्न पुगेकी छिन् । यो परिस्थितिले करुण भाव सृजना हुन गए पनि वत्सल भावलाई प्रगाढ बनाउन सघाउ पुऱ्याएको छ-

साह्रै नै दुःखी जननी सिरिज जगतै रोएर
विलौना गरी घर-घरै फिरिन् चिराँक लिएर ।
२।१४

### ३.२.२ अनुभाव

विभिन्न विभावका कारण हृदयमा उद्‌बुद्ध भएका भावहरूलाई प्रकट गर्नका लागि अंग, हाउभाउ आदिका विभिन्न व्यापार वा चेष्टालाई अनुभाव भनिन्छ । आचार्य विश्वनाथका अनुसार "जसले वास्तविक जीवनमा सीता आदि र चन्द्र आदि आ-आफ्ना आलम्बन र उद्दीपनका कारण राम आदिका मनमा जागेका रतिआदि स्थायी भावलाई प्रकाशमा ल्याएर कार्यको रूप प्राप्त गर्दछन् । यिनैलाई काव्य र नाटकमा अनुभाव भनिन्छ" (उपाध्याय, २०६७: २९) । अनुभाव आङ्गिक, सात्त्विक, मानसिक र आहार्य गरी चार किसिमका हुन्छन् ।

प्रस्तुत काव्यमा विभिन्न सन्दर्भमा भिन्न भिन्न अनुभावहरू आएका छन् तापनि वात्सल्य रसका सन्दर्भमा रहेर अनुभावलाई केलाइएको छ -

सृजामाता जब धानबाली हेर्न भनी खेततर्फ जान्छिन्, तब उनी आफ्नी छोरीलाई कसैले केही गर्छ कि, हराउँछिन् कि भनी चिन्ता गर्छिन् । छोरीको मायाले गर्दा उनमा विभिन्न अनुभावहरू देखिएका छन् जस्तै छोरीलाई बाहिर नजानू भनी सम्झाउनु, मायाको ओठले चुम्बन गर्नु आदि ।

भनेर छोइन, मायाको ओठले लालीको मिठास
सिरिजमाता हेर्नलाई गइन् धानको विकास ।

१।२५

जब सृजामाता आफ्नो धानबाली हेरी फर्कन्छिन् घर फर्कंदा आफ्नी छोरी नभएकीले उनको खोजीमा हरेक ठाउँ भौंतारिन्छिन् र हेकेटी देवी, सूर्य आदि सबैलाई सोध्न पुग्छिन् । आफ्नी छोरी पत्ता लगाउन नसकी उनी रुन्छिन् कराउँछिन्, चिराँक बालेर रातदिन भौतारिरहन्छिन् । यमलोकमा छटपटाइरहेकी छोरीको खोजीमा भौतारिएर बिलौना गरी शोकमा डुबेकी सृजामाता तिखो स्वरले विलौना गरी हिँडिरहेकी हुन्छिन् । अतः यस अवस्थामा मानसिक अनुभाव एवम् सात्त्विक भावअन्तर्गतका अश्रु एवम् प्रलय अनुभावहरू सृजना हुन पुगेका छन् -

हावा त झन्-झन् डरले भागे, जल त कुदे दूर,
बिलौना तिनको साह्रै नै तीखो छेड्थ्यो सबै उरे ।

२।२१

त्यसैगरी खण्ड दुईको ९, १०, ११, १२, १३-२९ सम्म नै सात्त्विक अनुभाव अन्तर्गतका अश्रु एवम् प्रलय अनुभावहरू रहेका छन् । यी श्लोकहरूमा पिना (छोरी) हराइसकेपछि बिलौना गरी भौंतारिएको अवस्था रहेका छन् । जस्तैः

आमाको दिल रुवाउनेलाई नरकको वास छ,
आमाको आँसु खसाउनेलाई न कही आश छ ।

२।१३

माथिको श्लोकमा आफ्नी छोरीको वियोगमा तड्पिएकी सृजामाताले यसरी मातृहृदय रुवाउनेलाई कहिल्यै भलाइ नहुने, आँसुले उसलाई बाटो नदिने भन्ने अभिव्यक्ति व्यक्त गर्दा सात्त्विक अनुभाव सृजना भएको छ । आदि हुन्छ भनी भन्दा सात्त्विक अनुभाव सृजना भएको छ । छोरीको खोजीमा भौतारिएकी सृजामाताले सूर्यलाई यमलोक जाने बाटो सोध्दा सूर्यले फुर्सद नभएको भनी भन्दछन् । उनले मातृहृदय रोएको कुरा बुझ्दैनन् । यसले गर्दा सृजामातामा क्रोधको भावना सृजना हुन्छ र सूर्यलाई सराप्न पुग्दछिन् -

आमाको आँखा भिजेको देखी नबोल्ने बचन,
तिमीलाई लागोस् ज्योतिमा टाटो अदृश्य गहन ।

४।८

प्रस्तुत श्लोकमा अनुभावअन्तर्गत आमाको आँखा भिज्नु, बाटो नदेखाउनेलाई सराप्नु आदि रहेका छन् जुन मानसिक अनुभाव अन्तर्गत पर्दछन् । जुन अनुभाव वत्सल भावलाई प्रगाढ बनाउन आएका देखिन्छन् ।

यसैगरी छोरीलाई खोज्दै यमलोक पुगेकी सृजामाता मर्करीले गरेको ठट्यौली एवम् छोरीलाई ६/६ महिना यमलोक र पृथ्वी दुवैमा राख्नुपर्ने शर्तबमोजिम केही समयका लागि मात्र पृथ्वीमा लिएर जानु भन्ने यमको वचनले उनी रिसाउन पुगेकी छिन् । पृथ्वी सबै ध्वंस पारिदिने, यमलाई पृथ्वीमा आउन नदिने, पृथ्वीको हराभरा नष्ट पारिदिने आदि भनी यमलाई उनी गाली गर्छिन् -

यत्तिमा आइन् क्रोधले काँपी नागरथमा महतारी
पृथ्वी नाशै पारिदिन्छु सबै फलफूल उतारी

४।३७

य यमराज ! ए छोरी चोर । यत्तिमा अडिन् ती
प्रोजर्पिना घुँक्का ली रुन्थिन् ती तरफ बढिन् ती ।

४।४२

यसरी माथिका श्लोक एवम् ३७ देखि ४७ औं श्लोकसम्म सृजामाताका यम माथिको आक्रोशका भावहरू रहेकाले यी श्लोकहरूमा मानसिक अनुभाव रहेका छन् । रिसले सृजामाता

काँपेकी छिन् र उनमा छोरीको मायाले गर्दा नै यमप्रतिको रिस रहेको र मानसिक अनुभाव अन्तर्गतको कम्पनभाव यहाँ देखिएको छ । त्यस्तै सात्त्विक भावअन्तर्गतका वैवर्ण्य एवम् वेपथु अनुभावहरू पनि यहाँ देखापरेका छन् । यी सबै अनुभावहरू देखापर्नु आफ्नो सन्तानको माया, ममता नै हो अर्थात् यहाँ प्रेरक तत्त्व नै वत्सल भाव हो ।

प्रोजर्पिना अपहरित भई यमलोक रहँदा पृथ्वीमा हरियाली हराएको, बाली नभएको, रूखका पत्तीहरू दुःखले झरेका सन्दर्भहरू प्रस्तुत गरिएका छन् । प्रस्तुत काव्यमा सृजामातालाई पृथ्वीमाताका रूपमा प्रस्तुत गरिएकाले यहाँ प्रतीकात्मक रूपमा पृथ्वीको यो अवस्थाको चित्रण गर्नुको अर्थ छोरीको वियोगमा आमाको दयनीय अवस्था देखाउन खोजिएको हो -

पृथ्वीभर भएन बाली कात्तिकदेखिन् रे,<br>
रूखका पत्ती दुःखले झरे फूलरानी झुकिन् रे ।

३।१

माथिको श्लोकमा वत्सल भावलाई देखिने अनुभावहरूमा छोरीसँगको वियोगपछि दुःखित हुनु, पात झर्नु, बालीनाली नहुनु आदि रहेका छन् ।

### ३.२.३ व्यभिचारी भाव/सञ्चारी भाव

संस्कृत व्याकरणमा वि+अभि+चारीको संयोगबाट व्यभिचारी भावको निर्माण भएको हो । अनियमित रूपमा / अस्थायी रूपमा चल्ने भावहरूका सञ्चार गर्ने कार्य व्यभिचारी भावले गर्दछ । त्यसैगरी विभाव र अनुभावका आधारहरूलाई पुष्टि गर्ने कार्य पनि यसले गर्दछ । यसलाई सञ्चारी भाव पनि भनिन्छ र जुन ३३ प्रकारका हुन्छन् । प्रस्तुत काव्यमा विभिन्न सन्दर्भमा आएका निम्नानुसारका व्यभिचारी भावहरूले वत्सल भाव सृजनामा सहयोग पुऱ्याएका छन् -

### ३.२.३.१ निर्वेद

तत्त्व ज्ञानलाई हेय सम्झी आफूलाई धिक्कार्ने र वैराग्य भाव उत्पन्न भई निराश हुने भाव निर्वेद भावअन्तर्गत पर्दछ । प्रस्तुत काव्यको द्वितीय खण्डअन्तर्गतका ३८, ३९, ४०, ४१, ४२, ४३ र ४४ औं श्लोकहरूमा यो भाव पाइन्छ । संसारदेखि निराश भएकी हेकेटी देवी निराश भएर छोरीको खोजीमा हिँडेकी सृजालाई समेत संसार केही छैन, यो एउटा चिता हो र जहाँभित्र रहेर हाँस्न सकिँदैन, रोएर अनि संसार त्यागेर मात्र संसारको वास्तविकता बुझिन्छ, छोरी खोज्न नगई यही गुफामा आफूसँग बस भनी भन्दछिन् जस्तैः

योगको भ्रम वियोग सत्य संसारको नश्वर<br>
हाँस्ने हुन् काना रुने हुन् साँचा रुने नै काम गर ।

३।३८

संसार सारा हो परिवर्तन नर्तन नाशको
यो चित्ताभित्र जलेर हाँस्ने हो मूर्ख खासको

२।४२

हेकेटी देवीले आफूसँगै बस, सबैथोक छोड भनी भन्दा निर्वेद भाव सृजना भएको छ तथापि सृजामातालाई यो भावले छुँदैन । उनी आफ्नी छोरीको मायालाई त्यागेर गुफामा बस्न स्वीकार नगरी छोरीकै खोजीमा भौतारिरहन्छिन् ।

### ३.२.३.२ आवेग (बेचैनी, चिन्ता, उत्तेजना)

आवेगको अर्थ सम्भ्रम हुन्छ । विशेष परिस्थितिमा असंयमित हुनु आवेग हो । आवेग आठ प्रकारका रहेका छन् र ती आठ प्रकारका आवेगहरूमध्ये प्रस्तुत काव्यमा इष्टज आवेग र अनिष्टज आवेग गरी दुई प्रकारका आवेग रहेको पाइन्छ :

**इष्टज आवेग** : यस आवेगमा इष्ट अर्थात् चाहेको कुराको प्राप्तिबाट हर्षभाव उत्पन्न हुन्छ । यस काव्यमा जब यमले प्रोजर्पिनालाई अपहरण गरी ल्याउँछन् र केही समयपछि उनको माया पाई हर्षित हुँदा उनमा वेचैनी उत्पन्न हुन्छ -

भावले कोमल हालेर जरा हृदय समायो,
निष्ठुरतामा बज्र पो आफ्नो थोपा पो रसायो ।

३।२६

अहेला दिल सँगिनीविना राजको मरूमा
हिउँदको बूढो रूख झैं फूल्यो रंग आयो तरूमा ।

३।३८

आँखामा आयो डुबुल्के प्रेम रसले भुल्भुल,
दिलले बोल्यो "हो मेरी रानी ।" मौनको कुल्बुल ।

३।३६

यसरी नै प्रस्तुत काव्यको तृतीय खण्डअन्तर्गतका २६, २७, ३६, ३७, ३८ र ३९ औं श्लोकहरूमा इष्टज आवेग रहेका छन् । यी श्लोकहरूमा प्रोजर्पिना पाएर प्रफुल्ल भएका यममा इष्टज आवेग सृजना हुन पुगेको छ । यस भावले पनि वत्सल भावलाई झनै गाढा बनाउन सघाउ पुऱ्याएको छ । यदि यम र पिनामा प्रेमभाव नबसेको भए अर्थात् यमले अपहरण नगरेका भए

वत्सल भाव मजबुत हुन सक्दैनथ्यो । अतः इष्टज आवेग भावले पनि वत्सल भाव सृजनामा प्रेरक तत्त्वको भूमिका निर्वाह गरेको छ ।

**अनिष्टज आवेगः** अनिष्टजबाट उत्पन्न आवेगमा शोक हुन्छ अर्थात् अनिच्छित वस्तुबाट उत्पन्न हुने शोकभाव अनिष्टज आवेग हो । प्रस्तुत काव्यमा छोरी हराइसकेपछि सृजामाता हरेक ठाउँमा खोजीका लागि भौतारिन्छिन् । राँको बालेर बिलौना गर्दै हेकेटी देवी, सूर्य आदिलाई सोध्न पुग्छिन् र हारगुहार गर्छिन् -

साह्रै नै दुःखी जननी सिरिज जगतै रोएर,
विलौना गरी घर-घरै फिरिन् चिराँक लिएर ।

२।१४

सिरिजमाता बहुलाकी जस्ती जगत चारेर
चिराँक लिई दितरात घुमिन् छातीलाई फालेर

२।२९

यसैगरी तृतीय खण्डको ९-२१ एवम् २७ र २८ औं श्लोकहरूमा अनिष्टज आवेग भाव रहेको छ र अनिष्टज आवेगबाट करुण भाव सृजना हुन पुगे पनि यसको मूल कारण भनेको वत्सल भाव नै हो र वत्सल भावलाई नै उत्कर्षमा पुऱ्याउन यसबाट सघाउ पुगेको छ ।

### ३.२.३.३ दैत्य (दुर्दशा, दयनीय अवस्था)

कुनै पनि चिन्ता, दुर्दशा आदिका कारण मुखमलिन हुने र दीनदुःखी भाव व्यक्त हुने भाव दैन्य भाव हो । प्रस्तुत काव्यमा हेकेटी देवीको दयनीय अवस्थाको चित्रण गरिएको छ । झारको सुक्खा पातलो ओछ्यानमा सुत्ने, सुकेका गाला र रगतविनाको हेकेटी निहुरिएर दिग्दार मानी बसेको सन्दर्भ यहाँ दिइएको छ –

झारको सुक्खा पातलो ओछ्याउन भस्मले लेपेर,
खुंचेका रेखा निधारका बस्थिन् वैराग्य जपेर ।

२।३२

सुकेका गाला, सुकेका छाला रगतविनाकी,
निहुरेर बस्थिन् दिग्दारी माता विरागी मनकी ।

२।३३

यसैगरी छोरी हराएकोले सृजामातालाई दुर्दशा आइलागेको छ । रातदिन छोरीको खोजीमा भौतारिँदा अनेक दुःख कष्टहरू भेल्नुपरेकोले दयनीय अवस्था पनि सृजना भएको छ र दैन्य भाव सृजना भएको छ । जस्तैः

रोएर हिँड्थिन् सिरिज तर माघका ठण्डीमा,
चिराँक लिई दिन र रात वियोगको बन्दीमा ।

४।१

### ३.२.३.४ उग्रता (दृढता, क्रूरता)

शौर्य, अपराध, अपकार आदिबाट निःसृत असहिष्णु भाव वा उद्दण्डतालाई उग्रता भनिन्छ । यसबाट पसिना आउनु, शिरको कम्पन हुनु, धम्क्याउनु, पिट्नु आदि चेष्टा उत्पन्न हुन्छ । प्रस्तुत काव्यमा यमले पिनालाई अपहरण गरिसकेपछि यमलोक लिन पुगेकी सृजामाता (आमा) यम र मर्करीदेखि धेरै रिसाउँछिन् र तिनीहरूलाई गाली गर्छिन् । पृथ्वीको सम्पूर्ण हरियाली नष्ट पारिदिने, पृथ्वी पूर्व ध्वंस पारिदिने, पृथ्वीमा आउन नदिने आदि भनी आक्रोशमय भावहरू व्यक्त गर्छिन् -

के हाँस्छस् मर्करी खुम्च्याइ मुखको रेखा रे,
न दे त मलाई लैजान छोरी तोड्नेछु सेखी रे ।

४।३८

लौ आइज फेरि यमराज मेरो पृथ्वी टेक्नलाई
मेरा छन् नाग लगाई दिउँला पाइला छेक्नलाई

४।४५

### ३.२.३.५ उन्माद (पागलपन, विक्षिप्त)

काम, शोक, भय आदिका कारण चित्त विक्षिप्त हुनु उन्माद हो । प्रस्तुत काव्यमा पनि छोरीसँगको वियोगको पीडाले सृजामाता विक्षिप्त अवस्थामा पुगी उन्माद भाव सृजना हुन पुगेको छ । सृजामाता छोरीको चिन्ताले विक्षिप्त अवस्थामा पुगेकी छिन् -

साह्रै नै दुःखी जननी सिरिज जगतै रोएर,
विलौना गरी घर घरै फिरिन् चिराँक लिएर ।

२।१४

हा मेरा छोरी । रत्न झैं गोरी बोलेनन् ताराले,
यी कस्ता अन्धा रातभन्दा बन्द नदेख्ने साराले ।

२।१९

अतः माथिका श्लोकहरूमा उन्माद भाव सृजना भएको छ र ९, १०, १३, १४, १५, १७, १७, १८, १९, २० औं श्लोकहरूमा पनि उन्माद भाव रहेको छ ।

### ३.२.३.६ विषाद (खिन्नता)

अनर्थको निवारण गर्ने उपायको अभावमा उत्पन्न हुने भाव विषाद भाव हो । यसमा निःश्वास, मनमा ताप हुने, गहिरो सास फेर्ने, सहयोगीको खोजी गर्ने जस्ता विकारहरू रहन्छन् । प्रस्तुत काव्यमा सृजामाताले आफ्नी छोरीको खोजीमा धेरैसँग हारगुहार माग्न पुगेकी छिन् । नारायण, तारा, सूर्य, हेकेटी, जलका देव, वायुका देव आदिलाई छोरी भएको ठाउँ बताइदिन आग्रह गर्दै बिलौना गर्न पुगेकी छिन्, आफ्नी छोरी हराएकोमा उनी खिन्न मन लिएर भौँतारिरहेकी छिन् -

"हा मेरी छोरी ! फूल झैं गोरी हावा हो भनन,
वायुका देव, जलका देव, बिलौना सुनन ।"

३।२०

अतः यहाँ सृजामाता छोरीलाई भेटाइदिनको लागि हरेकसँग सहयोग माग्दै हिँड्दा विषाद भाव सृजना हुन पुगेको छ ।

### ३.२.३.७ चिन्ता

इच्छा गरिएको वस्तु नपाउँदा, कसैको वियोग हुँदा वा अनिष्ट प्राप्तिबाट चिन्ताभाव उत्पन्न हुन्छ । शून्यता, श्वास र तापजस्ता मनोविकारहरू यस भावमा रहन्छन् । प्रस्तुत काव्यमा छोरी हराउँदा सृजामातामा चिन्ताभाव सृजना भएको छ । रातदिन नभनी आफ्नो सन्तानको खोजीमा उनी भौँतारिरहेकी छिन् । जस्तैः

आमाको दिन रुवाउनेलाई दैवेले सराप्छ,
सिरिज माता साह्रै नै रोइन् आँसु नै क्या पाप ।

३।१२

रातभर हिँड्न अकेली भनभन वियोगी जननी
शिशुको हानी आँखामा पानी महतारी अवनी ।

३।२३

यसरी सृजातामा आफ्नी छोरीको मायाले गर्दा वियोगी झैं बनेर रोइ कराइ हिँडेकी अवस्थामा चिन्ताभाव सृजना हुन पुगेको छ । यसका साथै छोरीको वियोगमा भौतारिएर निराश

भई खोजीमा हिँडेका सन्दर्भहरू रहेका प्रथम खण्डका ५४, ५५, ५९, ६१ दोस्रो खडका ९-२१, २७, २९, ३६, तेस्रो खण्डका १२ औं आदि श्लोकहरूमा पनि चिन्ताभाव रहेका छन् ।

यसका साथै आमासँग भेट हुन नपाउँदा प्रोजर्पिनामा पनि चिन्ताभाव देखापरेको छ । यमले अपहरण गरेर लगिसकेपछि खानपिनविना नै निराश भएर यमलोकमा बसेकी प्रोजर्पिनामा आफ्नी आमासँग भेट्ने तीव्र इच्छा हुन्छ -

यमपुरमा तर प्रोजर्पिना खानपान विनाकी,
गलेर गइन् पहेंली फूल नीरसले झीनाकी ।

३।१२

सम्झिन्नन् तर प्रोजर्पिना मन उनको रूँदो छ,
सम्झना बर्सी बिजुली झलक स्वदेश छुँदो छ ।

१।६१

यसरी माथिका श्लोकहरूमा पनि अपहरण भएर यमलोकमा पुगेकी प्रोजर्पिनामा पृथ्वीको अनि आमाको यादले गर्दा चिन्ताभाव सृजना भएको छ ।

संसारदेखि विरक्त भएकी, संसारलाई एउटा चिता मान्ने हेकेटी देवी छोरी खोज्न पुगेकी सृजालाई पनि संसार त्याग र यहीँ आफूसँग गुफामा बस भन्दछिन् । त्यहाँ उनको दयनीय अवस्था रहेको छ । उनका गाला सुकेका र रगत नभएको छ साथै उनी सधैं निहुरिएर दिग्दार मानेर बसिरहेकी हुन्छिन् -

सुकेका गाला सुकेका छाला रगत विनाकी,
निहरेर बस्थिन् दिग्दारी माता विरागी मनकी ।

२।३३

माथिको श्लोकमा सधैं दिग्दारी मानी बसिरहने हेकेटी देवीमा चिन्ताभाव देखिएको छ । यसरी संसारदेखि विरक्तिएर चिन्तित बनी संसार त्याग, यहीँ बसी रोऊ भन्दा उनको यो भनाइले सृजालाई छुन पुगेको छैन । उनी मेरो बच्चालाई मैले भेट्नु छ म बस्दिन भनी बच्चाकै मायाले चिन्तित बनी भौतारिएकी छिन् ।

### ३.२.३.८ उग्रता

कसैले आफूप्रति गरेका नराम्रो काम कारण असहिष्णु भाव राख्नुलाई उग्रता भनिन्छ । अरूको दोष उद्घोषण गर्नु, धम्क्याउनु आँखीभौ टेढामेढा हुनु, अवज्ञा र क्रोध आदि मनोविकारहरू

यस अन्तर्गत पर्दछन् । सृजामाता खण्डकाव्यमा आफ्नो छोरी यमले हरण गरी यमलोक पुऱ्याउँदा र ६ महिना यमलोक तथा ६ महिना पृथ्वीमा रहनुपर्ने शर्त सुनाउँदा सृजामामा असूय भाव सृजना भएको छ । असूय भावका कारण उनी यमप्रति आक्रोशित भई तुच्छ वचनहरूसमेत बोल्न पुग्छिन् । वत्सल भावकै कारण असूय भाव सृजना हुन पुगेको छ अर्थात् भाव सृजनाको मूल कारण / तत्त्व नै वत्सल भाव हो । जस्तैः

त्यत्तिमा आइन् क्रोधले काँपी नागरथमा महतारी,
पृथ्वी नाशै पार्दिन्छु सबै फलफूल उतारी !

३।३७

के हाँस्छस् देवदूत मर्करी खुम्च्याइ मुखको रेखा रे,
न दे त मलाई लैजान छोरी तोड्नेछु सेखी रे ।

३।३८

यसरी सृजामाता क्रोधित भई यम एवम् मर्करीसँग रिसाउँदा असूय भाव सृजना भएको छ ।

### ३.२.३.९ चपलता

ईर्ष्या, डाह, द्वेष, राग आदिका कारण हुने मनको चञ्चलतालाई चपलता भनिन्छ । अर्कालाई निन्दा गर्नु, कठोर वचन बोल्नु, उच्छृङ्खल आचरण गर्नु आदि मनोविकारबाट चपलता भाव निर्मित हुन्छ ।

प्रस्तुत काव्यमा पनि छोरी अपहरण गरेर लाने यमसँग आक्रोशले सृजामातामा चपलता भाव सृजना भएको छ । सन्तानप्रतिको मायाले गर्दा यमसँग उनी रिसाएर धेरै कठोर वचनहरू समेत बोली गाली गलौच गर्न पुगेकी छिन् -

लौ आइज फेरि यमराज मेरो पृथ्वी टेक्नलाई,
मेरा छन् नाग लगाई दिउँला पाइला छेक्नलाई ।

३।४५

यसरी वत्सल भावका कारण छोरी लिन पुगेकी सृजामाता यमसँग आक्रोशित हुँदा चपलता भाव सृजना हुन पुगेको छ ।

### ३.२.३.१० स्मृति (पूर्वज्ञान)

पहिला अनुभव गरिएको ज्ञानको पूर्वज्ञान हुनु अर्थात् पहिलाका कुरालाई पुनः सम्झनु स्मृति हो ।

प्रस्तुत काव्यमा हराएकी छोरी प्रोजर्पिनाको रूपरंग सम्झँदै कुन पापीले कहाँ पुऱ्याउँदा रुँदै बसेकी होली भनी सम्झँदा स्मृति भाव सृजना भएको छ -

"हा मेरी छोरी ! हा मेरी छोरी शिरिष कलिली,
स्याउको रंग भएकी ठिटी रत्न झैं हँसिली ।

२।१५

कुन पापी आई तिमीलाई लग्यो कुन देश विरानो,
कसरी तिमी रोएको ह्‌यौली घर सम्झी पुरानो ।

२।१६

### ३.२.३.११ शङ्का

अरूको क्रूर आचरण, आत्मदोष आदिका कारण अनर्थ तर्क गर्नु शङ्का/सन्देश हो । यस भावअन्तर्गत विवर्ण हुनु, काँप्नु, स्वरभङ्ग हुनु, यताउति हेर्नु, मुख सुक्नु आदि मनोविकार तथा क्रियाहरू पर्दछन् ।

प्रस्तुत काव्यमा छोरी प्रोजर्पिनालाई अपहरण गर्ने यसमाथि शङ्का भाव सृजना भएको छ । यसकै कारण उनी यमलाई गाली गर्दै आक्रोशित बन्न पुगेकी छिन् -

यत्तिमा आइन् क्रोधले काँपी नागरथमा महतारी,
पृथ्वी नाशै पार्दिन्छु सबै फलफूल उतारी ।

३।३७

यसरी आफ्नी छोरीको मायाभावका कारण अपहरण गर्ने यमलाई क्रोधले काँप्दै गाली गर्दा शङ्का भाव सृजना भएको छ ।

यसरी प्रस्तुत काव्यमा अङ्गी रसको रूपमा रहेको वात्सल्य रससँग सम्बन्धित विभिन्न व्यभिचारी भावहरू आएको देखिन्छ । यसका साथै अन्य रसहरूसँग सम्बन्धित भएर आएका माथिका अन्य व्यभिचारी भावहरूले पनि वत्सल भाव सृजनामा सहयोग पुऱ्याएका छन् र यी बाहेक अन्य व्यभिचारी भावहरूको चर्चा सम्बन्धित रसमा नै गरिनेछन् । व्यभिचारी भावहरू तुरुन्तै आउने र तुरुन्तै हराइहाल्ने भए पनि स्थायी भाव सृजनामा यिनीहरूले ठूलो भूमिका निर्वाह गर्दछन् ।

### ३.२.४ स्थायी भाव

सुरुदेखि अन्त्यसम्म स्थायी रूपमा रहिरहने चित्तवृत्ति नै स्थायी भाव हो । यसले नै रस निर्धारणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । कुनै पनि काव्य वा नाटक पढ्दा/हेर्दा पाठक/श्रोतामा जुन छाप पर्दछ अर्थात् जुन भाव सृजना हुन्छ त्यो स्थायी भाव हो । रसका सङ्ख्याअनुसार नै स्थायी भावहरू रहेका छन् जसमा रति, शोक, आश्चर्य, भय, क्रोध, वैराग्य/शान्ति, हास्य, उत्साह, जुगुप्सा पर्दछन् । यसरी नवरसहरू अनुरूप नौवटा नै स्थायी भावहरू मानिएका छन् ।

रसको व्याख्या गर्ने सन्दर्भमा पछिल्ला समयमा भक्ति एवम् वात्सल्य रसको पनि चर्चा गरिएको पाइन्छ । भक्ति रस सानाले ठूलालाई गर्ने माया, आदर, सम्मानमा आधारित छ भने वात्सल्य रस आफ्ना आमाले आफ्ना सन्तानलाई गर्ने माया-ममतामा आधारित छ । प्रस्तुत काव्यमा पनि सुरुदेखि अन्त्यसम्म नै आफ्नी आमाले छोरीप्रति देखाएको मायाभाव नै प्रमुख रूपमा देखिएकाले वात्सल्य रसको स्थायी भावका रूपमा वत्सव भाव रहेको छ ।

यसरी प्रस्तुत रूपमा आफ्नो आमाले छोरीप्रति अगाध माया प्रकट गर्दै अनेक दुःख कष्टको साथ छोरी, पृथ्वीमा फिर्ता ल्याउन सफल भएको सन्दर्भ रहेको छ । माथि उल्लेख गरिएका रससामग्रीहरूका आधारमा प्रस्तुत काव्यलाई हेर्दा अङ्गी रसका रूपमा वात्सल्य रस रहेको देखिन्छ । वीच-वीचमा विभिन्न रसहरू आए पनि ती सबै वात्सल्य रसकै सहयागी बनेर आएका देखिन्छन । अतः वात्सल्य रसको रूपमा रहेको अङ्गी रसलाई यसरी चर्चा गर्न सकिन्छ :-

मुख्य पात्रको रूपमा रहेकी सृजामाता आफू बाली हेर्न जाँदा आफ्नी छोरी प्रोजर्पिनालाई घरबाट बाहिर ननिस्कन अह्राएको सन्दर्भ, कसैले आफ्नी छोरीलाई लैजान्छ कि भन्ने शंका गर्नुका साथै आफ्नो ओठले छोरीलाई मीठो चुम्बन गरेको सन्दर्भबाट आमाले आफ्नो सन्तानप्रति गरेको माया स्पष्ट झल्किएको छ -

ए मेरी मीठी सुन्दरी पिना ! स्याउगाले रसिली
घरैमा बस्नु म जाँदा टाढा ए छोरी ! हसिली

१।२४

भनेर छोइन् मायाको ओठले लालीको मिठास,
सिरिज माता हेर्नलाई गइन धानको विकास ।

१।२५

यसरी माथिका श्लोकहरूमा हेर्दा वात्सल्य रस रहेको देखिन्छ । यसै खण्डमा सृजामाता नागरथमा चढी हावाको पथमा रथ उडेको सन्दर्भमा आश्चर्य भाव हुने अद्‌भुत रस, यमले प्रोजर्पिनालाई अपहरण गरेपछि प्रोजर्पिनाको दयनीय अवस्था एवम् मातृवियोगका कारण पिनाको छट्पटीमा करुण रस सृजना हुन पुगेको छ, तथापि यी सबै रसहरू उत्कर्षमा नपुगी वात्सल्य रसलाई नै पोषण गर्न आएका छन् र वत्सल भाव सृजनामा एउटा परिवेशको काम गरेका छन् । यिनै कारणले नै यहाँ वत्सलभाव सृजना हुन पुगेको छ ।

धानबाली हेरेर फर्किसकेपछि छोरी प्रोजर्पिना हराएको थाहा पाएर सृजामाता छोरीको खोजीमा भौतारिन्छिन् । हकेटी देवीकहाँ आफ्नी छोरी कहाँ गएकी भनी सोध्न पुग्छिन् र हेकेटी देवीले यमले अपहरण गरी छोरीलाई यमलोक पुऱ्याएको तर आफूलाई भने बाटो थाहा नभएको र सूर्यलाई थाहा भएको कुरा बताउँछिन् । यसरी हरेक व्यक्तिलाई छोरीको बारेमा सोध्दै बिलौना गर्दै हिँड्दा करुण रस सृजना हुन पुगेको देखिन्छ । तथापि सृजाको कारुणिक अवस्थाले झनै बढी वात्सल्य भाव देखिन पुगेको छ । यसै खण्डमा हेकेटीको दयनीय अवस्थामा करुण एवम् स्वर्ग, पृथ्वी र पातालका आध्यात्मिक तत्त्वका चित्रणमा शान्त रसको पनि सृजना हुन पुगेको भए तापनि यी सबैले वात्सल्य रसका लागि परिवेशको रूपमा काम गरेका छन् अर्थात् वात्सल्य रसका लागि सन्दर्भहरू बनेर आएका छन् ।

जसरी चट्टान बिना पहाडको परिकल्पना नै गर्न सकिन्न त्यसैगरी सृजामाता पनि छोरीसँगको विछोडमा रहन नसकी उनको यादमा तड्पिएर अश्रुधारमा डुबेकी छिन् -

वियोगभन्दा कठोर छैन ढुङ्गा र पहाड,
जननी दिलको आँसुको झुलको छेड्दछ पहाड ।

२।२६

आमाको दिलको कठोर रोदन आमाको नजर जल
आमाको दिलको विलौना हरि । बन्दछ सागर भल ।

२।२७

यसरी दोस्रो खण्डका यी २६ र २७ औं श्लोकहरूमा वत्सल स्थायी भाव हुने वात्सल्य रसको सृजना हुन पुगेको छ । छोरीको यादले नै सृजामाताको स्थिति ढुङ्गा विनाको माटो अर्थात् माटो बिनाको ढुङ्गा झैं बन्न पुगेको छ ।

छोरीको खोजीमा भौतारिएकी सृजाको मातृहृदयको कसैले ख्याल नगरेकोमा उनी झनै बढी विलौना गर्छिन् । उनले आफ्नो विलौना सुन्नको लागि हावा, तारागण, जलदेव,

वायुदेव, सूर्य आदि सबैलाई आग्रह गर्दा करुण रस सृजना भए पनि करुण रसले वात्सल्य रसलाई झनै उत्कर्षमा पुऱ्याउन खोजेको देखिन्छ ।

प्रस्तुत काव्यको तेस्रो परिच्छेदमा प्रोजर्पिना सृजामातासँग (पृथ्वी) छुट्टिएर यमलोक बस्नुपर्दा पृथ्वीमा कुनै पनि किसिमको बालीनाली नभई पृथ्वी नाङ्गो भएको र साग पातमा तुषारो लागेको प्रसङ्ग उल्लेख भएको देखिन्छ । सृजामातालाई पृथ्वीमाताको प्रतीकको रूपमा लिइएको यस काव्यमा जब छोरी प्रोजर्पिनासँग सृजामाताको वियोग हुन्छ अनि पृथ्वी (सृजामाता) को दयनीय अवस्था भएको देखाएको छ र यहाँ पनि छोरीप्रतिको तीव्र मायाले नै यस्तो अवस्था भएको छ -

पृथ्वीभर भएन बाली कात्तिकदेखिन रे,
रूखका पत्ती दुःख ले झरे फूलरानी झुकिन रे ।

३।१

साग र पात तुषारो लागि हिउँद आयो रे,
पृथ्वी भइन् दुःखले नाङ्गी सिंगार गयो रे ।

३।३

प्रस्तुत श्लोकहरूमा सृजामातालाई पृथ्वीका रूपमा लिएर पृथ्वीलाई छोरीको वियोगको ठूलो चोट परेकाले शृङ्गारसहित हराएर नाङ्गो उजाड मरूभूमिजस्तो भएको देखाइएको छ र जहाँ दुःखले रूखका सबै पात्रहरूसमेत झरेको अवस्थाको चित्रण गरिएको छ । यसरी दुःख पूर्ण अवस्थाहरू ल्याउने प्रमुख कारण छोरीको माया नै देखिन्छ । यसैगरी शिशुलाई अग्निको खातमा सुताउँदा आश्चर्य, छोरी खोज्दा बाटो नबताइदिँदा सूर्यलाई सराप्दा रौद्र आदि रसहरू सृजना भए पनि यी सबै रसहरूले वात्सल्य रस सृजनामा सहयोगीको भूमिका निर्वाह गरेका छन् ।

नवरसभित्र वात्सल्य रसलाई नराखिएको भए पनि आजभोलि यसको छुट्टै रसको रूपमा चर्चा भएको पाइन्छ । अतः प्रस्तुत काव्यमा पनि सुरुदेखि अन्त्यसम्म नै आफ्नी आमाले आफ्नी छोरीप्रति गरेको मायाको कारण वात्सल्य रस अङ्गी रस रहेको देखिन्छ ।

### ३.२.५ साधारणीकरण

भावको साधारणीकरण हुँदा व्यक्तिविशेषको सम्बन्ध अलग्याएर स्व र परको विभेद हराउँदै जाँदा साधारणीकरण हुन्छ । कुनै पनि कृति/काव्य पढ्दा, हेर्दा वा सुन्दा पाठक, श्रोता वा दर्शकमा काव्यमा प्रयुक्त पात्रलाई नै बिर्सी आफै एकाकार अवस्थामा पुगी तेरो मेरो भन्ने भावना हटी चैतन्यभावको उदय हुन्छ र परमानन्द अवस्थामा पुग्छ, ।

यो सिद्धान्तअनुसार साधारणीकरण निम्नानुसार हुन्छ :

(क) अभिधा व्यापारबाट अर्थबोध

(ख) दर्शक वा पाठक शून्य मनस्थितिको अवस्थामा पुग्नु

(ग) काव्यका पात्रहरू दर्शक वा पाठकको अस्तित्त्वमा परिवर्तन हुनु

(घ) दर्शक वा पाठकले आनन्दको अनुभूति गर्नु र साधारणीकरण हुनु ।

यसरी यो सिद्धान्तअनुसार सर्वप्रथम पाठक वा दर्शकले अभिधा व्यापारबाट अर्थबोध गर्दछ र भावकत्त्व व्यापारद्वारा विभावादिको साधारणीकरण भई ऊ शून्य मनस्थितिको अवस्थामा पुग्छ । त्यसपछि त्यहाँका पात्र नै आफैमा रूपान्तरित हुँदा स्थायी भावको सृजना भई दर्शक वा पाठकले आनन्द प्राप्त गर्दछ ।

प्रस्तुत काव्यमा पाठकले काव्य पढ्दा सर्वप्रथम उसलाई त्यहाँको घटना एवम् आमा र छोरीबीचको मायाको बारेमा सामान्य जानकारी हुँदै जान्छ र पढ्दै जाँदा ऊ शून्य मनस्थितिमा पुग्छ अर्थात् मध्य अवस्थामा पुगी सृजामाता एवम् प्रोजरपिनामा नै रूपान्तरित हुन्छ । त्यसपछि पूर्ण रूपमा नै पाठकले आफूलाई काव्यका पात्रमा रूपान्तरण गरी अनुभव हस्तान्तरण गर्दा उसमा स्थायी भाव सृजना हुन्छ र आनन्दको अनुभूति भई साधारणीकरण हुन्छ । आमा र छोरीकी प्रेमभाव मुख्य रूपमा रहेको यस काव्य पढ्दै जाँदा सृजामाता र प्रोजर्पिनाको घटनामा आफू एकाकार बन्न पुग्दा वत्सल भाव सृजना हुन गई वात्सल्य रस सृजना भएको छ ।

## ३.३ निष्कर्ष

रसहरूको चर्चा गर्ने क्रममा प्राय सबै आचार्यहरूले नवरसलाई नै मान्यता दिएका पाइन्छन् । भक्ति एवम् वात्सल्य रसलाई कसैले छुट्टै रसको रूपमा चर्चा गरेका छन् भने कसैले अन्य रसहरू भित्रै अन्तर्भूत हुने बताएका छन् । विश्वनाथ, भानुदत्त आदिले आफ्ना कृतिहरू वत्सल रस पनि छुट्टै रसको रूपमा रहेको र जुन रसबाट अन्य रसबाट झैं आनान्दानुभूति हुने बताएका छन् ।

प्रस्तुत काव्यमा सृजामाताले आफ्नी छोरीप्रति गरेको प्रेमभाव सुरुदेखि अन्त्यसम्म देखिन्छ र वत्सल भावकै कारण अन्य भावहरू पनि सृजना भएका देखिन्छन् । शृङ्गार रस र वात्सल्य रसको प्रतिस्पर्धात्मक अवस्था हुँदाहुँदै पनि मुख्य रूपमा यहाँ वात्सल्य रस नै रहेको छ ।

# चौथो परिच्छेद

# सृजामातामा प्रयुक्त अङ्ग रसहरू

कुनै पनि काव्य विभिन्न तत्त्वहरूको समायोजनबाट बनेको हुन्छ । काव्यलाई मिठास एवम् रसिलो बनाउने तत्त्वहरूमध्ये रस पनि एक हो । काव्यमा मुख्य रूपमा सुरुदेखि अन्त्यसम्म एउटा रस प्रवाह भएको हुन्छ भने त्यो रस उद्दीप्तिमा सहयोग पुऱ्याउन वीच-वीचमा अन्य रसहरू पनि आएका हुन्छन् र यसरी आउने रसहरूलाई अङ्ग रस भनिन्छ ।

प्रस्तुत काव्यमा पनि निम्नानुसारका अङ्ग रसहरू रहेका छन् -

## ४.१ अद्‌भुत रस

अनौठो वा असाधारण व्यक्ति, वस्तु, ठाउँ, इन्द्रजाल, रोमाञ्च आदिबाट मनमा उत्पन्न हुने आश्चर्यमय भावबाट अद्‌भुत रस उत्पन्न हुन्छ । स्थायी भाव आश्चर्य हुने यस रसमा अनौठो वस्तु, जादु आदि आलम्बन विभावमा रहेका हुन्छन् भने उद्दीपन विभावमा वस्तुको विचित्रता, रूप, रङ चित्र आदि रहेका हुन्छन् । त्यसरी नै अनुभावमा रोमाञ्च, आश्चर्य, जिभ्रो टोक्नु, काम्नु, औंला टोक्नु, वाल्ल पनु आदि हुन्छ भने व्यभिचारी भावमा आवेग, हर्ष, जडता, शङ्का चिन्ता आदि हुन्छन् ।

प्रस्तुत काव्यमा रससामग्रीका आधारमा अद्‌भुत रसलाई निम्नानुसार केलाइएको छ -

### ४.१.१ विभाव

प्रस्तुत काव्यमा अद्‌भुत रस सृजनामा विभिन्न विभाव आएका छन् । यसलाई आलम्बन विभाव र उद्दीपन विभावका रूपमा छुट्याउँदा आलम्बन विभावमा ड्रागन रथ र श्रोता / पाठक रहेका छन् । आलम्बन विभावका पनि दुईवटा पक्षमा यसलाई छुट्याउँदा आश्रयालम्बनमा श्रोता/पाठक रहेका छन् भने विषयालम्बनमा ड्रागन नामक रथ रहेको छ । प्रस्तुत काव्यको प्रथम खण्डअन्तर्गतको १३, १४ र पन्ध्रौं श्लोकहरूमा माथिका विभावहरू रहेका छन् । जस्तैः

नागको थियो उनको रथ ड्रागन नामको,
दुगुर्नलाई साह्रै नै मजा भीड पर्दा कामको ।
१।१३

ड्रागन नागको मुखमा हुन्थ्यो अग्निको ज्वाला रे,
त्यो ज्वालासँग निस्कन्थ्ये मुस्ला धुवाँका काला रे ।

१।१४

यसैगरी यसै खण्डको २६ र २७ औं श्लोकमा पनि ड्रागन रथकै चर्चा रहेको छ र यहाँ पनि ड्रागन रथ नै विषयालम्बनमा रहेको छ ।

यसैगरी झ्याउको सेजमा जलमहल बनाएर बस्ने पजिउन बूढाको सन्दर्भलाई हेर्दा ३२ र ३३ औं श्लोकमा श्रोता/पाठक आश्रयालम्बन र पजिउन बूढा विषयालम्बनमा रहेको देखिन्छ । पजिउन बूढाकै क्रियाकलाप सुन्दा/पढ्दा श्रोतामा/पाठकमा आश्चर्य भाव सृजना हुने हुँदा पजिउन बूढा विषयालम्बनमा रहेका छन् । जस्तैः

समुद्रा तीरमा पजिउन बूढा जलमहल बनाई
झ्याउको सेजमा लेटेर सुत्थे घाममा निदाई ।

१।३२

यसै खण्डको ४४ औं श्लोकमा अँध्यारो खाल्टोबाट आवाज निकाल्दै निस्केको एउटा रथको चर्चालाई हेर्दा यहाँ विषयालम्बनमा उक्त रथ रहेको छ ।

प्रस्तुत काव्यको चौथो खण्ड अन्तर्गत १७, १९ औं श्लोकमा अग्निका खातमा बालक सुताएको प्रसङ्ग पनि आश्चार्यलाग्दो रहेको छ र जहाँ विषयालम्बनमा अग्निको खातमा सुत्ने राजकुमार रहेको छ -

कुमार भयो दिन दिन राम्रो देव झैं उज्ज्वल
अग्निमा सुती मस्त पो हुन्थ्यो रातभर केवल ।

४।१९

**उद्दीपन विभावः** रस उद्दीप्तिका क्रममा उद्दीपन विभावले स्थायी भावलाई उद्दीप्त पार्ने कार्य गर्दछ । विषय विभावको कारण वा अवस्था यस अन्तर्गत पर्दछन् । प्रस्तुत काव्यमा अद्भुत रस उद्दीप्तिका क्रममा विभिन्न अनुभावहरू आएका छन् । ड्रागन नामक रथ दौड्नु, अग्निका ज्वालाहरू निकाल्नु, हावाको पथमा उड्नु जस्ता क्रियाकलापहरूले रस उद्दीप्त पार्ने वातावरण परिवेश सृजना गरेका छन् । नागले (ड्रागन रथ) यस्ता क्रियाकलाप गर्नु आश्चर्यलाग्दो कुरा हुँदा अद्भुत रस सृजना हुन्छ -

ड्रागन नागको मुखमा हुन्थ्यो अग्निको ज्वाला रे,
त्यो ज्वालासँग निस्कन्थ्ये मुस्ला धुवाँका काला रे ।

१।१४

पजिउन बूढाको सन्दर्भलाई पानीमा जलमहल बनाइ बस्नु, झ्याउको सेजमा सुत्नु अनौठा लाग्छ । अतः यी उद्दीपनहरूले अद्भुत रस सृजना हुन पुगेको छ ।

आलम्बन विभावको रूपमा रहेको राजकुमारको प्रसङ्ग पनि आश्चर्यलाग्दो देखिन्छ । अग्निका खातमा सुताउँदा मस्तसँग सुत्न सक्नु, अगिनमा सुती देव झैं उज्ज्वल बनी बढ्दै जानु जस्ता अवस्थाहरू उद्दीपन अन्तर्गत रहेका छन् । जस्तैः

भनेर तिनी बालकलाई मध्य है रातमा,
तेल घसीवरी सुताइलिन्थिन् अग्निका खातमा ।

४।१७

### ४.१.२ अनुभाव

ड्रागन नामक रथ (नाग) का विभिन्न क्रियाकलापहरू, पजिउन बूढाको जलमहल एवम् राजकुमारको अग्निमाथिको सुताइका प्रसङ्ग सुन्दा श्रोता/ पाठकलाई अनौठो लागि छक्क पर्दछन् । अतः माथि प्रस्तुत गरिएका विभावका कारण हृदयमा उद्बुद्ध भएका भाव प्रकट गर्ने क्रममा पाठक वा श्रोता अचम्मित हुँदा स्थायी भाव सृजना भई रस निष्पत्ति हुन्छ ।

### ४.१.३ व्यभिचारी भाव

क्षणमा नै आउने र क्षणमा नै हराउने सञ्चारी भाव/व्यभिचारी भावले स्थायी भाव सृजनामा सहयोग गर्दछ । प्रस्तुत काव्यमा अद्भुत रस सृजनामा औत्सुक्य एवम् शङ्काभाव सृजना हुन पुगेका छन् । पजिउन बूढा जलमहलमा सुत्नु, राजकुमार अग्निको खातमा मस्त भई सुत्न, नागको रथ धुवाँको मुस्लोसहित हावाको वेगमा उड्नु जस्ता प्रसङ्गहरूले श्रोता वा पाठकमा यस्तो के होला, कसरी भयो होला भन्ने शंका एवम् उत्सुकता जाग्दछ ।

### ४.१.४ स्थायी भाव

प्रस्तुत काव्यमा अद्भुत रस सृजनामा विस्मय स्थायी भाव सृजना भएको छ । विस्मय भाव पाठक/श्रोतामा उद्दीप्त भई अद्भुत रसको रसास्वादन भएको छ । माथि उल्लेखित रससामग्रीहरू अनुरूप यस काव्यमा अद्भुत रस सृजना हुन पुगेको छ ।

प्रथम खण्डको १३, १४, १५ औं श्लोक एवम् २६, २७, ३२, ३३ र चौथो खण्डअन्तर्गतको १७ एवम् १९ औं श्लोकमा माथि उल्लेख भएका रससामग्रीहरू रही अद्भुत रस सृजना भएको छ ।

## ४.२.शृङ्गार रस

रसराजको रूपमा मानिएको शृङ्गार रसमा नायक नायिकाकाको एक अर्काप्रतिको आशक्ति, शारीरिक वा आत्मिक प्रेमाकर्षण एवम् नैसर्गिक कामेच्छा र अनुरागका भावहरू रहेका हुन्छन् । रति स्थायी भाव हुने यस रसमा उग्रता, आलस्य, मरण र जुगुप्सावाहेक अन्य सबै सञ्चारी भावहरू रहेका हुन्छन् ।

सृजामातामा रहेको शृङ्गार रसलाई रससामग्रीका आधारमा निम्नानुसार चर्चा गर्न सकिन्छ -

### ४.३.१ विभाव

प्रस्तुत काव्यमा शृङ्गार रसका सन्दर्भलाई हेर्दा आलम्बन विभाव अन्तर्गतको विषयालम्बनमा प्रोजर्पिना तथा आश्रयालम्बनमा यम रहेका छन् । प्रोजर्पिनाको कलिलो बैंस एवम् स्याउगाले रसिला गालादेखि आकर्षित बन्न पुगेका यमले यमलोकमा उनलाई अपहरण गरेर लगेका छन् । अपहरण भएपछि पनि पिना यमप्रति आकर्षित हुन नसक्दा उनले पृथ्वीबाट अनारदाना ल्याएर ख्वाएपछि पिना पनि यमप्रति आकर्षित बनेकी छिन् र तत्पश्चात् यममा झनै पिनाप्रति प्रेमाकर्षण बढेको देखिएको छ ।

**उद्दीपन विभावः** विषयविभावको कारण वा अवस्थाको रूपमा यहाँ प्रोजर्पिनाको यौवन, उनले यमलाई दिएको मिठो वचन आदि रहेका छन् । प्रोजर्पिनाका यौवनदेखि आकर्षित बनेका यम प्रोजर्पिनाले मिठो बोल्न थालेपछि झनै आकर्षित भएका छन् । यहाँ उद्दीपन विभावको परिवेशअन्तर्गत यमको स्वर्गमय दरबार पनि आएको देखिन्छ -

साह्रै नै दिक्क भएको दिल सुकाइ बस्थे ती,
सुनेर आज कोमल बचन गदगद भए ती ।

२।२९

मुटु नै सर्र रसाई आयो आँखालाई भनेर
नसामा चल्यो प्रेमको रस जीवनै फूलेर

२।३०

### ४.३.२ अनुभाव

यम एवम् प्रोजर्पिनामा रति भाव सृजनाका क्रममा विभिन्न अनुभावहरू देखिएका छन् । प्रस्तुत काव्यको तेस्रो खण्डअन्तर्गतका ३०, ३१, ३६, ३७, ३८, ३९, ४३, ४६ जस्ता श्लोकहरूमा रति स्थायी भाव सृजना हुने अनुभावहरू देखिएका छन् जुन निम्नानुसारका छन् :

प्रस्तुत काव्यको ४३ औं श्लोकमा दुई दम्पत्तिबीच प्रेमाकर्षण बढ्दै गएपछि एक अर्कामा लज्जाको उत्पन्न हुन्छ । यमले प्रोजर्पिनालाई पाइसकेपछि धेरै हर्षित भई हर्षाश्रु खसाउन पुग्छन्-

सुनेर बोल्न कठिन भई लज्जा र प्रेमले,
छातीमा औंला देखाई झारी आँसुको बिन्दु रे ।

३।४३

यसरी उनीहरू प्रेममा डुबेर एक अर्कामा लाज र प्रेमको भाव सृजना भई खुशीले विभोर हुँदा खुसीका आँसुहरू बग्दा यहाँ सात्त्विक भावअन्तर्गतको अश्रुभाव सृजना हुन पुगेको छ । यसैगरी ३-९ औं श्लोकमा पनि सात्त्विक भावअन्तर्गतको अश्रुभाव सृजना भएको देखिन्छ । जर्पिनाको माया पाएर प्रफुल्ल बनेका यम जर्पिनालाई पलङमा बसाल्ने एवम् प्रेमभावहरू पोख्ने कार्य गर्दछन् -

झट्ट ती उठी जर्पिनालाई पलङमा बसाले,
हातलाई ताली चुम्बन दिई जलबिन्दु खसाले ।

३।३९

प्रस्तुत श्लोकहरूमा अनुभाव अन्तर्गत लाज लाग्नु, चुम्बन गर्नु, पलङमा बसाल्नु एवम् हर्षाश्रु खसाल्नु (सात्त्विक भाव) रहेका छन् ।

त्यसैगरी प्रस्तुत काव्यमा अन्य विभिन्न अनुभावहरू पनि रहेका छन् । नसा-नसामा प्रेमको रस चल्नु, आँखामा डुबुल्के प्रेम आउनु, दिलले हा मेरी रानी भन्नु, बूढो भएर पनि तरूनो झैं बन्नु आदि अनुभावहरू यहाँ रहेका छन् -

मुटु नै सर्र रसाई आयो; आँखालाई भनेर,
नसामा चल्यो प्रेमको रस जीवनै फूलेर ।

३।३०

आखामा आयो डुबुल्के प्रेम रसले भुल्भुल,
दिलले बोल्यो "हा मेरी रानी !" मौनको कुल्बुल ।

३।३६

अकेला दिल संगिनीबिना राजको मरूमा,
हिउँदको बूढो रूख झैं फूल्यो रँग आयो तरूमा ।

३।३८

सँगिनीविनाको जीवन लिएर निरास भई बसेका यमले प्रोजर्पिनाको माया पाएपछि हिउँदको बूढो रूख फूले झैं उनी हराभरा भई फूल्न पुगेका छन् । उनको हृदय प्रेमले पग्लिएको छ र अत्याधिक खुसी हुन पुगेका छन् ।

अतः यसरी माथि उल्लेख गरिएका अनुभावहरूबाट शृङ्गार रस सृजना हुन पुगेको छ ।

### ४.३.३ व्यभिचारी/सञ्चारी भाव

क्षणमा नै आउने र क्षणमा नै हराउने भए पनि व्यभिचारी भावले स्थायी भाव सृजनामा ठूलो सघाउ पु¥याउँछ । अतः यहाँ रति स्थायी भावलाई सहयोग पु¥याउनका लागि निम्नानुसारका सञ्चारी भावहरू आएका छन् :-

#### ४.३.३.१ हर्ष

प्रस्तुत काव्यमा प्रोजर्पिनादेखि आकर्षित बनी रानी बनाउने सपना बुनी अपहरण गरेर यमलोकका राजा यमले प्रोजर्पिनालाई ल्याए पनि धेरै समयसम्म उनले प्रोजर्पिनाको माया पाउन सकेका हुँदैनन् तर अनारदाना खुवाइसकेपछि उनले यमलाई अति धेरै माया गर्न थाल्छिन् । यसरी माया पाइसकेपछि यम धेरै खुसी हुन्छन् । हिउँदको बूढो रूख फूले झैं उनमा पनि यौवन आउँछ र प्रेमको रसमा डुबुल्की मार्न पुग्दा हर्ष भाव सृजना भएको छ र हर्षकै कारण उनमा हर्षाश्रु बगेको छ -

झट्ट ती उठी जर्पिनालाई पलङमा बसाले,
हातलाई तानी चुम्बन दिइ जलबिन्दु खसाले ।

३।३९

#### ४.३.३.२ धृति (स्फूर्ति)

प्रस्तुत काव्यमा प्रोजर्पिनाको माया पाउन थालेपछि यममा स्फूर्तिभाव पैदा भएको छ । जसरी हिउँदको बूढो रूख पनि फुलेर ढकमक्क हुन्छ । त्यसैगरी यममा पनि बूढो भएर पनि यौवन पलाएको छ, ऊ तन्नेरी झैं फूर्तिलो बनेको छ -

अकेला दिल सँगिनीबिना राजको मरूमा,
हिउँदको बूढो रूख झैं फूल्यो रँग आयो तरूमा ।

३।३८

यसैगरी तृतीय खण्डका २९, ३९, ३६ औं श्लोकहरूमा पनि स्फूर्ति भाव रहेको छ ।

यसरी स्फूर्ति एवम् हर्षभाव जस्ता व्यभिचारी भावहरू सृजना भई शृङ्गार रस सृजनामा सहयोग पुऱ्याएका छन् अर्थात् यी व्यभिचारी भावहरू सृजनापश्चात् रति स्थायी भाव सृजना हुन पुगेको छ ।

### ४.३.३ लज्जा/व्रीडा

अनारदाना खुवाइसकेपछि प्रोजर्पिना यमतर्फ आकर्षित भई यमलाई असाध्यै माया गर्न पुग्छिन् र यी दुवै प्रेममा बाँधिन्छन् । यसका साथै उनीहरू दुवैमा लज्जा भाव सृजना हुन पुगेको देखिन्छ । प्रस्तुत काव्यको तृतीय खण्डको ३१, ४३ र ४४ औं श्लोकहरूमा लज्जाभाव रहेको देखिन्छ -

भरोसा भावी स्पर्शविपाशु जर्पिना लजाइन्
यमले उनलाई वगलमा राखे झुकेर रसाइन

३।४४

सुनेर बोल्न कठिन भई लज्जा र प्रेमले
छातीमा औंला देखाई झारी आँसुको बिन्दु रे ।

३।४३

### ४.३.४ स्थायी भाव

जब दुई स्त्री-पुरुष आस्थाद्वारा एक अर्कामा बाँधिन्छन् वा एक-अर्कामा आशक्ति बढ्छ तब रति स्थायी भाव सृजना हुन्छ । अर्थात् यसरी स्त्री-पुरुषबीचको आशक्ति भावलाई नै रति भाव भनिन्छ । प्रस्तुत काव्यमा प्रोजर्पिना र यमबीचको प्रेम एवम् आशक्तिका कारण रति स्थायी भाव सृजना हुन पुगेको छ र रति स्थायीभावका कारण शृङ्गार रस सृजना हुन पुगेको छ ।

यसरी माथिका रससामग्रीका आधारमा प्रस्तुत काव्यमा शृङ्गार रस सृजना भएको छ । प्रोजर्पिना एवम् यममा एक अर्काप्रति आशक्ति सृजना भएको छ । यम प्रोजर्पिनाको माया पाएर प्रफुल्ल भई मानसिक एवम् शारीरिक रूपमा प्रेमभाव व्यक्त गर्न पुग्दछन् । प्रेमको रसमा डुबुल्की मारेर यमका नसा-नसामा प्रेमको रस पसेको छ, उनीहरू एक-अर्कामा प्रेमले लज्जित छन् र उनीहरू एक अर्कामा हराउन पुगेका छन् । अतः प्रस्तुत खण्डकाव्यको तृतीय खण्ड अन्तर्गतका ३०, ३१, ३७, ३७, ३८, ३९, ४३ एवम् ४६ औं श्लोकहरूमा शृङ्गार रस सृजना हुन पुगेको छ ।

प्रस्तुत खण्डकाव्य पाठकले पढ्दा एवम् श्रोताले सुन्दा सर्वप्रथम उसलाई प्रोजर्पिना र यमको मया प्रसङ्गबारे सामान्य अर्थबोध हुँदै जान्छ र पढ्दै जाँदा ऊ शून्य मनस्थितिमा पुग्छ अर्थात् मध्य अवस्थामा पुगी प्रोजर्पिना एवम् यसमा नै रूपान्तरित हुन्छ । त्यसपछि पूर्ण रूपमा नै पाठकले आफूलाई काव्यका पात्र (पिना एवम् यम) मा रूपान्तरण गरी अनुभव हस्तान्तरण गर्दा उसमा स्थायी भाव सृजना हुन्छ र आनन्दको अनुभूति भई साधारणीकरण हुँदा रसास्वादन हुन्छ अर्थात् प्रोजर्पिना र यममा नै आफू एकाकार बन्दा पाठक/श्रोतामा रति स्थायी भाव सृजना भई शृङ्गार रस सृजना हुन पुगेको छ ।

## ४.३ करुण रस

कुनै पनि दुःखपूर्ण घटनालाइ सम्झँदा, हेर्दा अर्थात् त्यस्तो काव्य/नाटक पढ्दा/हेर्दा मानिसका मनमा उत्पन्न हुने शोक भावबाट उत्पन्न हुने एक प्रकारको अमूर्त भावलाई नै करुण रस भनिन्छ । यसलाई विभिन्न अनुभावहरूबाट व्यक्त गरिन्छ । पियजनको मृत्यु, सम्पत्ति नाश, अप्रिय घटना आदि यसमा आलम्बन विभावका रूपमा रहेका हुन्छन् भने मृतकको लाश, चिन्ता, प्रियवस्तुको सम्झना आदि उद्दीपन विभाव अन्तर्गत रहेका हुन्छन् ।

सृजामाता काव्यमा प्रयुक्त करुण रसलाई रससामग्रीका आधारमा निम्नानुसार चर्चा गर्न सकिन्छ -

### ४.३.१ विभाव

प्रस्तुत काव्यमा करुण रसका सन्दर्भमा मुख्यगरी सृजामाता र प्रोजर्पिना विभावका रूपमा आए पनि विभिन्न सन्दर्भमा विभिन्न पात्रहरू विभावअन्तर्गत आएका छन् । आलम्बन विभाव र उद्दीपन विभाव गरी विभाव दुई किसिमका छन् ।

**आलम्बन विभावः** जब यमले प्रोजर्पिनालाई अपहरण गरेर यमलोक लैजान्छन् तब प्रोजर्पिना आफ्नो आमा एवम् घरको यादले निराश बनी छट्पटाइरहेकी हुन्छिन् । यमलोकको जति नै स्वर्गमय दरबार भए पनि उनी त्यसमा रम्न नसकी रातदिन रोइ कराइ विलौना गरी बस्छिन् । खानपिन विना पहेंली फूल झैं गलेर झिनाउँदै प्रोजर्पिना माईती जाने प्यासमा डुबेर बस्छिन् । अतः प्रोजर्पिनाको यस प्रसङ्गलाई हेर्दा प्रस्तुत काव्यमा प्रोजर्पिना आलम्बन विभावअन्तर्गतको विषयालम्बन र श्रोता/पाठक आश्रयालम्बनमा रहेका छन् -

उनको क्रन्दन हावामा चल्यो कसैले सुनेन,<br>
कठै ती रून्थिन् स्याउगाले ठिटी रोएर पुगेन ।

१।५४

यसरी प्रस्तुत काव्यको प्रथम खण्ड अन्तर्गतका ५४, ५५, ५९, ६१ तथा तेस्रो खण्डअन्तर्गतको १२ औं एवम् चौथो खण्डअन्तर्गतको ३४ औं श्लोकहरूमा अपहरित प्रोजर्पिनाको दयनीय अवस्थाको चित्रण गरिएको छ र जहाँ प्रोजर्पिना विषयालम्बनमा रहेकी छिन् र जसका कारण करुण रस सृजना हुन पुगेको छ ।

प्रस्तुत काव्यको दोस्रो खण्डअन्तर्गतको हेकेटी देवीको प्रसङ्गलाई हेर्दा उनको दुखद अवस्थाले करुण भाव सृजना हुन पुग्छ । सुकेका गाला, सुकेका छाला, रगत नभएकी ती वैरागी हेकेटी देवीको दयनीय अवस्थालाई हेर्दा यहाँ हेकेटी देवी विषयालम्बन र श्रोता/पाठक आश्रयालम्बनमा रहेका छन् । दोस्रो खण्डको ३२, ३३ एवम् ३३ औं श्लोकहरूका सन्दर्भमा हेकेटी देवी आलम्बन विभाव (विषय) मा रहेकी छिन् । जस्तैः-

सुकेका गाला सुकेका छाला रगत विनाकी,
निहुरेर बस्थिन दिग्दारी माता विरागी मनकी ।

२।३३

काव्यको मुख्य पात्र सृजामाताको प्रसङ्गलाई हेर्दा सृजामाता आश्रयालम्बन र प्रोजर्पिना विषयालम्बनका रूपमा रहेका छन् । काव्यमा सृजाताको कारुणिक अवस्थाले नै अङ्गी रसलाई (वात्सल्य) झनै प्रगाढ बनाउन सहयोग गरेको देखिन्छ । आफ्नो छोरी प्रोजर्पिनालाई यमले अपहरण गरी यमलोक पुऱ्याएपछि छोरीको खोजीमा रूँदै-कराउँदै भौतारिएकी सृजामाताको अवस्थाले करुण भाव सृजना गराउँछ । चिराँक बालेर दिनरात भौतारिरहेकी सृजामाताको दुःखद परिस्थितिलाई सूर्य, जलदेव, वायुदेव कसैले बुझ्दैन तथापि उनी हारगुहार भने गरिरहन्छिन् । अतः छोरीको वियोगमा छट्पटाएकी सृजामाताको कारुणिक अवस्थाको चित्रण भएका दोस्रो खण्डअन्तर्गतका १४, १७, १९, २०, २९ एवम् चौथो खण्डअन्तर्गतको पहिलो श्लोकहरूमा सृजामाता आश्रयालम्बन र प्रोजर्पिना विषयालम्बन रहेका छन् । प्रोजर्पिनाकै वियोगमा रातदिन भौतारिएका प्रसङ्गहरू यहाँ रहेका छन् ।

**उद्दीपन विभाव** : करुण रस सृजनामा प्रस्तुत काव्यमा विभिन्न उद्दीपन विभावहरू आएका देखिन्छन् ।

यसबाट अपहरण भई यमलोकमा खानपिनबिना पहेलो फूल झैं गलेकी प्रोजर्पिनाको दयनीय अवस्था, हेकेटी देवीको सुकेका गाला, रगत विनाको अनुहार एवम् खुम्चेका रेखा, चिथरो कपडा, एवम् सृजामाताको छोरीसँगको वियोग (छोरी हराउनु) जस्ता सन्दर्भहरू नै यहाँ उद्दीपन विभाव अन्तर्गत आएका छन् । यहाँ मुख्य रूपमा छोरी हराउनुले नै करुण रस सृजनामा

महत्त्वपूर्ण भूमिका खेलेको छ । छोरी हराएकै कारण सृजामातामा रोदन, विलौना एवम् भौतारिएका अवस्थाहरू आएका छन् ।

साह्रै नै दुःखी जननी सिरिज जगतै रोएर,
विलौना गरी घर-घरै फिरिन् चिराँक लिए ।

२।१४

यसरी प्रस्तुत काव्यमा छोरी हराउनु अर्थात् यमले अपहरण गर्नुले उद्दीपन विभावको रूपमा काम गरी करुण रस सृजना हुन पुगेको देखिन्छ ।

### ४.३.२ अनुभाव

प्रस्तुत काव्यमा करुण रस सृजनाका क्रममा विभिन्न अनुभावहरू सृजना भएका छन् । प्रोजर्पिनालाई यमलोकमा अपहरण गरेर लगिसकेपछि आफ्नो आमाको यादल रूनु, कराउनु, खाना नखानु जस्ता अनुभावहरू देखिएका छन् जुन सात्त्विक भावअन्तर्गतको अश्रु एवम् प्रलय भावमा पर्दछन् -

उनको क्रन्दन हावामा चल्यो कसैले सुनेन
कठै ती रून्थिन् स्याउगाले ठिटी रोएर पुगेन ।

१।५४

यसरी नै प्रस्तुत काव्यको प्रथम खण्डका ५४, ५५, ५९, ६१ तथा तेस्रो खण्डको १२ औं र चौथो खण्डको ३४ औं श्लोकमा रूनु, माइती जाने प्यासमा डुब्नु, दुःखित हुनु, खाना नखानु, निराश हुनु जस्ता अनुभावहरू रहेका छन् । जस्तैः-

पोल्टाको फूल बाटामा छरी रोएर चलिन् ती,
फर्कुंला भन्ने आशामा कठै निराश झुलिन् ती ।

१।५५

काव्यमा हेकेटी देवीको अवस्थाबाट पनि कारुणिक भाव सृजना भएको देखिन्छ । जीवनदेखि निराश भएकी हेकेटी देवीमा निहुरिएर बसिरहने, दिग्दार मान्ने जस्ता अनुभावहरू देखिएका छन् । जस्तैः-

झारको सुख्खा पातलो ओछ्याउन भस्मले लेपेर,
खुम्चेका रेखा निधारका बस्थिन् वैराग्य जपेर ।

२।३९

प्रस्तुत काव्यमा कारुणिक अवस्था सृजनामा सृजामाताको अवस्था महत्त्वपूर्ण रहेको छ । छोरी हराएपछि रातभर पनि छोरीको खोजीमा भौतारिएकी सृजामाता हरेकसँग छोरीको विलौना सुनाउँदै हिँड्छिन् । रूँदै कराउँदै जलदेव, वायुदेव, सूर्य, हेकेटी आदिसँग यमलोकको बाटो सोध्न पुग्छिन् । अतः यस अवस्थामा मानसिक अनुभाव एवम् सात्त्विक भाव अन्तर्गतका अश्रु एवम् प्रलय भाव सृजना हुन पुगेका छन् । त्यसैगरी रातदिन चिराँक लिएर भौतारिरहनु, बहुलाही जस्ती बन्नु, बिलौना गर्नु आदि अनुभावहरू करुण भावअन्तर्गत सृजना भएका छन् । दोस्रो खण्ड अन्तर्गतका १४, १७, १९, २०, २९ एवम् चौथो खण्डअन्तर्गतको पहिलो श्लोकहरूमा माथिका अनुभावहरूबाट करुण भाव सृजना भएको छ । जस्तैः

सिरिज माता बहुलाहीजस्ती जगत चारेर,
चिराँक लिई दिनरात घुमिल् छातीलाई फालेर ।

२।२९

रोएर हिँडुथिन् सिरिज तर माघका ठण्डीमा
चिराँक लिई दिन र रात वियोगको बन्दीमा

४।१

यसरी सिरिजमाताको कारुणिक अवस्थाबाट सृजित विभिन्न अनुभावहरूबाट शोक स्थायी भाव उत्पन्न भई करुण रस सृजना हुन पुगेको छ ।

### ४.३.३ व्यभिचारी भाव

क्षणमा आउने र क्षणमा नै हराउने भए पनि व्यभिचारी भावले स्थायी रस सृजनामा सहयोग गर्दछ । प्रस्तुत काव्यमा व्यभिचारी भावअन्तर्गत चिन्ता (दुःखपूर्ण विचार) रहेको छ । चाहेको कुरा नपाउँदा एवम् कुनै पनि अनिष्ट कुराको प्राप्तिबाट उत्पन्न हुने भाव चिन्ताभाव हो । चिन्तित तुल्याउने, वातावरण, घटना उद्दीपन विभावअन्तर्गत पर्दछ भने चिन्ताका कारण शून्यता, श्वास, ताप आदि मनोविकारहरू सृजना हुनु व्यभिचारी भावअन्तर्गत पर्दछ ।

प्रस्तुत काव्यमा प्रोजर्पिना आफ्नी आमाबाट वियोग भई यमलोक बस्नुपर्दा चिन्ता सृजना भएको छ । चिन्ताको कारण खानपिनविना नै निराशका साथ यमलोकमा उनी बसेकी छिन् । आफ्नो माइतीबाट टाढा हुँदा उनमा ताप बढेको छ जस्तैः

सम्भिन्नन् तर प्रोजर्पिना मन उनको रूँदो छ,
सम्भना बर्सी बिजुली भलक स्वदेश छुँदो छ ।

१।६१

यसैगरी विभावअन्तर्गत चर्चा गरिएका श्लोकहरू जहाँ प्रोजर्पिनाको कारुणिक अवस्थाको सन्दर्भहरू रहेका छन् । त्यहाँ शून्यता, ताप आदि मनोविकारहरू देखिएका छन् ।

यसैगरी हेकेटी देवीको दयालाग्दो अवस्थाको चर्चा गरिएका दोस्रो खण्डअन्तर्गतका ३२, ३३ र ३४ औं श्लोकहरूमा पनि चिन्ता भाव अन्तर्गतको शून्यता, श्वास एवम् तापजस्ता मनोविकारहरू देखिएका छन् । जस्तैः-

झारको सुख्खा पातलो ओछ्यान भस्मले लेपेर,
खुम्चेका रेखा निधारका बस्थिन् वैराग्य जपेर ।

२।३२

आफ्नी छोरी प्राजरपिना हराएपछि प्रोजर्पिनामा पनि चिन्ताभाव सृजना भएको छ । चिन्ताकै कारण उनी छोरीको खोजीमा अनेक ठाउँमा भौतारिरहेकी छिन् । अतः काव्यको सृजामाताको कारुणिक अवस्थाको चित्रण भएका दोस्रो खण्डअन्तर्गतका १४, १७, १९, २० एवम् २९ र चौथो खण्डको पहिलो श्लोकहरूमा चिन्ताभाव रहेको छ । यी श्लोकहरूमा छोरी हराएपछि दिनरात नभनी विरही बनेर छोरीको खोजीमा भौतारिरहेको अवस्था दिइएको छ । जस्तैः-

"हा मेरी छोरी । फूल झैं गोरी हावा हो, भनन,
वायुका देव, जलका देव, बिलौना सुनन ।

२।२०

यसरी प्रस्तुत काव्यमा शोक/दुःख भाव सृजनामा चिन्ता भावले सहयोग पुऱ्याएको छ अर्थात् चिन्ता भावअन्तर्गतका शून्यता, श्वास ताप जस्ता मनोविकारहरूबाट शोक भाव सृजना हुन पुगेको छ ।

### ४.३.४ स्थायी भाव एवम् साधारणीकरण

प्रस्तुत काव्यमा करुण रस सृजनाका सन्दर्भलाई हेर्दा स्थायी भावका रूपमा शोक वा दुःख रहेका छन् । हेकेटी देवीको दुःख, सृजामातालाई छोरी प्रोजर्पिना हराएर परेको शोक एवम् प्रोजर्पिनालाई आमादेखि छुट्टिएर यमलोक बस्नुपर्दाको दुःख नै यस काव्यमा करुण रस सृजनामा स्थायी भाव बनेका छन् । यसरी माथि प्रस्तुत गरिएका रससामाग्रीहरूका आधारमा प्रस्तुत काव्यमा करुण रस सृजना हुन पुगेको छ ।

प्रस्तुत खण्डकाव्यमा पाठक एवम् श्रोताले पढ्दा वा सुन्दा सर्वप्रथम उसलाई काव्यमा अभिधा व्यापारबाट अर्थबोध हुन्छ अर्थात् हेकेटी देवी, प्रोजर्पिना एवम् सृजामाताको बारेमा सामान्य जानकारी हुन्छ र पढ्दै जाँदा ऊ शून्य मनस्थितिमा पुग्छ अर्थात् मध्य अवस्थामा

पुगी यी पात्रहरूमा नै रूपान्तरित हुन पुग्छ । त्यसपछि पूर्ण रूपमा नै पाठकले आफूलाई उल्लेखित पात्रहरूमा रूपान्तरण गरी अनुभव हस्तान्तरण गर्दा स्थायी भाव सृजना हुन्छ र आनन्दको अनुभूति हुन्छ । यसरी साधारणीकरण हुँदा रसास्वादन हुन्छ अर्थात् तेरो मेरो भन्ने भावना हटी माथिका पात्रहरूमा नै आफू एकाकार बन्न पुग्दा शोक भाव सृजना भई करुण रस सृजना हुन्छ ।

## ४.४ रौद्र रस

क्रोध स्थायी भाव हुने रौद्र रसमा विरोधीहरूका अपमानजनक व्यवहार, क्रियाकलाप, बोलीवचन आदिको कारण क्रोध भाव सृजना भई रौद्र रसको सृजना हुन्छ । यस रसमा अनिष्ट काम गर्ने विरोधी शत्रु आलम्बन विभाव हुन्छ भने उसका बोलीवचन, क्रियाकलाप, व्यवहार आदि उद्दीपन विभाव हुन्छ । त्यसरी नै आँखा रातो हुन, जिउ काम्नु, नाडी सुर्कनु आदि अनुभाव एवम् गर्व, उन्माद, अमर्ष आदि व्यभिचारी भाव हुन्छ ।

सृजामाता काव्यमा रससामग्रीका आधारमा रौद्र रसको निम्नानुसार विश्लेषण गर्न सकिन्छ-

### ४.४.१ विभाव

विभाव अन्तर्गत आलम्बन विभाव र उद्दीपन विभाव रहन्छन् । यस काव्यमा रौद्र रसका सन्दर्भमा हेर्दा आलम्बन विभावको विषयालम्बनमा यम र आश्रयालम्बनमा सृजामाता रहेका छन् । यमले छोरी प्रोजर्पिनालाई अपहरण गरेकी कारण सृजामातामा यमप्रति क्रोध भाव सृजना भएकाले यम विषयालम्बनमा रहेका छन् । यसैगरी उद्दीपन विभावमा यमको व्यवहार रहेको छ । यहाँ यमको नकारात्मक व्यवहारमा छोरी प्रोजर्पिनालाई अपहरण गर्नु रहेको छ । यस काव्यको चौथो खण्डअन्तर्गतको ३७ देखि ४५ औं श्लोकहरूसम्म नै माथि उल्लेख गरिएका विभावहरू रहेका छन् तर ३८ औं श्लोकमा भने विषयालम्बनमा यमका देवदूत मर्करी र आश्रयालम्बनमा सृजामाता रहेका छन् भने उद्दीपन विभावमा मर्करीले ख्यालठट्टा गरी हाँस्नु, यम र प्रोजर्पिनाको यमलोकमा नै बस्ने शर्त सुनाउनु आदि रहेका छन् । जस्तैः-

के हाँस्छस् देवदूत मर्करी खुम्च्याइ मुखको रेखा रे,
न दे त मलाई लैजान छोरी तोड्नेछु शेखी रे ।

४।३८

त्यसैगरी यसै खण्डको ८ औं श्लोकमा विषयालम्बनमा सूर्य र आश्रयालम्बनमा सृजामाता रहेका छन् भने बाटो नदेखाइदिनु उद्दीपन विभावमा रहेको छ ।

### ४.४.२ अनुभाव

छोरी हराएर खोजीमा भौतारिएकी सृजामाता हेकेटी देवीकहाँ पुगी छोरीको बारेमा सोध्दा यमलोक पुऱ्याइएको तर यमलोकमा बाटो आफूलाई थाहा नभइ सूर्यलाई थाहा भएको कुरा हकेटी बताउँछिन् । यही आधारमा सूर्यलाई यमलोकको बाटो सोध्न पुगेकी सृजामातालाई आफूलाई बाटो बताइदिन फुर्सद नभएको भन्ने उत्तर सूर्यबाट पाउँछिन् । अतः आफूलाई यति ठूलो चोट पर्दा पनि बाटोसम्म नबताइदिने सूर्यदेखि सृजामाता आक्रोशित हुन पुग्छिन् र सूर्यलाई श्राप दिन पुग्छिन् -

आमाको आँखा भिजेको देखी नबोल्ने बचन,<br>
तिमीलाई लागोस् ज्योतिमा टारो अदृश्य गहन ।

४।८

यसरी यहाँ सूर्यदेखि रिसाएर सूर्यलाई ज्योतिमा धब्बा लागोस् भनी श्राप दिनु नै अनुभाव रहेको छ । यस काव्यको ३८ औं श्लोकमा यमराजका देवदूत मर्करीले सृजालाई यम र छोरी प्रोजर्पिनाबीच प्रेम बसिसकेको र राजा-रानीको जोडी मिलेको छ भनी सृजालाई भन्दा सृजना मर्करीदेखि आक्रोशित हुन्छिन् -

के हाँस्छस् देवदूत मर्करी खुम्चाई मुखका रेखा रे,<br>
न दे त मलाई लैजान छोरी तोड्नेछु शेखी रे ।

४।३८

यसरी यहाँ मर्करीको शेखी तोड्नेछु भनी आक्रोशित हुनु अनुभाव रहेको छ ।

३८ औं श्लोकबाहेक ३७-४५ सम्मका श्लोकहरूमा पनि सृजामाता यमराजदेखि रिसाएर अनेक तुच्छ वचनहरूसमेत बोल्न पुगेकी छिन् । रिसले उत्तेजित भएर सृजामाता पृथ्वी नै ध्वंस पारिदिने, सारा फलफूल र अन्न ध्वंस पारिदिने, हरियो पृथिवीलाई उजाड एवम् मरूभूमि बनाइदिने वचनहरू बोल्छिन् । जस्तैः-

म सारा फल फूल र अन्न ध्वंसन्छु धरामा,<br>
म दिन्छु खानपान रे मानव पशु र चरामा ।

४।४०

लौ आइज फेरि यमराज मेरो पृथ्वीमा टेक्नलाई<br>
मेरा छन् नाग लगाई दिउँला पाइला छेक्नलाई

४।४५

यसरी आक्रोशित बनेकी सृजामाता रिसले काम्नसमेत पुगेकी छिन् । अतः आक्रोशमय भावहरू रहेका यी श्लोकहरूमा मानसिक अनुभाव रहेका छन् । यसका साथै सात्त्विक भाव अन्तर्गतका वैवर्ण्य एवम् वेपथु अनुभावहरू पनि रहेका छन् । पृथ्वी ध्वंस पारिदिने, यमको सेखी तोडिदिने एवम् पृथ्वीको हराभरा नष्ट पारिदिने आदि भनी भन्नु र यमराजलाई छोरी चोर भनी गाली गर्नु जस्ता क्रियाकलापहरू पनि यहाँ अनुभावअन्तर्गत आएका छन् ।

### ४.४.३ व्यभिचारी भाव/सञ्चारी भाव

प्रस्तुत काव्यमा रौद्र रसका सम्बन्धमा विभिन्न व्यभिचारी भावहरू आएका छन्-

#### ४.४.३.१ उग्रता (दृढता, क्रुरता)

कसैले आफूमाथि गरेको गरेको नराम्रो कामबाट निःसृत असहिष्णु भाव वा उदण्ड नै उग्रता हो । प्रस्तुत काव्यमा यमराजदेखि आक्रोशित बनेकी सृजामातामा उग्रभाव देखिएको छ । उग्रभावकै कारण उनी यमलाई तुच्छ वचन समेत बोल्ने, काँप्ने, धम्क्याउने आदि गरेकी छिन् । जस्तैः

यत्तिमा आइन क्रोधले काँपी नागरथमा महतारी,
पृथ्वी नाशै पार्दिन्छु सबै फलफूल उतारी ।

४।३७

#### ४.४.३.२ शङ्का

यमको क्रुर आचरण (छोरी अपहरण गर्नु) का कारण सृजामातामा शङ्काभाव सृजना हुन पुगेको छ । यसबाट काँप्नु, विवर्ण हुनु, मुख सुक्नु, स्वर भङ्ग हुनुजस्ता मनोविकारहरू देखिन्छन् । यस काव्यमा ३७, ४३, ४४ आदि श्लोकहरूमा शङ्का भाव रहेको देखिन्छ ।

#### ४.४.३.३ अमर्ष

प्रस्तुत काव्यमा अमर्ष भाव अर्थात् असहनशील अवस्था सृजना हुन पुगेको छ । सृजामा अमर्षभावका कारण अरूको निन्दा गर्नु, धम्क्याउनुजसता भावहरू देखापरेका छन् । आफ्नो पृथ्वीमा आउन नदिने, शेखी तोडिदिने, सबै पृथ्वी ध्वंस पारिदिने जस्ता धम्क्याइहरू सृजामाताबाट आएका छन् । जस्तैः

लौ आइज फेरि यमराज मेरो पृथ्वी टेक्नलाई
मेरा छन् नाग लगाइ दिउँला पाइला छेक्नलाई ।

४।४५

यसैगरी ३७-४५ औं श्लोकहरूमा अमर्ष भाव पनि देखा परेका छन् ।

### ४.४.३.४ स्थायी भाव एवम् साधारणीकरण

प्रस्तुत काव्यमा यमदेखि आक्रोशित भएकी सृजामातामा क्रोध स्थायी भाव सृजना भएको छ र जसका कारण रौद्र रस उत्पत्ति हुन पुगेको छ ।

यसरी माथि रससामग्रीका आधारमा प्रस्तुत काव्यको चौथो खण्डअन्तर्गतका ३७-४५ औं श्लोकहरूमा क्रोध स्थायी भाव हुने रौद्र रस सृजना हुन पुगेको छ ।

सर्वप्रथम पाठक/श्रोताले प्रस्तुत काव्य पढ्दा अभिधा व्यापारबाट अर्थबोध हुन्छ । अर्थात् सृजामाता एवम् यमको बारेमा सामान्य जानकारी हुन्छ र पढ्दै जाँदा ऊ मध्ये अवस्थामा पुगी यी पात्रहरूमा नै रूपान्तरित हुन पुग्छ र पछि पूर्ण रूपमा नै पाठकले आफूलाई सृजामातामा रूपान्तरण गरी अनुभव हस्तान्तरण हुँदा स्थायी भाव सृजना हुन्छ तेरो-मेरो भन्ने भावना हटी एकाकार बन्न पुग्दा रसानुभूति भई आनन्द प्राप्त हुन्छ । यसरी साधारणीकरण हुँदा पाठक एवम् श्रोता सबैमा क्रोध स्थायी भाव हुने रौद्र रस सृजना हुन्छ ।

## ४.५ शान्त रस

सांसारिक मायामोह, भौतिक सम्पत्ति, विषयवासना आदिबाट विरक्त भएर आध्यात्मिक चिन्तनमा लीन हुँदा मानिसको मनभित्र जुन भाव पैदा हुन्छ, त्यसलाई नै शम वा निर्वेद भनिन्छ । यही शम स्थायी भावबाट नै शान्त रस सृजना हुन्छ । यसका सांसारिक माया मोहबाट वैराग्य उत्पन्न भएको व्यक्ति आलम्बन विभाव, तीर्थयात्रा, पवित्र ठाउँ, सत्सङ्ग, आध्यात्मिक चिन्तन आदि उद्दीपन विभाव रहेका हुन्छन् ।

सृजामाता काव्यमा प्रयुक्त शान्त रसलाई रससामग्रीका आधारमा निम्नानुसार देखाउन सकिन्छ -

### ४.५.१ विभाव

प्रस्तुत काव्यमा विभाव अन्तर्गतको आलम्बन विभावमा हेकेटी देवी रहेकी छिन् । संसारदेखि विरक्तिएर गुफामा बसेकी हकेटी देवी आध्यात्मिक चिन्तनमा लागेकी छिन् । उनले मायामोह त्यागेकी छिन् र सृजामातालाई पनि आफूजस्तै बन्न आग्रह गर्छिन् । अतः यहाँ हेकेटी देवी आलम्बन विभावमा रहेकी छ भने उद्दीपन विभावअन्तर्गत आध्यात्मिक चिन्तन रहेको छ । भौतिक संसारलाई दुःखको कारण मान्ने हेकेटी देवी मायामोहलाई त्यागेर आध्यात्मिक संसारमा लागेकी छिन् । अतः यहाँ आध्यात्मिक चिन्तन उद्दीपन विभावमा रहेको छ ।

### ४.५.२ अनुभाव

प्रस्तुत काव्यको दोस्रो खण्ड अन्तर्गत ३८, ३९ तथा ४३ औं श्लोकहरूसम्ममा समभाव सृजनाका अनुभावहरू देखिएका छन् । जस्तैः

संसार सारा हो परिवर्तन नर्तन नाशको,
यो चिताभित्र जलेर हाँस्ने हो मूर्ख खासको ।
२।४२

आँसु छ गहिरो, हाँसो छ केवल अँजुली समान,
संसार त्यागी यही नै बस हाँस्नलाई नमान ।
२।४०

यसरी संसारदेखि विरक्तिएकी हेकेटी देवी भौतिक संसार नाशवान रहेको र यहाँ कसैले पनि सुखसँग हाँसेर बाँच्न नसक्ने भएकाले रूनुलाई जीवनको वास्तविकता ठान्छिन् । यो भौतिक संसारमा अश्रु नै अश्रु हृदयमा लिएर क्षणिक हाँसो हाँस्नु सिवाय अरू केही नभएको, मायामोहमा भुल्दा कसैले पनि सुख नपाएकोले सृजामातालाई पनि मायामोहमा नभुली आफैसँग रोएर बस्न आग्रह गर्छिन् ।

अतः संसारलाई नाशवान छ भन्नु, भौतिक संसारमा आत्माले सुख पाउँदैन भन्नु, भौतिक संसार परिवर्तनशील रहेको र जुन एउटा चिता झैं रही चितामा जलेर कोही हाँस्न सक्दैन भनी वैराग्यपूर्ण भावहरू व्यक्त गर्नु अनुभाव अन्तर्गत रहेका छन् ।

### ४.५.३ व्यभिचारी भाव

प्रस्तुत काव्यमा शान्त रस सृजनाका सन्दर्भमा निम्नानुसारका व्यभिचारी भावहरू आएका छन् :-

**निर्वेदः** तत्त्व ज्ञानलाई हेय सम्झी आफूलाई धिक्कार्ने र वैराग्य भाव उत्पन्न भई निराश हुने भाव निर्वेद भाव हो । यसबाट चिन्ता, आँसु, विश्वास आदि मनोविकारहरू सृजना हुन्छ ।

प्रस्तुत काव्यमा दोस्रो खण्डको ३८-४४ औं श्लोकहरूमा यो भाव पाइन्छ । भौतिक संसारदेखि निराश भएकी हेकेटी देवी भौतिक संसारलाई चिताको रूपमा हेर्छिन र जहाँ कोही पनि हाँस्न नसक्ने बताउँछिन् । संसारलाई त्यागेर मात्र आत्माले सुख पाउँछ भनी भौतिक संसारलाई छोडेर उनी आध्यात्मिक बनेकी छिन्, उनी चिन्तिन देखिन्छिन् एवम् हीनताको छायाँ देखिन्छ । अतः उनमा निर्वेद भाव सृजना भएको देखिन्छ । जस्तैः

संसार सारा हो परिवर्तन नर्तन नाशको,
यो चिताभित्र जलेर हाँस्ने हो मूर्ख खासको ।
२।४२

यसैगरी जीवनदेखि चिन्तित बनेकी हेकेटी देवीमा आलस्य भाव पनि सृजना भएको छ । रुनुलाई नै सार्थक जीवन ठान्ने हेकेटीमा हाँसेर केही गर्ने इच्छा छैन ।

यसरी यी भावहरूले सम स्थायी भाव सृजना गरी शान्त रस सृजनामा सहयोग पुऱ्याएका छन् ।

### ४.५.४ स्थायी भाव र साधारणीकरण

प्रस्तुत काव्यको माथि उल्लेखित श्लोकहरूमा भौतिक संसारलाई तुच्छ ठान्ने हेकेटीमा शम वा निर्वेद स्थायी भाव सृजना भएको छ र जसका कारण शम स्थायी भाव हुने शान्त रस सृजना हुन पुगेको छ ।

यस काव्यको दोस्रो खण्डअन्तर्गतका ३८-४३ औं श्लोकहरू पाठक/दर्शकले पढ्दै वा सुन्दै जाँदा सर्वप्रथम अधिधा व्यापारबाट सामान्य अर्थबोध हुन्छ र त्यसपछि दर्शक वा पाठक शून्य मनस्थितिमा पुगी काव्यका पात्रको अस्तित्त्वमा नै परिवर्तन आउँछ अर्थात् काव्यका पात्रमा नै आफूलाई रूपान्तरण गर्न पुग्छ । उसले आनन्दानुभूति गर्दा साधारणीकरण हुन्छ । हेकेटी देवी नै आफूमा रूपान्तरण गर्दा मेरो तेरो भन्ने भावना हटी पाठक वा स्रोतामा रस निष्पत्ति हुन्छ ।

## ४.६ हास्य रस

अनौठो रूप, आकृति, बोलीचाली, भेषभूषा, क्रियाकलाप आदिबाट हास्य रसको उत्पत्ति हुन्छ । यस रसको आलम्बन विभावमा विकृत आकृति, वाणी, रूपरङ्ग, अनौठो पात्र, हाँसो लाग्ने वस्तु, उद्दीपन विभावमा हाँसो लाग्ने पात्रका हाउभाउ, बोली, चेष्टा आदि र अनुभावमा पेट मिचीमिची हाँस्नु, आँसु आउनु आदि हुन्छन् । त्यसरी नै व्यभिचारी भावमा रोमाञ्च, आँसु, दैन्य, श्रम, मद आदि भावहरू रहन्छन् ।

प्रस्तुत काव्यमा धेरै ठाउँमा हास्य रसको प्रयोग भएको छैन । यहाँ प्रयोग भएको हास्य रसलाई रससामग्रीका आधारमा निम्नानुसार चर्चा गर्न सकिन्छ -

### ४.६.१ विभाव

यहाँ विभाव अन्तर्गत आलम्बन विभावमा मर्करी रहेका छन् । उनीलाई नै आधार बनाएर हास्य रस सृजना हुने हुँदा उनी आलम्बन विभावको पनि विषयालम्बनमा पर्दछन् भने श्रोता एवम् पाठकमा रस सृजना हुने हुँदा श्रोता/पाठक आश्रयालम्बनमा पर्दछन् ।

यहाँ उद्दीपन विभावमा मर्करीको हँस्यौलो चरित्र अर्थात् उसको हँसाउने खालको वाणी/ठट्यौलीपूर्ण बोली/चरित्र रहेको छ । उनले छोरी लिन यमलोक पुगेकी सृजामातालाई ठट्यौली गर्दा त्यो ठट्यौलीपूर्ण बोलीले नै हाँसो स्थायी भाव सृजना हुने वातावरण निर्माण गरेको छ ।

### ४.६.२ अनुभाव

मर्करीको हँस्यौलीपूर्ण वाणीले श्रोता एवम् पाठक हाँस्न पुग्छ । यहाँ मर्करी आफै खिलखिल हाँस्नु, तरूनी छोरीलाई पोइदेखि छुटाएर लैजान नहुने, आलु र तामा भैं उनीहरूको जोडी सुहाएको आदि भनी ठट्यौली गर्नु अनुभाव रहेका छन् । जस्तैः

मर्करी हाँसो खिलखिल उठे, “हे बूढी आमा रे,
नगरी शर्त, नलिइ वर्त क्या आलू तामा रे ।

४।४७

### ४.६.३ व्यभिचारी भाव

हास्य रस सृजनाका सन्दर्भमा यहाँ चपलता, प्रसन्नताजस्ता भावहरू सृजना भएका छन् ।

### ४.६.४ स्थायी भाव र साधारणीकरण

यहाँ हाँसो स्थायी भाव सृजना भई हास्य रस सृजना हुन पुगेको छ ।

हास्य रसको साधारणीकरणका क्रममा सर्वप्रथम पाठक/श्रोताले अभिधा व्यापारबाट अर्थबोध गर्छ र शून्य मनस्थितिमा पुगी यहाँको पात्र मर्करीमा नै आफूलाई रूपान्तरण गर्दा स्थायी भाव सृजना भई हाँस्य रस उत्पन्न हुन्छ र आनन्दानुभूति हुन्छ ।

## ४.७ सृजामातामा रसविधान

रसहरूको उचित संयोजन वा संरचना रसविधान हो । देवकोटाद्वारा लिखित सृजमाता काव्यमा मुख्य पात्रको रूपमा रहेकी पात्र सृजामाता नै शीर्षकको रूपमा रहेको छ । यस काव्यमा मूखपात्रको रूपमा उनी नै रहेकी छिन् । पाश्चात्य सभ्यताको ग्रिसेली स्रोतको पौराणिक

आख्यानमा आधारित यस काव्यमा देवकोटाले नेपाली सन्दर्भहरू समेत मिसाएर त्यसलाई नेपालकिरण गरेका छन् ।

प्रस्तुत काव्य रसविधानका दृष्टिले उपयुक्त देखिन्छ । यसमा मुखपात्रका रूपमा सृजामातालाई लिएर रस निष्पत्ति भएको देखिन्छ । यहाँ प्रोजरपिना र यमको सन्दर्भमा शृङ्गार, सिरिजको शोध, हेकेटीको चिन्ता र विषाद तथा प्रोजरपिनाको खिन्नता, दैन्य, ग्लानी र चिन्तामा करुण रसको उत्पत्ति हुन पुगेको छ । त्यसैगरी मर्करीको चरित्राङ्कनमा हास्य, हेकेटी देवीको भौतिकतातर्फको विरोध र आध्यात्मिक चिन्तनतर्फको आकर्षण आदिमा शान्त रस उत्पन्न हुन पुगेको छ । यसरी काव्यमा विभिन्न रसहरूको सृजना हुन पुगे पनि मुख्य रूपमा यहाँ वात्सल्य रसको प्रवाह बढी रहेको छ । मुख्य पात्र सृजामाता र उनकै सेरोफेरोमा घटित घटनालाई हेर्दा यहाँ वात्सल्य रस प्रमुख रहेको देखिन्छ । कथानकको सुरुमा नै धानबाली हेर्न जान लाग्दा सृजामाताले आफ्नी छोरी प्रोजरपिनालाई गरेको मिठो चुम्बन एवम् स्पर्शबाट एवम् कथानकको अन्त्यमा पनि यमदेखि छुटाएर आफ्नी छोरीलाई पृथ्वीमा ल्याउन सफल यस काव्यमा वात्सल्य रसकै सर्वव्याप्तिका कारण मुख्य रसको रूपमा यो रस नै रहेको देखिन्छ । यस काव्यमा अङ्ग रसका रूपमा आएका अन्य रसहरूले वात्सल्य रस सृजनामा सहायक भूमिका निर्वाह गरेका छन् । अन्य रस सृजनाको मुख्य कारक तत्व सृजमाताले आफ्नै छोरी प्रोजरपिनालाई गरेको अगाध माया (वत्सल भाव) रहेको देखिन्छ । पाँच खण्डमा विभाजित प्रस्तुत काव्यमा अन्त्य (पाँचौं) खण्ड कविका निजी वैचारिक आख्यानमा आधारित रहेको छ भने अन्य चारवटा खण्डहरूमा कथानकको विस्तार भएको छ । देवकोटाले यी चारवटा खण्डहरूमा घटनाको कथावस्तुको चर्चा गर्ने क्रममा रसहरूको उत्पत्ति स्वतः भएको छ । यी माथि उल्लेखित अङ्ग एवम् अङ्गी रसले काव्य मिठास बनेको छ र यसलाई रसवादी दृष्टिकोणबाट हेर्दा महत्वपुर्ण उपलब्धीका रूपमा लिन सकिन्छ ।

## ४.८ निष्कर्ष

यसरी देवकोटाद्वारा लिखित सृजामाता खण्डकाव्यमा विभिन्न रसहरूको प्रवाह भएको देखिन्छ । पाँच खण्डमा विभाजित भए पनि यहाँ पाँचौ खण्ड आख्यानात्मक संरचनाका दृष्टिले अनपेक्षित देखिन्छ । कथावस्तु चौथो खण्डमा नै अन्त्य भए पनि यहाँ पाँचौ खण्डमा कथावस्तुका भित्री रहस्य र प्राप्त हुने उपदेशलाई पाँचौ खण्ड दिइएको छ जुन सारांश जस्तो पनि रहेको छ । अतः प्रस्तुत काव्यका पाँचौ खण्डबाहेक अन्य खण्डहरूमा प्रसङ्गअनुसार अद्‌भुत, हास्य, करुण, शृङ्गार, शान्ति, रौद्र आदि अङ्ग रसहरूको प्रयोग भएका देखिन्छन् र यी रसहरूको प्रयोगले काव्य रसिलो एवम् मिठास बन्न पुगेको छ । यसका साथै अङ्ग रसको रूपमा रहेको वात्सल्य

रसलाई पनि अझै मजबुत बनाउन सहयोग पुगेको छ । प्रस्तुत काव्यमा प्रयुक्त अङ्ग रसहरूलाई निम्नानुसार देखाउन सकिन्छ:

**तालिका नं. २**

**सृजामाता खण्डकाव्यमा प्रयुक्त अङ्ग रसहरू**

| खण्ड | आश्रयालम्बन | विषयलम्वन | उद्दीपन विभाव | अनुभाव | व्यभिचारी भाव | स्थायी भाव | रस |
|---|---|---|---|---|---|---|---|
| पहिलो | श्रोता | ड्रागन रथ | दगुर्नु, अग्निको ज्वाला निकाल्नु हावाको पथमा उड्नु | छक्क पर्नु | औत्सुक्य, चपलता | विस्मय | अद्‌भुत |
| | श्रोता | पजिउन बूढा | जलमा महल बनाउनु, झ्याउको सेजमा सुत्नु | छक्क पर्नु | औत्सुक्य | विस्मय | अद्‌भुत |
| | श्रोता/पाठक | पिना | अपहरण गर्नु | फर्कने आशा नभएकाले रून्नु कराउनु, स्वदेश | चिन्ता | शोक | करुण |
| दोस्रो | स्रोता/पाठक | हेकेटी | सुकेका गाला, सुकेका छाला, रगत नभएको, वैरागी बन्नु, खुम्चेका रेखा | दिग्दार मान्नु, निहुरिएर बस्नु | दैन्य | शोक | करुण |
| | सृजामाता | हेकेटी | आध्यात्मिक चिन्तन | संसार नाशवान छ, संसार त्याग, आत्मालाई भौतिक संसारमा सुख छैन आदि भन्नु | निर्वेद | शान्ति/राम | शान्त |
| तेस्रो | श्रोता/पाठक | पिना | पिनाको दयनीय अवस्था | खाना नखानु पहेंलो फूल झैं गल्नु, झिनाउनु | चिन्ता | शोक | करुण |
| | यम | पिना | पिनाको यौवन | नसा नसामा प्रेमको रस चल्नु, लाज लाग्नु, आँखामा डुबुल्के प्रेम आउनु, दिलले हा मेरी रानी भन्नु तरूनो बन्नु, चुम्बन गर्नु, पलङमा बसाल्नु आदि । | गर्व, धृति | रति | शृङ्गार |
| चौथो | सृजामाता | पिना | छोरीसँगको वियोग | रून्नु, चिराँक लिएर रातदिन भौतारिनु | चिन्ता | शोक | करुण |
| | सृजामाता | पिना | छोरीको माया | आमाको आँखा भिज्नु, बाटो नदेखाउनेलाई ( सूर्य) सराप्नु | | क्रोध | रौद्र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | श्रोता/पाठक | कुमार/राजकुमार | अग्निका खातमा कुमारलाई सुताउनु, अग्निमा सुती कुमार मस्त हुनु | अचम्म लाग्नु/आश्चर्य लाग्नु | औत्सुक्य | विस्मय | अद्भुत |
| | स्रोता/पाठक | पिना | ६ महिना पृथ्वी र ६ महिना यमलोक बस्नुपर्ने भन्ने यमको शर्त | रूनु, माइती जाने प्यासमा डुबी दुःखित हुनु | चिन्ता | शोक | करुण |
| | पिना | यम | केही समयको लागि यम पिनालाई पृथ्वीमा लैजानू भन्ने यमको वचन | पृथ्वी ध्वंस पार्ने, यमको सेखी तोडिदिने, पृथ्वीको हराभरा नष्ट पारिदिने आदि भनी यमराजलाई गाली गर्नु, काम्नु | उग्रता | क्रोध | रौद्र |
| | | | | पृथ्वीमा सबै हरियाली हराउनु | | | |

# पाँचौं परिच्छेद

# उपसंहार

प्रस्तुत काव्यमा रसविधान भनी गरिएको शोधको उपसंहार भागअन्तर्गत सारांश, निष्कर्ष र भावी अनुसन्धानका लागि सुझाव राखिएका छन् जुन निम्नानुसार रहेका छन् -

## ५.१ सारांश

वि.सं. २००४सालमा भारतप्रवासमा रहँदा लेखिएको 'सृजामाता' खण्डकाव्य देवकोटाको महत्वपूर्ण खण्डकाव्य हो । यसमा सृजना शक्तिकी श्रोतको रूपमा पृथ्वी मातालाई लिएर उनकै सेरोफेरोमा रहेर कथावस्तुलाई अगाडि बढाइएको छ । यो काव्य सृष्टिसम्बन्धी आध्यात्मिक रहस्यलाई काल्पनिक ढङ्गले केलाइएको ग्रिसेली पुराकथामा आधारित रही त्यसलाई नेपालीपन पनि दिइएको छ । पृथ्वीको छ महिना उब्जाउहीन हुने र ६ महिना उब्जाउ हुने वर्षचक्रसम्बन्धी रहस्यात्मक सत्यलाई यहाँ विषयवस्तु बनाइएको छ । पाँच खण्डमा विभाजित यस काव्यमा चौथो खण्डसम्म कथावस्तु विस्तार रहेको छ भने पाँचौ खण्ड कथावस्तुका दृष्टिले आवश्यक रहेको देखिँदैन । पाँचौखण्डमा उपदेश खण्ड भनी शीर्षक दिई कविको निजी वैचारिक व्याख्यान रहेको छ । यो काव्यमा जम्मा ३३७ श्लोक रहेका छन् र मझौला आकार एवम् लोकलयमा आधारित रहेको छ । यसमा मुख्य गरी सृजामाता (आमा) र प्रोजर्पिना (छोरी) बीचको वात्सल्य भाव तथा यम र प्रोजर्पिना बीचको रतिभावको चर्चा गरिएको छ ।

पूर्वीय साहित्य सिद्धान्तमा महत्वपूर्ण सिद्धान्तको रूपमा रसलाई लिइएको छ । यसको उद्भव भरतको नाट्यविधाको सन्दर्भबाट भए पनि साहित्यको जुनसुकै विधामा पनि प्रयोग भएको देखिन्छ । रसले साहित्यिक रचना विशेषबाट प्राप्त हुने आनन्दलाई बुझाउँछ । काव्य पढ्दा वा नाटक हेर्दा पाठक एवम् दर्शकका हृदयमा पर्ने स्थायी प्रभाव नै रस हो । 'विभावानुभावव्यभिचारी संयोगाद्रसनिष्पत्ति' भनी भरतले रससूत्र उल्लेख गरेका छन् । यसअनुरूप विभाव, अनुभाव र व्यभिचारीभावको संयोगबाट स्थायी भाव सृजना भई रस निष्पत्ति हुन्छ । जसरी धेरै पदार्थहरूले ( मसलाहरू) युक्त व्यञ्जन मिठो र स्वादिलो हुन्छ र भोजनकर्ताले मिठो मानेर खान्छ, त्यसैगरी रसले युक्त काव्य पढ्दा वा सुन्दा आनन्दानुभूति हुन्छ ।

'सृजामाता खण्डकाव्यमा रसविधान' शीर्षकको प्रस्तुत शोध रस सिद्धान्तलाई आधार मानी गरिएको छ । यस क्रममा विभाव, अनुभाव, व्यभिचारी भाव एवम् स्थायी भाव जस्ता रससामाग्रीका आधारमा यस काव्यमा प्रयुक्त अङ्ग एवम् अङ्गी रसलाई केलाइएको छ । पाँचवटा परिच्छेदमा विभाजित यस शोधपत्रमा पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौ परिच्छेदमा क्रमशः शोध परिचय, रस सिद्धान्तको सैद्धान्तिक परिचय, असृजामातामा प्रयुक्त अङ्गी रस, सृजामाताका प्रयुक्त

अङ्ग रसहरू तथा सारांश एवम् निष्कर्ष लेखिएको यो अन्तिम भाग पाँचौ परिच्छेदअन्तर्गत रहेको छ ।

शोधपरिचय खण्डमा विषय परिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य तथा महत्त्व, शोधविधि, सीमाङ्कन एवम् शोध प्रबन्धको रूपरेखाजस्ता उपशीर्षकहरू रहेका छन् । सृजामाता खण्डकाव्यमा प्रयुक्त अङ्ग एवम् अङ्गी रसको खोजी गर्नु नै प्रस्तुत शोधको उद्देश्य रहेको छ । यहाँ पूर्वकार्यको समीक्षाद्वारा उक्त खण्डकाव्यको सामान्यजानकारी दिने, खण्डकाव्यको आधारमा देवकोटाका खण्डकाव्यहरूको विभाजन गर्ने क्रममा सृजामाताको स्तर निर्धारण गर्ने सृजामाताको मूल पाण्डुलिपिको बारेमा चर्चा, परिचर्चा गर्नेजस्ता कामहरू भएका देखिन्छन् तथापि रस सिद्धान्तको आधारमा अध्ययन-विश्लेषण भएको पाइएको छैन । यस आधारले गर्दा सृजामातामा प्रयुक्त रसहरूको खोजी गर्नु महत्वपूर्ण कार्य भएकाले गर्दा सोही बमोजिम प्रस्तुत काव्यमा प्रयुक्त रसहरूको खोजी गरिएको हो ।

प्रस्तुत शोधकार्यको लागि विशेष गरी पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । त्यसैगरी देवकोटाद्वारा लिखित सृजामातालाई मुख्य विश्लेष्य सामग्रीका रूपमा लिइ भरतको रससूत्रका आधारमा काव्यको विश्लेषण गरिएको छ । विभाव, अनुभाव, व्यभिचारी भाव एवम् स्थायी भावको आधारमा प्रस्तुत काव्यमा रहेका अङ्गी एवम् अङ्ग रसहरूको विश्लेषण गर्नु नै प्रस्तुत शोधको मूल उद्देश्य रहेको छ र यही उद्देश्य अनुरूप यो शोधकार्य गरिएको छ ।

परिच्छेद दुई अन्तर्गत रहेको रसको सैद्धान्तिक परिचयअन्तर्गत पनि विभिन्न उपशीर्षकहरू रहेका छन् । यहाँ रसको परिचय, परिभाषा, रसको विधायक तत्वहरू, रससूत्र र यसका प्रमुख मान्यताहरू, साधारणीकरण तथा रसका प्रकारहरू र ती रससँग सम्बन्धित र रससामग्रीहरू जस्ता पक्षहरूमा आवद्ध रही चर्चा गरिएको छ । पूर्वीय साहित्य सिद्धान्तको प्रमुख सिद्धान्तको रूपमा रहेको रसलाई विभिन्न विद्वानहरूले आ-आफ्ना ढङ्गले अर्थ्याएका प्रसङ्गहरू यसै परिच्छेदमा रहेका छन् तथापि समग्रमा रसले साहित्यिक रचनाविशेषबाट प्राप्त हुने आनन्दलाई बुझाउँछ । काव्य पढ्दा वा नाटक, नृत्य हेर्दा पाठक एवम् दर्शकका हृदयमा पर्ने स्थायी प्रभाव जसलाई भावगत सौन्दर्यका रूपमा लिइन्छ, त्यो नै रस हो । यहाँ विभाव (आलम्बन र उद्दीपन) अनुभाव, व्यभिचारी भाव एवम् स्थायी भावको संयोगबाट रस निष्पत्ति हुने कुरामाथि प्रकाश पारिएको छ । जसको कारण रस निष्पत्ति हुन्छ त्यो विषयालम्बन र जसमा रस निष्पत्ति हुन्छ त्यो नै आश्रयालम्बन हुन्छ । त्यसैगरी स्थायी भावलाई उद्दीप्त पार्ने वा उकास्ने कारण उद्दीपन विभाव, विभावका माध्यमबाट उत्पन्न भएका भावहरूलाई शरीरका अङ्ग वा चेष्टाका माध्यमबाट क्रियात्मक रूपमा प्रस्तुत गर्नु अनुभावअन्तर्गत गर्दछ । रसनिष्पत्तिका क्रममा अनुभावपछि व्यभिचारी भावको निष्पत्ति हुन्छ, जुन अनुभावका आधारलाई पुष्टि गर्न क्षणमा नै आउने र क्षणमा नै हराउने खालको हुन्छ । यिनीहरूको संख्या ३३ रहेका छन् र यसको चर्चा यसै परिच्छेदमा गरिएको छ । विभाव, अनुभाव र

व्यभिचारी भावपछि स्थायी भावको सृजना भई रस निष्पत्ति हुन्छ र साधारणीकरणको माध्यमबाट पाठक/श्रोताले आनन्दानुभूति गर्दछ । प्रस्तुत परिच्छेदमा रससूत्रसम्बन्धी रहेका विभिन्न व्याख्याहरूको चर्चा गरिएको. छ । यसअन्तर्गत भट्टलोल्लटको उत्पत्तिवाद, अट्टनायकको भुक्तिवाद, श्रीशंकुकको अनुमितिवाद तथा अभिनवगुप्तको अभिव्यक्तिवाद र साधारणीकरणको सम्बन्धमा प्रकाश पारिएको छ । यसबाट हेर्दा रससूत्रसम्बन्धी पछिल्ला व्याख्याता अभिनव गुप्तको मत सर्वश्रेष्ठ रहेको देखिन्छ । उनका विचारमा रस अनुमिति र भुक्तिको विषय नभई अभिव्यक्तिको विषय हो । भावकको मनमा सुषुप्त अवसथामा स्थायी भावहरू रहेका हुन्छन् र विभावादिको साधारणीकरण भएपछि अचेतनमा रहेका सुषुप्त भावहरू जागृत भई तेरो-मेरो भन्ने भावना हटी भावको प्रतिती आनन्दमय रूपमा हुन्छ र ब्रह्मानन्द झैं रसास्वादन हुन्छ ।

रसका प्रकार उल्लेख गरी तिनीहरूसँग सम्बन्धित रससामग्री उल्लेख गर्ने क्रममा यस परिच्छेदमा नवरसमा पर्ने शृङ्गार (सम्भोग शृङ्गार र विप्रलम्भ शृङ्गार) करुण, हास्य, वीर, भयानक, बीभत्स, भयानक, अद्भुत, रौद्र, शान्त रसहरूको उदाहरणसहित विश्लेषण गरिएको छ । भरतको नाट्यशास्त्रमा उल्लेख नभए पनि पछिल्ला आचार्यहरूले भक्ति एवम् वात्सल्य रसको चर्चा गरिएको पाइन्छ र साहित्यमा यी रसहरूको प्रयोग पनि हुने गरेको छ । अतः यहाँ यी रसका रससामग्रीहरू पनि उल्लेख गरिएका छन् । यसैगरी प्रस्तुत परिच्छेदमा साधारणीकरण के हो र साधारणीकरणबाट कसरी रसास्वादन हुन्छ भन्ने कुराको पनि चर्चा गरिएको छ ।

पाँच खण्डमा विभाजित यस काव्यमा विभिन्न सन्दर्भमा विभिन्न रसहरूको प्रयोग भएको देखिए पनि मुख्य रूपमा वात्सल्य रस नै रहेको देखिन्छ । प्रोजर्पिना र यसको सन्दर्भमा शृङ्गार रस, सिरिजको शोक, हेकेटीको चिन्ता र विषाद तथा प्रोजर्पिनाको खिन्नता, दैन्य, ग्लानि र चिन्तामा करुण रस सृजना भएको देखिन्छ । त्यसैगरी छोरी अपहरण गर्ने यमप्रति सृजामाताले देखाएको उग्रतामा क्रोध स्थायी भाव हुने रौद्र रस, मर्करीको चरित्राङ्कनमा हास्य रस हेकेटी देवीको भौतिकतातर्फको विरोध र आध्यात्मिक चिन्तनतर्फको आकर्षण आदिमा शान्ति रस आदि सृजना हुन पुगेका छन् । यसरी सन्दर्भअनुसार यी विभिन्न रसहरू सृजना हुन पुगे पनि यी सबैको जड भने आमा सृजामाताको पुत्रीप्रेम/वत्सल भाव बन्न पुगेको छ भन्ने कुरालाई यस परिच्छेदमा चर्चा गरिएको छ ।

प्रोजर्पिनालाई कहीँ नजानू भनी सम्झाई, बुझाई मिठो चुम्बन गरी धानबाली हेर्न गएको प्रसङ्गदेखि अपहरित प्रोजर्पिनालाई पृथ्वीमा ल्याएको सन्दर्भ यस काव्यमा प्रस्तुत भएका छन् र यसका बीच बीचमा अन्य सन्दर्भहरू आएका देखिन्छन् । चिराँक लिएर विलौना गर्दै अनेक ठाउँमा भौतारिँदा शोक स्थायी भाव हुने करुण रसको सृजना भएको भए पनि वत्सल भावकै कारण यो भएको देखिएको छ । त्यसैगरी पुत्रीपेमकी कारण छोरी अपहरण गर्ने यमप्रति सृजामाताले

क्रोधभाव व्यक्त गरेकी छिन् । यसरी विभिन्न रसहरू सृजना भए पनि यसका कारक तत्त्व भने वत्सल भाव नै रहेको चर्चा यस परिच्छेदमा गरिएको छ ।

परिच्छेद चारमा प्रस्तुत काव्यमा प्रयुक्त अङ्ग रसहरूको चर्चा गरिएको छ । रससामग्रीमा पर्ने विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भावको आधारमा प्रसङ्ग अनुसार प्रयोग भएका रसहरूको चर्चा यहाँ गरिएको छ । नागको रथ हावाको वेगमा उड्नुमा अद्भुत रस, प्रोजर्पिना र यमको प्रसङ्गमा रति स्थायी भाव हुने शृङ्गार रस, छोरीको वियोगमा सृजामातामा भएको शोकमा करुण रस, यमप्रति सृजामाताले देखाएको उग्रतामा रौद्र रस सृजना भएका देखिन्छन् । त्यसैगरी मर्करीको चरित्राङ्कनमा हास्य, हेकेटीको आध्यात्मिक चिन्तनतर्फको झुकावमा शान्त रसहरू सृजना हुन पुगेका देखिन्छन् । प्रस्तुत परिच्छेदको यी विभिन्न रसहरूलाई रससामग्री एवम् उदाहरणका आधारमा स्पष्ट पारिएको छ । साधारणीकरण प्रक्रियाबाट श्रोता एवम् पाठकले कसरी रसानुभूति गर्दछ भन्ने कुरालाई पनि यहाँ उल्लेख गरिएको छ ।

परिच्छेद पाँचमा प्रस्तुत शोधपत्रको सारांश एवम् निष्कर्ष रहेको प्रस्तुत यही परिच्छेद रहेको छ । यसमा एक परिच्छेददेखि नै के के कार्यहरू गरियो अर्थात् के के सम्बन्धमा विश्लेषण गरियो भन्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी समग्रमा के निष्कर्ष रह्यो त भनी आफ्ना विचारहरू सहित निष्कर्ष दिने काम यस परिच्छेदअन्तर्गत गरिएको छ ।

## ५.२ निष्कर्ष

देवकोटाका खण्डकाव्यहरूमध्ये 'सृजामाता' खण्डकाव्य एक महत्वपूर्ण खण्डकाव्य हो । सृष्टिसम्बन्धी आध्यात्मिक रहस्यलाई केलाइएको ग्रिसेली पुराकथामा आधारित प्रस्तुत काव्य देवकोटाको प्रवाशकालीन समयको रचना हो । यहाँ पृथ्वीको ६ महिना उब्जाउ हुने र ६ महिना उब्जाउहीन हुने वर्षचक्रसम्बन्धी रहस्यात्मक सत्यलाई कथावस्तु बनाइएको छ । प्रस्तुत काव्य सृजना शक्तिकी श्रोतकी रूपमा सृजामाता (पृथ्वीमाता) र उनकी छोरी प्रोजर्पिना एवम् यमलाई मुख्य पात्रका रूपमा लिई रचना गरिएको छ ।

प्रस्तुत काव्यलाई रसवादी दृष्टिकोणबाट हेर्दा विभिन्न रसहरूले युक्त भएको देखिन्छ । यहाँ विभिन्न प्रसङ्गमा विभिन्न रसहरू सृजना भएका देखिन्छन् । यम र प्रोजर्पिनाका सम्बन्धमा रति स्थायी भाव हुने शृङ्गार, सृजामाताको शोक र हेकेटीको चिन्तामा शोक स्थायी भाव हुने करुण रस, सृजामाताको यमप्रतिको आक्रोश भावमा क्रोध स्थायी भाव हुने रौद्र रस सृजना भएका छन् । त्यस्तै मर्करीको चरित्राङ्कनमा हास्य रस, हेकेटीको आध्यात्मिक चिन्तनमा शान्त रसहरूको उत्पन्न हुन पुगेको छ ।

प्रस्तुत काव्यमा अङ्गी रसको चर्चा गर्ने क्रममा कसैले करुण, कसैले शृङ्गार भनी चर्चा गरिएको पाइन्छ । वास्तवमा अङ्गी रसका सम्बन्धमा जे जति रसहरूको चर्चा गरिए पनि ती रसहरूको प्रमुख कारक तत्त्व नै वत्सल भाव रहेको देखिन्छ । भरतको नाट्शास्त्रमा वात्सल्य रसको चर्चा नपाइए पनि, विश्वनाथ, भानुदत्त, रूपगोस्वामी आदि आचार्यले यसलाई छुट्टै रसको रूपमा चर्चा गरेका छन् । अतः वात्सल्य रसको सन्दर्भलाई लिएर हेर्दा यहाँ वात्सल्य रस नै अङ्गी रसका रूपमा रहेको छ । यहाँ सृजामातामा रहेको वत्सल भावकै सेरोफेरोमा अन्य भावहरू प्रवाहित भएका देखिन्छन् र मुख्य घटना नै छोरीको वियोगमा आमाको रोएको दिलदेखिको माया पोखिएको प्रस्तुत काव्यमा वात्सल्य रसले नै विजय प्राप्त गरेको छ भनी भन्न सकिन्छ ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०३१), **पूर्वीय समालोचना सिद्धान्त,** ललितपुरः साझा प्रकाशन ।

अवस्थी, महादेव (२०३१), **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,** काठमाडौंः एकता बुक्स प्रा.लि. ।

_______ (२०६५), **लक्ष्मीप्रसाद देवकोटा र सृजामाता खण्डकाव्य,** काठमाडौंः एकता बुक्स प्रा.लि.।

आचार्य, विश्वनाथ (२००७ इ.), **साहित्य दर्पण** (अनु. सत्यव्रत सिंह), वाराणसीः चौखम्बा विद्या भवन ।

उपाध्याय, केशवप्रसाद (२०६७), **पूर्वीय साहित्य सिद्धान्त,** ललितपुरः साझा प्रकाशन ।

गौतम, कृष्ण (२०५६), **देवकोटाका प्रबन्धकाव्य,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

जोशी, कुमारबहादुर (२०५४), **केही कृति र कृतिकार,** काठमाडौंः साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र ठाकुरप्रसाद पराजुली (सम्पा.) (२०३९), मैना, काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान ।

नगेन्द्र (इ. १९७४), **रससिद्धान्त,** दिल्लीः नेशनल पब्लिशिग हाउस ।

मिश्र, भगीरथ (ई. १९९०), **काव्यरस,** वाराणसीः विश्वविद्यालय प्रकाशन ।

भट्टराई, गोविन्दप्रसाद (अनु. २०३९), **भरतको नाट्यशास्त्र,** काठमाडौंः ने.रा.प्र.प्र. ।

विश्वनाथ (सन् १८७६), **साहित्यदर्पण** (चौ. स), वाराणसीः चौखम्बा विद्याभवन ।

श्रेष्ठ, ईश्वरकुमार (२०६२), **पूर्वीय एवं पाश्चात्य साहित्य समालोचनाः प्रमुख मान्यता, वाद र प्रणाली,** चौथो संस्करण, ललितपुरः साझा प्रकाशन ।

सिग्द्याल, सोमनाथ (२०२८), **साहित्य प्रदीप,** काठमाडौंः पुस्तक संसार ।